साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क १६ ✪ २९ वैशाख २०८३, मङ्गलबार ✪ 12 May 2026, Tuesday ✪ मूल्य रू. १०।-

## समाजमा न्याय स्थापनाका लागि अग्रसर भूमिका खेल्न प्रोत्साहित गर्नु जरुरी

भक्तपुर । कानुन दिवसको अवसर पारेर ख्वप कलेज अफ लले आइतबार एक विशेष समारोहबिच आन्तरिक ख्वप मुटकोर्ट प्रतियोगिता तथा 'ख्वप न्याय दबु' अङ्क ३ को विमोचन भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'ख्वप न्याय दबु' को विमोचन गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले भक्तपुरलाई एक सांस्कृतिक नगरको रूपमा स्थापित गर्न सबैले मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरको ऐतिहासिक र सांस्कृतिक पहिचान जोगाउँदै यसलाई अझ सुदृढ बनाउन स्थानीय सरकार, शैक्षिक संस्था र नागरिक सबैको साझा जिम्मेवारी रहेकोमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "जनताको स्वास्थ्य अधिकार सुनिश्चित गर्न उपभोक्ता ऐनलाई थप बलियो र प्रभावकारी बनाउनु आजको आवश्यकता हो । उपभोक्ताहरू नक्कली औषधि, मिसावटयुक्त खाद्यपदार्थ र गुणस्तरहीन सेवाबाट पीडित भइरहेको सन्दर्भमा कानुनी संरक्षण अझ कडा हुनुपर्छ ।"

कानुन पढ्नु भनेको केवल डिग्री हासिल गर्नु होइन, यो देश र जनताको सेवा गर्ने एक पवित्र दायित्व भएको चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले विद्यार्थीहरूलाई सधैँ सचेत र सजग रहन आग्रह गर्दै समाजमा न्याय स्थापनाका लागि अग्रसर भूमिका खेल्न प्रोत्साहित गर्नुभयो ।

कानुनका विद्यार्थीहरू देशको भविष्यका स्तम्भ भएकाले शिक्षा, नैतिकता र सेवाभावलाई सँगसँगै लिएर अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कानुनका विद्यार्थीहरूमा पठन संस्कृतिको विकास गर्न ख्वप कलेज अफ ल निरन्तर प्रयासरत रहेको बताउनुभयो ।

**बाँकी पृष्ठ १२ मा**

## कम्युनिस्टहरूलाई बदनाम गर्न कम्युनिस्टहरूलाई नै प्रयोग गर्नेतर्फ सचेत हुनुपर्ने




भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घले कामदारवर्गका महान् गुरू कार्ल मार्क्सको २०८ औं जन्म दिवस शनिबार मनाएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले धनी र पढेलेखेको हुँदैमा सबै असल नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "भ्रष्टाचारमा ठुल्ठुला पढेलेखेका, ठुलै जातिका मान्छेको नाम आउँछन् । देशलाई पढेलेखेकाले नै धोका दिए । पैसा भएपछि विदेश गए । भावना र विचार नहुँदा देशमा विध्वंस भयो ।"

उहाँले भन्नुभयो, "हिजो गरिब थिए, हामीसँगै थिए । हामीले सहयोग गर्‍यौं । धनी भए, अरूसित गए । ०४५ सालको राज्य दमनमा परेका नेता कार्यकर्ताले नयाँ पुस्तालाई पुराना घटनाबारे नबताएको हुनाले अरूको लहैलहैमा लागे ।"

सिरानीमुनि सर्प राखेर सुत्नु बुद्धिमानी नहुने विचार राख्दै उहाँले भन्नुभयो, "सङ्गठनलाई धान-चामल केलाएझैँ केलाउनुपर्छ ।"

कार्ल मार्क्सलाई आजको युगका महर्षि भन्नुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले कम्युनिस्टहरूलाई बदनाम गर्न कम्युनिस्टहरूलाई नै प्रयोग गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कम्युनिस्ट बनेर जनताबिच आउँछन्, छलछाम गरेर जान्छन् ।"

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले मजदुरहरूको सङ्ख्या बढिरहेको बताउनुभयो ।

वर्तमान सरकारले कामदार जनतालाई कष्टकर परिस्थितिविरूद्ध लड्न नभनी झुक्न लगाएको उहाँको तर्क थियो । मार्क्सको विचार आजको सबैभन्दा नयाँ र आधुनिक विचार हो भन्दै उहाँले कामदार जनतालाई शिक्षित र सङ्गठित हुन आग्रह गर्नुभयो ।

वर्तमान सरकारले स्वास्थ्य क्षेत्रलाई राष्ट्रियकरण नगरेको जिकिर गर्दै उहाँले सरकारले पुरानै शासक दलहरूको स्वभाव देखाएको बताउनुभयो । उहाँले दुई दिन सरकारी अस्पताल बिदा दिनु निजी स्वास्थ्य संस्थाहरूलाई पोस्नु हो भन्नुभयो ।

नेक्रामसङ्घकी अध्यक्ष अनुराधा थापामगरले अमेरिकी डलर खाएका नयाँ शासकहरूले नेपाली जनताको समस्या कहिल्यै बुझ्न नसक्ने भन्नुभयो ।

सुकुमवासी क्षेत्रमा डोजर आतङ्कबारे चर्चा गर्दै उहाँले भन्नुभयो, "अघाएको मान्छेले भोको मान्छेको पीडा बुझ्दैन ।"

उहाँले साना विद्यार्थीहरूको तातो रगत बगाएर र तातो बहस गरेर बनेको वर्तमान सरकारले अन्त्यमा निराशाबाहेक केही नदिएको बताउनुभयो ।

सरकारले शिक्षा र स्वास्थ्यमा कुनै नयाँ काम नगरेको, जनतामाथि थप विदेशी ऋणको भार बोकाएको र सरकारी उद्योगधन्दा खोल्ने सङ्केत नदेखाएको चर्चा गर्दै उहाँले भन्नुभयो, "समाजवादको विकल्प छैन ।"

**बाँकी पृष्ठ १२ मा**

## पुँजीवादी व्यवस्थामा सरकार र ऐनकानुनको कुनै स्थिरता नहुने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले जबसम्म राजनीतिक दल र नेताहरू इमानदार र देशभक्त हुँदैनन् तबसम्म देश र जनताको हित नहुने बताउनुभएको छ ।

प्रगतिशील कानुन व्यवसायीहरूको सङ्गठन कानुन अध्ययन समाज नेपालको आयोजनामा राष्ट्रिय कानुन दिवसको अवसरमा शनिबार आयोजित कानुनसेवीहरूको बृहत् भेटघाट कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै अध्यक्ष बिजुक्छेँले विगतका सरकारहरू विदेशी सरकारहरूको दबाबमा काम गर्ने गरेको र अहिलेको सरकार त झन् संरा अमेरिका र भारतसित झुकेर आएको प्रस्ट पार्नुभयो ।

उहाँले देशमा वेस्ट मिनिस्टर शैलीको संसदीय व्यवस्था भएको तर वर्तमान सरकारले चलिरहेको संसद्को अधिवेशन बन्द गरेर अध्यादेशहरू जारी गर्नु संसदीय व्यवस्थाको भावनाविपरीत छ भन्नुभयो ।

संसदीय व्यवस्थामा सदनको सबैभन्दा ठुलो दलले सरकार बनाउने, दोस्रो ठुलो दल प्रमुख प्रतिपक्षको भूमिकामा रहने तर एमालेले प्रतिपक्षको भूमिका निर्वाह नगरी सरकारमा जाँदा सरकार र सदन प्रभावकारी नभएको र विदेशी चलखेलको अवस्था बनेको बताउनुभयो ।

अमेरिकी साम्राज्यवादको विश्वव्यापी प्रभुत्व निरन्तर खिइँदै गएको र अरब देशहरूमाथि एकछत्र शोषण गर्न खोज्दा र इरानले त्यसको प्रतिकार गर्दा युद्धको स्थिति आएको हो भन्नुभयो ।

उहाँले अमेरिकी साम्राज्यवादले परमाणु बमको त्रास फैलाएर विश्व कब्जा गर्न खोजेको र त्यसैको प्रतिकारमा

**बाँकी पृष्ठ १२ मा**

## बाँकेको कोहलपुरमा कार्यकर्ता भेला

बाँके । नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूको प्रशिक्षात्मक भेला शनिबार बाँकेको कोहलपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "श्रमलाई सम्मान गर्ने सबै श्रमिक हुन् । मार्क्स-एङ्गेल्सले २७-२८ वर्षको उमेरमा वर्ग रहेसम्म वर्ग सङ्घर्ष हुने द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तको नियम प्रतिवादन गर्नुभयो ।"

उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण नगरी शोषणरहित समाजको निर्माण नहुने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "रास्वपाले आफ्नो विधानमा शोषणरहित समाज उल्लेख गरेको पञ्चायती व्यवस्थाको शोषणरहित समाजजस्तै झुठा हो । रास्वपाको निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरण लेखिएको सार्वजनिक संस्थान व्यक्तिलाई बिक्री गर्ने, विदेशी पुँजी ल्याएर नेपालीलाई शोषण गराउने र सार्वजनिक ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउने हो ।"

सचिव सुवालले भन्नुभयो, "रास्वपा सरकारले एक महिनामै ८० हजार युवालाई वैदेशिक रोजगारीमा पठायो । ६० अर्बभन्दा बढी वैदेशिक ऋण लियो । इन्धनको मूल्य बढाएर नेपाली जनताको जीवन थप कठिन पार्‍यो । यसकारण, रास्वपाको सरकार र नेका-एमाले-माओवादीको सरकारमा भिन्नता भएन । नेपाली जनता भ्रममा पर्नुहुँदैन ।"

नेपाली युवालाई घर-खेत बेचाएर वैदेशिक रोजगारीमा पठाउने अहिलेसम्मका सरकारहरू नामले फरक भए पनि कामले उही भएको सचिव सुवालले स्पष्ट पार्नुभयो ।

शेरबहादुर विकको सभापतित्वमा भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाई, नवीन शाही, नारायणी चौधरीलगायतले बोल्नुभएको थियो ।

## अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध नगर्ने सरकार जुनसुकै पार्टीको भए पनि देशभक्त नहुने




जुम्ला । १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी जुम्ला जिल्ला समितिले बुधबार जुम्लाको खलङ्गामा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गर्‍यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "एमालेबाट प्रधानमन्त्री भएका केपी ओलीले भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनी रोक्न सकेनन् र भदौ २४ गते सेनाको दबाबमा पदबाट राजीनामा दिएर जनतालाई जानकारी नदिई भूमिगत भए । राष्ट्रपति रामचन्द्र पौडेलले पनि भदौ २३ र २४ गतेको घटना हुन नदिनेतर्फ संविधान पालन गर्न सकेनन् र प्रम ओलीको राजीनामा स्वीकृत गरी जनतालाई जानकारी नदिई भूमिगत भए ।"

"नेपाल प्रहरीका अधिकारीहरूले छानबिन आयोगसँगको बयानमा भदौ २३ र २४ गतेको घटना रोक्न सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनाबाट सहयोग नपाएको बताएको संवेदनशील विषय हो । भदौ २३ र २४ गतेको घटनामा संलग्न दोषीहरूबारे उल्लेख भएको राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सरकारी दबाबको कारण सार्वजनिक हुन नसकेको समाचार प्रकाशित भइरहेको छ" सचिव सुवालले औंल्याउनुभयो ।

उहाँले पैंतीस वर्षयता सरकारमा गएका दल र प्रम एवम् मन्त्रीहरूले जनताको समस्या समयमा समाधान गर्न नसकेको हुँदा उपद्रव गर्नेहरूलाई मौका मिलेको र देशमा अहिलेको सङ्कट उत्पन्न भएको स्पष्ट पार्नुभयो ।

उहाँले थप्नुभयो, "जनतालाई राजनीतिक रूपले शिक्षित, सचेत र सङ्गठित नगरी अघि बढाइएको भारतको नक्सालवादी आन्दोलन, नेपालको झापा विद्रोह

**बाँकी पृष्ठ १२ मा**



उदाउँदो पुस्तालाई तालिम गर्नु र शिक्षा दिनु सधैँ नै समाजको सर्वप्रमुख उद्देश्य हुनुपर्छ, अरु सबै उद्देश्य त्यसको मातहत हुनुपर्छ ।

-सर रोवर्ट ओवेन

## सम्पादकीय

# देशको वर्तमान अवस्था सत्ता मोहको कारण

नेपालको वर्तमान संविधान पनि भारतको संविधानजस्तै बेलायती संसदीय प्रणाली (वेस्ट मिनिस्टर सिस्टम) कै सिलसिला हो । गणतान्त्रिक भारतको संविधानमा राष्ट्रपतिको बन्दोबस्त बेलायती राजतन्त्रात्मक बन्दोबस्तकै छाया हो । भारत दुई सय वर्षसम्म बेलायतको उपनिवेश रह्यो भने नेपाल सुगौली सन्धि (सन् १८१६) पछि बेलायतकै अर्ध-उपनिवेशको रूपमा रह्यो । अर्धउपनिवेशको अर्थ हो - शासकहरू त्यही देशका हुन्छन् तर तिनीहरूलाई चलाउनेहरू उपनिवेशवादीहरू नै हुन्छन् । भारतले स्वतन्त्रता पाएपछि पनि नेपाल विसं २००७ सालसम्म सांस्कृतिक र आर्थिकरूपले भारत र बेलायतको त्रिदेशीय सम्झौताले बाँधिएको थियो । त्रिपक्षीय वा त्रिदलीय सम्झौतामा नेपाली गोर्खाली युवाहरू बेलायतको र भारतीय सेनामा पठाउने उल्लेख छ । यसकारण, सुगौली सन्धिपछि 'स्वतन्त्र' भनिए पनि २००७ सालपछिसम्म नेपालमा स्वतन्त्र भारत र बेलायतको छायाको निरन्तरता रह्यो ।

नेपालको संसदीय प्रणालीअनुसार संसद्मा पहिलो हुने दलले सरकार चलाउने र दोस्रो हुने दल प्रतिपक्षको भूमिकामा रहने हो । प्रमुख प्रतिपक्ष सदा 'अब आउने सरकार' को रूपमा रहन्छ । यसको अर्थ हो - पहिलो, शासक दलको फुटको कारण र (दोस्रो), प्रतिपक्षी दल प्रतिद्वन्द्वी हुनाले निर्वाचनमा पछि आउने सरकारको रूपमा लिइन्छ ।

नेपालको नयाँ संविधानमा बारम्बार सरकारमा गइरहने राजनैतिक दलहरूले सम्भावित नयाँ निर्वाचनलाई टार्न र संयुक्त सरकारहरू बनाइराख्न चालू सरकारको प्रधानमन्त्रीले संसद् भङ्ग गरी नयाँ निर्वाचनको घोषणा गर्ने अधिकारलाई सर्वोच्च अदालतमा धर्ना दिएर विघटित संसद्लाई पुन: चालू गर्ने प्रतिक्रिया पूर्णरूपले असंवैधानिक र प्रजातन्त्रविरोधी थियो । यसकारण, अदालतद्वारा पुन: स्थापित संसद्मा तत्कालीन संसद्ले नेपालको संसदीय बन्दोबस्तलाई हिजोको जस्तो वेस्ट मिनिस्टर सिस्टमको जस्तो भएन र विभिन्न पार्टीहरूको समेत सरकारमा सहभागी हुने देशको जस्तो हो भनी घोषणा गर्नुपर्नेबारे आवाज उठेको हो । तर, सबै शासक दलहरूले राजनैतिक नैतिकतालाई तिलाञ्जली दिएको हुँदा आजको सरकारलाई 'न प्रजातान्त्रिक न सैनिकतन्त्र' को स्थितिमा पुऱ्यायो ।

हालै धनगढीको एक बैठकमा नेपाली काङ्ग्रेसको सभापतिले 'काङ्ग्रेस-एमाले सहकार्य तत्काल' नटुट्ने घोषणा गरे । यसले थाहा हुन्छ, हिजो जसरी संसद्मा सबभन्दा ठुलो दल नेपाली काङ्ग्रेस हुँदाहुँदै दोस्रो दलको नेतालाई प्रधानमन्त्री बनाई अन्य दलहरू मिलाएर सरकार बनाइयो; जो चलिआएको संसदीय व्यवस्थासँग मेल खाँदैन । संसारमा कम्युनिस्ट - मध्यमपन्थी-दक्षिणपन्थीको संयुक्त सरकार कहिले पनि भएन । अपवादको रूपमा इन्डोनेसियामा सुकार्नो राष्ट्रपति हुँदा बनेको त्रिपक्षीय सरकारसमेत टिकेन; ठुलो जनधनको क्षति नभई आजको सरकार आएको थिएन । यदि व्यवहारले गैरकम्युनिस्ट एमालेले आफूलाई नेपाली काङ्ग्रेसले जस्तै कुनै 'प्रजातान्त्रिक' शब्द झुन्ड्याएको भए देशले यो दुर्दशा भोग्नुपर्ने थिएन । निर्वाचनमा जनताको मत लिनमात्रै 'कम्युनिस्ट' शब्दको प्रयोगको सोखले देश आज साँच्चै अन्योलको स्थितिमा पुग्यो ।

भन्ने चलन छ - 'राजासँग ख्याल ठट्टा गर्नु हुन्न' अर्थात् राजनीतिसँग ख्याल-ठट्टा गर्नु हुन्न । एमालेले जनतालाई झूट बोलेर पुँजीपतिवर्गकै सेवा गर्नाले आज न पुँजीपतिवर्गले उसलाई आफ्नो मान्यो न तल्लो वर्गका जनताले । 'ब्वाँसो आयो ब्वाँसो आयो' भनी झूट बोल्ने गोठालो केटोको दुर्दशामा आज एमालेले देशलाई पुऱ्यायो ।

मानिसमा घमण्ड र हीनताबोधजस्ता परस्परविरोधी गुण दुवै हुन्छ । त्यही गुण वा अवगुण मानिसले बनाएको सङ्गठन वा राजनैतिक दलमा पनि प्रभावित हुन्छ । एमाले नेतृत्वको त्यो 'घमण्ड' आखिर तल्लो सङ्गठन र कार्यकर्तामा परेकै हुनाले प्रतिपक्षको भूमिका खेल्नुपर्ने दलले सरकारको भूमिका खेलेर देखाएको घमण्डले देशलाई धुजाधुजा हुने स्थितिमा पुऱ्यायो । यो कुरा एमाले नेतृत्व वा कार्यकर्ताले नबुझ्दा नेपाललाई आफ्नो मुट्ठीमा पार्न ढुकिरहेका परचक्री शक्तिहरूले अवसर पाउनु कुन आश्चर्यको विषय हो ? सबै नेपालीले गम्भीर भएर सोच्नु राम्रो होला !

# स्वच्छ निर्वाचन : कानुनमा उल्लेखअनुसार भएको छैन

✍ प्रज्ज्वल

निर्वाचन आयोगले निर्वाचन व्यवस्थापन ऐन, २०८० विधेयकबारे २०८३ वैशाख २९ गते निर्वाचन आयोगको सभाकक्षमा दलहरूसँग छलफल गर्दै छ । यो विधेयक अघिल्ला शासक दलको मस्यौदा हो ।

यो विधेयकको प्रस्तावनामा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, सहभागितामूलक बनाउने उल्लेख छ । निर्दलीय पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था पुन:स्थापनाको ३५ वर्षयता भएका निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय नभएका उदाहरण धेरै छन् ।

पञ्चायती प्रधानमन्त्री सूर्यबहादुर थापाको पालामा सम्पन्न २०३७ सालको बहुदल र सुधारिएको पञ्चायती व्यवस्थाबिच भएको जनमतसङ्ग्रहमा पञ्चायतलाई जिताउन पञ्च नेता नवराज सुवेदीले आफ्नो पुस्तक 'इतिहासको एक कालखण्ड' मा एक मारवाडीसँग नागरिकता दिने, सर्पको छाला निर्यात गराउने र काठमाडौँमा खाद्यान्नको उद्योग खोल्न दिने सहमतिसहित करोडौँ रुपैयाँ लिएको उल्लेख गरेका छन् ।

एमालेका प्रम मनमोहन अधिकारीविरुद्ध २०५१/५२ सालमा संसद्मा पेस भएको अविश्वासको प्रस्ताव असफल गराउन एमाले नेताहरूले नेकाका सांसदहरूलाई खरिद गर्न २ करोड रुपैयाँ पठाएको एक पत्रकारले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

नेकाको माधिवेशनमा सुशील कोइरालालाई जिताउन राष्ट्रपति रामवरण यादवले भारतका राष्ट्रपति प्रणव मुखर्जीलाई फोन गरी पैसा मागेको पत्रकार देवप्रकाश त्रिपाठीले आफ्नो पुस्तक 'तुषाणल' मा उल्लेख गरेका छन् ।

तत्कालीन माओवादीका पुष्पकमल दाहाल र बाबुराम भट्टराईले आफूहरूलाई १० वर्षको सशस्त्र द्वन्द्व र शान्ति प्रक्रिया हुँदै चुनाव र सरकारसम्म पुग्न भारतीय सरकार र नेताहरूको सहयोग प्राप्त भएको बताएको समाचार नेपाली सञ्चारमाध्यममा प्रकाशन भएको थियो ।

### फागुन २१ को निर्वाचनमा स्वच्छतामाथि प्रश्न

३५ वर्षयता नेका, एमाले, माओवादी नेतृत्वमा पालैपालो सरकारहरू गठन भए । यस्ता सरकारमा राप्रपा र पछिल्लो समय रास्वपासमेत उपप्रधानमन्त्री बने । पछिल्लो पटक नेकाको समर्थनमा बनेको एमालेका केपी ओली सरकारले निजामती कर्मचारीसमेत सुरक्षा निकायका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग (गुप्तचर) को विश्वास प्राप्त गर्न सकेन । २०८२ भदौ २३ र २४ गतेको जेनजीको शान्तिपूर्ण प्रदर्शनमा आईआरआई, एनईडी, बारबरा फाउन्डेसन, अमेरिकी युवा परिषद्, अमेरिकी चेम्बर अफ कमर्स, तिब्बती शुद्ध रगत (TOB), तिब्बतीको लागि विद्यार्थी आदि अमेरिकी डलरबाट सञ्चालित संस्थाहरू आबद्ध व्यक्तिहरूको घुसपैठ भएको तत्कालीन सरकारले अनुमान गर्न नसकेको सार्वजनिक भयो ।

निर्वाचन सरकारले २०८२ असोज ५ गते गठन गरेको छानविन आयोगमा नेपाल प्रहरीका अधिकारीहरूको बयान अनुसार भदौ २३ र २४ गते घुसपैठ भएकाहरूले भाला, रड, झम्पल, खुकुरी, गुलेली, घन, बेल्चा, पेट्रोल बमसहित ढुङ्गामुढा र आगजनी गरेका थिए । लागूपदार्थ र मादक पदार्थ सेवन गरेका, लुटेरा, आपराधिक पृष्ठभूमिका, जेल बसेर निस्केका, मनोरोगी, प्रहरीको भगौडा, गुण्डाहरू ४० वर्षमाथिकाले 'राजा आऊ देश बचाऊ' नारा लगाई देशभरि आगजनी गरेका थिए । त्यतिबेला नेपाली सेना र सशस्त्रबाट नेपाल प्रहरीलाई सहयोग भएन ।

यही पृष्ठभूमिमा भएको २०८२ फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनबारे वरिष्ठ पत्रकार अनिल गिरीले प्रधानसेनापतिले एकलाख नेपाली सेनामध्ये असी हजार परिचालन गरी रास्वपालाई दुईतिहाइको नजिक जिताउने र बालेनलाई प्रम बनाएको तर सिंहदरबार आगजनी नरोकेको बताए । यसकारण, यो विधेयकको प्रस्तावनामा स्वच्छ, निष्पक्ष, विश्वसनीय निर्वाचन उल्लेख गरिए पनि जनता विश्वस्त हुने अवस्था छैन ।

### निर्वाचन आयोगको अनुगमन खोइ ?

गैरआवासीय नेपाली सङ्घले वैदेशिक रोजगारीमा गएका र अध्ययनमा गएकाहरूलाई रास्वपाको चुनाव चिह्न घण्टीमा मत नहाले काम नपाइने, घर पैसा पठाउन नसक्ने, घरसमेत नफर्कनेलगायत विषय राखी घरघरमा फोन गराएको र दबाब दिएको पनि सार्वजनिक भइरहेको छ । कतिपय मतदान केन्द्र र मतगणना स्थलमा उम्मेदवार र उम्मेदवारका प्रतिनिधि एवम् नेपाली सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई प्रवेश निषेध गराइयो तर विदेशी सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई बेरोकटोक प्रवेश गराइयो । यसले निर्वाचन सरकारको संयन्त्र चुनावमा विदेशीले भनेअनुसार लागेको पुष्टि हुन्छ ।

मौन अवधिमा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरू बीबीसी, सीएनएन, राइटर्स, डी. डब्लु., न्युयोर्क टाइम्स, भारतीय सञ्चारमाध्यमलगायतले भदौ २३ र २४ गतेको आन्दोलनलाई रास्वपाको पक्षमा हुने गरी डकुमेन्ट्री बनाएर प्रचार गरे अर्थात् प्रविधिमैत्रीको नाममा नयाँ पुस्तामा डिजिटल आतङ्क फैलाए । कतिपय मतदान केन्द्रमा रास्वपाका प्रतिनिधिसमेत थिएनन् । निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षा निकायसमेत रास्वपाको प्रतिनिधिको भूमिकामा देखिएको सार्वजनिक भयो । यसकारण, फागुन २१ गतेको चुनावको प्रायोजित मतपरिणाम रास्वपाको पक्षमा देखियो । आयोगले यसको अनुगमन किन गरेन ?

नेका, एमाले, माओवादी, राप्रपा र रास्वपासमेत सहभागी अघिल्ला सरकारहरूले देश र जनताको समस्या समाधान गर्न सकेनन् । भदौ २३ को हत्या र भदौ २४ गतेको देशभरि आगजनीलगायत उपद्रवबारे तत्कालीन नेका र एमालेको ओली सरकारले पूर्वानुमानसमेत गर्न सकेन ।

आयोगले मस्यौदा गरेको विधेयकमा सोह्र वर्ष उमेर भएका नेपाली नागरिकको नाम मतदाता नामावलीको लागि सङ्कलन हुने तर मतदानको अघिल्लो दिनसम्म अठार वर्ष पुगेकाले मात्र मतदान गर्न पाउने प्रावधान यथावत राखिएको छ । सोह्र वर्ष पुगेका नागरिकलाई मतदानको अधिकारी हुनु आवश्यक छ, किनभने सोह्र वर्षकाले रोजगारी पाउने नेपालको कानुनी व्यवस्था हो । मतदाता स्थानीय पालिकामा स्थायी बसोबास गरेको हुनुपर्नेमा अघिल्ला सरकारहरूले भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको नाममा ७३ लाख जनसङ्ख्याभित्रका लाखौँलाई देशभरिबाट मतदाता नामावली दोहोरिने गरी समावेश किन गराइयो ? यसका दोषीहरूलाई आयोगबाट कारबाही किन भएन ?

निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीहरू तटस्थ हुनुपर्ने हुँदा उनीहरूलाई अस्थायी मतदाताको नाममा समानुपातिक निर्वाचनमा मत हाल्न दिनु स्वच्छ चुनाव हुनेछैन ।

विधेयकमा राष्ट्रपति, उपराष्ट्रपतिको पदावधि सकिने तीन दिनअघि, प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभाको सदस्य पदावधि सकिने महिना दिनअघि स्थानीय तहका प्रमुख उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पदावधि समाप्त पन्ध्र दिनअघि निर्वाचन हुने व्यवस्था गरिएको छ । प्रतिनिधिसभा र प्रदेशसभा विघटन भएमा तोकिएको मितिमा निर्वाचन हुने उल्लेख छ ।

### विदेशबाट मतदान विदेशीसँगै हस्तक्षेप बढ्ने

विधेयकमा निर्वाचन हुने नब्बे दिन अघिदेखि अन्तिम परिणाम नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिने उल्लेख छ । निर्वाचन प्रचारप्रसारको लागि राष्ट्रपति वा उपराष्ट्रपति, राष्ट्रियसभा सदस्यको चुनावमा सात दिन, प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, स्थानीय तहको सदस्य चुनावमा पन्ध्र दिन राखिएको छ । प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन क्षेत्र ठुलो हुने हुँदा यसको लागि तीस दिन प्रचारको समयावधि राख्नु उपयुक्त हुनेछ ।

उम्मेदवारको अयोग्यतामा भ्रष्टाचार मुद्दामा सुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधीन रहेको, मानव बेचबिखन, जबरजस्ती करणीलगायत नैतिक पतनको फौजदारी कसुरमा सजाय पाएको, कुनै कसुरमा बीस वर्ष वा सोभन्दा बढी सजाय पाएका, जातीय छुवाछुत, बोक्साबोक्सी, बहुविवाहमा बीस वर्षभन्दा बढी सजाय भुक्तान गरेको मितिले ६ वर्ष पूरा नभएको उल्लेख छ ।

यसमा अदालतको फैसलाअनुसार फौजदारी मुद्दामा कसुर ठहरिएका उम्मेदवार हुन अयोग्य हुने प्रावधान जरुरी छ । उम्मेदवारको नाममा वा पार्टीको नाममा बैङ्क खाता र निर्वाचन खर्च सञ्चालन गर्न सकिने प्रावधान जरुरी छ । उम्मेदवारले चन्दा उठाउनेभन्दा पार्टीको रसिदमा चन्दा उठाउने व्यवस्था उपयुक्त हुनेछ ।

उम्मेदवारी धरौटी राष्ट्रपति वा उपराष्ट्रपतिको लागि पचास हजार, राष्ट्रियसभा सदस्यको लागि चालीस हजार, प्रतिनिधिसभा सदस्य प्रत्येक्ष उम्मेदवारलाई चालीस हजार र समानुपातिक प्रणालीमा दुई लाख, प्रदेशसभा सदस्य प्रत्यक्षतर्फ तीस हजार, समानुपातिकमा दुई लाख, स्थानीय तहको वडासदस्य एक हजार, वडा अध्यक्ष दशहजार, अध्यक्ष पन्ध्र हजार, उपाध्यक्ष बाह्र हजार, प्रमुख पच्चीस हजार, उपप्रमुख बीस हजार, महानपा वा उपमहानपाका प्रमुख चालीस हजार, महानपा वा उपमहानपाका उपप्रमुख पच्चीस हजार, महिला, दलित, अपाङ्गता भएका व्यक्तिलाई पचास प्रतिशत छुट हुने विधेयकमा व्यवस्था छ ।

राष्ट्रपति र उपराष्ट्रपति उम्मेदवारको लागि प्रस्तावक र समर्थक ३-३ जना र अन्य पदको लागि १-१ जना प्रस्तावक समर्थक हुनुपर्ने विधेयकमा प्रावधान राखिएको छ ।

महिला उम्मेदवार प्रतिनिधिसभा, प्रदेशसभा, वडाध्यक्ष पदमा ३३ प्रतिशत हुनुपर्ने प्रावधान विधेयकमा राखिएको छ भने स्थानीय तहको प्रमुख वा उपप्रमुखमध्ये एक हुने प्रावधान छ ।

उम्मेदवारको आफू र आफ्नो परिवारको सम्पत्ति विवरण पेस गर्नुपर्ने र सो विवरण गोप्य हुने उल्लेख छ । यसमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था उपयुक्त हुनेछ ।


विधेयकमा निर्दलीय पञ्चायती व्यवस्थाउन्मुख प्रावधान समानुपातिकतर्फ निर्वाचित हुन प्रतिनिधिसभामा सदर मतको तीन प्रतिशत र प्रदेशसभामा एक दशमलव पाँच प्रतिशत मत प्राप्त गर्नुपर्ने व्यवस्था राखिएको छ । समानुपातिकमा प्रतिनिधित्व गराउन नसकिएमा धरौटी जफत हुने प्रावधान छ । दलमाथि प्रतिबन्ध जस्तैको मतसीमा हटाउनु जरुरी छ ।

विधेयकमा विदेशमा रहेका मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गरिएको हुँदा स्वच्छ निर्वाचन नहुने र अन्तत: देशमा विदेशी हस्तक्षेप बढ्ने छ । नेपालीलाई देशभित्र रोजगारीको व्यवस्था भएमा विदेशमा रहेका नेपालीलाई मतदान गराउने व्यवस्था जरुरी हुने छैन ।

विधेयकमा कुनै पनि उम्मेदवारलाई मत नदिने प्रावधान मतपत्रमा राखिने र यस्तो मत पचास प्रतिशत बढी भएमा निर्वाचन रद्द हुने र पुन: निर्वाचन हुने प्रावधान राखिएको छ । यो विधेयक ऐन बनेमा निर्वाचनसम्बन्धी ७ ओटा विधेयक खारेज हुने र निर्वाचन ऐनका केही दफा खारेज हुनेछ ।

*२०८३ वैशाख २८ गते*

# काठमाडौँ उपत्यकामा लागूपदार्थको कारोबार बढ्दै !




शुक्र

२०७६ सालमा गृह मन्त्रालयले गरेको सर्वेक्षणमा मुलुकभर एक लाख ३० हजार ४२४ जना लागूपदार्थ दुर्व्यसनी थिए । प्रत्येक वर्ष ५.०६ प्रतिशतले दुर्व्यसनी बढेको उक्त सर्वेक्षणले देखाएको थियो । २०८२ सालसम्म मुलुकभर एक लाख ७५ हजार ३८१ जना दुर्व्यसनी बढे । तथ्याङ्कले बाग्मती प्रदेशमा २०७६ सालमा ४६ हजार ४८० दुर्व्यसनी रहेकोमा २०८२ सालमा बढेर ६२ हजार ४९६ पुग्यो । मुलुकभर रहेका कुल दुर्व्यसनीमध्ये बाग्मती प्रदेशमा ३५.६३ प्रतिशत रहेको छ । बाग्मती प्रदेशभित्र रहेकामध्ये झन्डै ८० प्रतिशत दुर्व्यसनी काठमाडौँ उपत्यकाभित्र रहेको लागूऔषध नियन्त्रण ब्युरोको अनुमान छ । यो तथ्याङ्कअनुसार काठमाडौँ उपत्यकामा ४९ हजार ९९६ दुर्व्यसनी हुनुपर्दछ ।

गत वर्ष देशभरबाट प्रहरीले २७ लाख ९५ हजार ८९९ एम्पुल/ट्याब्लेट/क्याप्सुल लागुपदार्थ बरामद गरेको थियो । जसमध्ये १२ लाख ५८ हजार २८ क्याप्सुल काठमाडौँ उपत्यकाभित्रै बरामद भएको थियो । यो कुल परिमाणको ४४.९९ प्रतिशत हो । यो तथ्याङ्कले काठमाडौँ उपत्यकाभित्र लागूपदार्थको कारोबार निरन्तर बढिरहेको देखाउँछ । गत आर्थिक वर्षमा देशभरबाट सात हजार ८९० लागूपदार्थ कारोबारी पक्राउ परे । उनीहरूविरुद्ध पाँच हजार ६१ मुद्दा दर्ता भए । जसमध्ये उपत्यकाभित्र मात्रै एक हजार २५८ कारोबारी पक्राउ परेका थिए भने ७३९ मुद्दा दर्ता भएको थियो ।

नेपालमा सीमावर्ती भारतीय बजारबाट लागूपदार्थ तस्करी बढिरहेको छ । भारतीय बजारबाट ब्राउनसुगर, स्पास्मो, नाइट्रोसन, टिडिजेसिक फेनारगन, फेन्साडिल, डाइजेपाम, नुफिन, लुपिजेसिकजस्ता लागुपदार्थ सस्तो मूल्यमा नेपाल भित्रिरहेको छ । तस्करहरूले यी पदार्थ सीमा सहायक नाका तथा खुला स्थानबाट नेपाली बजारमा पुऱ्याउँछन् । सम्बन्धित निकायको ध्यान जाओस् ।

# अध्यादेश जारी : संसद्को औचित्यतामाथि प्रश्न

✍ विवेक

*संसद् छलेर अध्यादेशले देश चलाउनु प्रजातन्त्र होइन। अध्यादेशले देश चलाउने हो भने संसद्को कुनै औचित्य रहन्न। अध्यादेशलाई स्थायी कानुन बनाउन प्रतिस्थापन विधेयक प्रस्तुत गर्नुपर्नेछ। संसद् अधिवेशन ढिलो बोलाएर अध्यादेश जारी गर्नाले सांसदहरू बोल्ने हकबाट बञ्चित भएका छन्। संसद् भनेको देशभरका जनताको समस्याबारे सरकारको ध्यानाकर्षण गर्ने सर्वोच्च थलो हो। संसद्भित्र हरेक सांसदलाई पूर्ण वाक् स्वतन्त्रता हुन्छ। आफ्नै पार्टीको सरकारको आलोचना गर्ने, जनताका समस्याको ध्यानाकर्षण गर्ने र सरकार गलत बाटोमा जान खोजेमा आलोचना गरेर सही ठाउँमा ल्याउने प्रयत्न गर्ने ठाउँ हो संसद्।*

प्रतिनिधिसभामा झण्डै दुईतिहाइ बहुमत प्राप्त रास्वपा सरकारले बोलाइसकेको संसद् अधिवेशन स्थगित गरेर धमाधम अध्यादेश जारी गऱ्यो। यसबारे बौद्धिक जगतबिच चर्चा चलिरहेको छ। अध्यादेश प्रतिनिधिसभा र राष्ट्रियसभा नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जारी गर्ने व्यवस्था हो। कानुन निर्माणको प्रक्रिया पूरा गरुञ्जेलसम्ममा देश र जनताको लागि ठुलै नोक्सान हुने सम्भावना भएमा वा कानुन अभावको कारण कुनै घटनाको निकास दिन समस्या देखिएमा अध्यादेशमार्फत निकास दिन सकिने संवैधानिक व्यवस्था हो।

अध्यादेश एक प्रकारको अस्थायी कानुन हो। त्यसको आयु संसद् सुरु भएको ६० दिनसम्म मात्र हुन्छ। त्यसपछि स्वत: निष्क्रिय हुने संवैधानिक व्यवस्था छ। यस्तो अवस्थामा झण्डै दुईतिहाइ संसद् सदस्य रहेको रास्वपाले किन अध्यादेशको बाटो रोज्यो ? सबैको चासोको विषय यही हो।

संसद् छलेर अध्यादेशले देश चलाउनु प्रजातन्त्र होइन। अध्यादेशले देश चलाउने हो भने संसद्को कुनै औचित्य रहन्न। अध्यादेशलाई स्थायी कानुन बनाउन प्रतिस्थापन विधेयक प्रस्तुत गर्नुपर्नेछ। संसद् अधिवेशन ढिलो बोलाएर अध्यादेश जारी गर्नाले सांसदहरू बोल्ने हकबाट बञ्चित भएका छन्। संसद् भनेको देशभरका जनताको समस्याबारे सरकारको ध्यानाकर्षण गर्ने सर्वोच्च थलो हो। संसद्भित्र हरेक सांसदलाई पूर्ण वाक् स्वतन्त्रता हुन्छ। आफ्नै पार्टीको सरकारको आलोचना गर्ने, जनताका समस्याको ध्यानाकर्षण गर्ने र सरकार गलत बाटोमा जान खोजेमा आलोचना गरेर सही ठाउँमा ल्याउने प्रयत्न गर्ने ठाउँ हो संसद्।

सरकार प्रतिनिधिसभाबाट गठन हुने हुँदा प्रधानमन्त्री र सबै मन्त्रीहरू प्रतिनिधिसभाप्रति उत्तरदायी हुन्छन्। वर्तमान सरकारको व्यवहार देख्दा अहिलेको संसद् भनेको एक प्रकारको बुँख्याचा मात्र हुने सङ्केत देखिँदै छ। यसले संसदीय मूल्य र मान्यतालाई कमजोर मात्र बनाउँदैन निरङ्कुशताको जन्म हुने खतरा पनि बढ्छ। के आजका २१ औँ शताब्दीका जनता कुनै पनि नाउँको निरङ्कुशता स्वीकार गर्न तयार होलान् ?

कानुन निर्माण सबैको चासोको विषय हो। जनतासँग सरोकार राख्ने भएको हुँदा कानुन निर्माणमा जनसहभागिता अत्यन्त महत्त्वपूर्ण हुन्छ। जनताको आवाज जनताले चुनेर पठाएका प्रतिनिधिहरूमार्फत संसद्मा पुग्छ। संसद्लाई जनप्रतिनिधि सभा भन्नुको अर्थ यही हो।

सरकारले हालै अध्यादेशमार्फत संवैधानिक परिषद् ऐनलाई संशोधन गऱ्यो। पहिले ६ जना सदस्यमध्ये ५ जनालाई गणपूरक सङ्ख्या मानिआएकोमा अध्यादेशमार्फत ४ जनालाई गणपूरक सङ्ख्या बनाइएको छ। बहुमतको निर्णय अब ५ जना सदस्यमध्ये ३ जना पनि हुन सक्ने भयो। ६ जना सदस्यको बहुमत ४ जना हुनुपर्ने भए तापनि अब त्यो एउटा आदर्श मात्रै हुनेछ।

भर्खर जारी भएको अध्यादेशकै आधारमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशमा चौथो वरियताक्रमका डा. मनोजकुमार शर्मालाई सिफारिस गरियो। त्यो बहुमतको निर्णय थियो। अहिले त्यसलाई क्रमभङ्गको रूपमा व्याख्या गरिएको छ। कुनै पनि क्षेत्रमा क्रमभङ्ग गर्नै नहुने भने होइन, त्यसको औचित्य पुष्टि हुनुपर्छ र त्यो विधिसम्मत हुनुपर्छ। पहिलो, दोस्रो र तेस्रो वरियतामा रहेका न्यायाधीशहरू अयोग्य हुनुको कारणबारे सरकारले जनतालाई प्रस्ट पार्नु आवश्यक छ। के कति कारणले ती अयोग्य भए ? प्रधानमन्त्रीले छानेकै व्यक्ति प्रधानन्यायाधीश हुने परिपाटीको विकास भएमा न्यायाधीशहरूको मनोबल कस्तो हुन्छ ? विगतमा एमाले, नेका र माओवादीले पालैपालो शासन गर्दा आफ्ना कार्यकर्ताहरूलाई भागबन्डामा नियुक्त गर्थे। पार्टीको झन्डा बोक्नु नै न्यायाधीशको योग्यताजस्तै भएको थियो। त्यो गलत थियो। सबैले भागबन्डाको राजनीतिको विरोध पनि गरे। अहिले उचित कारण र तर्कबिना पछिल्लो वरियताका न्यायाधीशलाई प्रधानन्यायाधीश नियुक्त गरेको रहेछ भने पछि आउने न्यायाधीशहरूमा सरकारको चाकरी गर्ने प्रवृत्तिको विकास हुन सक्छ।

विगतमा एमाले सरकारले आफ्नो मान्छेलाई प्रधानन्यायाधीशसम्म पुऱ्याउन दुईजना अतिरिक्त न्यायाधीशहरू भरतराज उप्रेती र प्रकाश वस्तीलाई स्थायी नै नगरी अन्यायपूर्वक निकालेको थियो। त्यसको तनावमा उप्रेतीले आत्महत्या गरेको कुरा त्यतिबेला चर्चाको विषय बनेको थियो। वस्तीको पनि केही समय अघि निधन भयो। आफ्नो कार्यकर्तालाई मुख्य मुख्य पदमा पुऱ्याउन के कति हदसम्म शासक दलहरूले निर्लज्जतापूर्वक काम गर्छन् भने त्यो एउटा गतिलो उदाहरण हो। सर्वोच्च अदालतका न्यायाधीश भइसकेकाले कुनै अदालतमा गएर बहस पैरवी गर्न नपाउने, कानुनी सल्लाहकार हुन पनि नपाइने र स्थायी नगरिएपछि पेन्सन पनि नपाइने अवस्थामा त्यस्ता न्यायाधीशहरूको हिनताबोध हुनु स्वाभाविकै थियो।

नेपालको राजनीतिक इतिहासलाई फर्केर हेर्ने हो भने २०५९ सालपछि देशमा प्रतिनिधिसभा विघटन भयो तर समयमा चुनाव हुन सकेन। स्थानीय तहमा पनि जनप्रतिनिधिहरू थिएनन्। देश जनप्रतिनिधिविहीन थियो। त्यतिबेला तत्कालीन राजा ज्ञानेन्द्रले अध्यादेशमार्फत शासन गर्न थाले। राजनैतिक दलहरूले जनप्रतिनिधिबिना कर उठाउन नपाउने भन्दै अध्यादेशबाट देश सञ्चालन गर्ने कार्यको विरोध गरे। त्यो प्रतिगमनविरोधी आन्दोलनको रूपमा इतिहासमा दर्ज छ। त्यही आन्दोलनसँगै २०६५ सालमा २४० वर्षको इतिहास बोकेको राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भयो। निरङ्कुशता टिक्न नसक्ने यो एक अर्को उदाहरण हो।

राजाले अध्यादेशमार्फत देश चलाउँदा गलत भयो भनेर आन्दोलन गर्ने राजनीतिक दलहरूले आफू सत्तामा पुगेपछि भने अध्यादेशमार्फत शासन गर्ने अभ्यास गर्न थाले। ती दलहरूले प्रतिपक्ष दल फुटाउनका लागि मात्र पनि अध्यादेश जारी गरे। एमालेबाट माधवकुमार नेपालको नेतृत्वमा रहेको नेकपा एकीकृत समाजवादीलाई दलको मान्यता दिन सरकारले हतार हतारमा अध्यादेश जारी गऱ्यो। पार्टीको केन्द्रीय सदस्यका ४० प्रतिशत र प्रतिनिधिसभाको सदस्य ४० प्रतिशतलाई दल फुटाउने कानुनी व्यवस्थालाई संशोधन गरी ती दुवैमा २०।२० प्रतिशतमात्र भए पनि दल फुट्न सक्ने प्रावधान राखियो। त्यो उचित थिएन। राजनीतिक दलसम्बन्धी ऐनमा संशोधनसम्बन्धी त्यही अध्यादेशकै कारण नेका स्वयंमा पनि फुटको सङ्केत देखिएपछि त्यसलाई तत्काल खारेज गरियो।

त्यतिबेला न्यायाधीशहरू राजनीतिक दलका नेताहरूप्रति नतमस्तक हुन्थे। एक पटक एमालेमा झलनाथ खनाल अध्यक्ष भएको बेला पुनरावेदन अदालतमा थुप्रै न्यायाधीशहरू नियुक्त गरिए। त्यसमध्ये एमालेको कोटाबाट नियुक्त हुनेहरूको सङ्ख्या १० जनाभन्दा बढी थिए। न्यायाधीशहरूको सपथग्रहण सकिएलगत्तै ती सबै न्यायाधीशहरू एमाले केन्द्रीय कार्यालय बल्खुमा गएर पार्टी नेताहरूप्रति कृतज्ञता ज्ञापन गर्न पुगे। छाती र निधारमा सूर्य वा रुख चिह्न लगाइएका न्यायाधीशहरूले कसरी स्वतन्त्र न्यायपालिकाको गरिमालाई बचाउन सक्छन् भनी त्यतिबेला पनि चर्चा चलेको थियो। त्यसप्रकार न्यायपालिकालाई दलको शाखा कार्यालयजस्तो बनाउने प्रवृत्तिको अन्त्य गर्नु जसरी थियो। त्यसको नाउँमा आवश्यक विधि, प्रक्रिया पूरा नगरी मनपरी गर्नुलाई प्रजातन्त्र भनिँदैन। त्यो एक प्रकारको निरङ्कुशता नै हो। नेपाली जनता कुनै पनि खालको निरङ्कुशता स्वीकार गर्दैनन्। विद्यार्थी सङ्गठनहरू खारेज, शिक्षकहरूले राजनीति गर्न नपाउनेजस्ता प्रजातन्त्रविरोधी कदमहरू र निरङ्कुशताको अर्को उदाहरण हो।

नेपालमा ३० वर्षसम्म चलेको पञ्चायती सरकारले निर्दलीय नाउँमा शासन गऱ्यो। वास्तवमा त्यो पञ्चहरूको एकदलीय राजनीतिक व्यवस्था थियो। उनीहरूले दलमाथि प्रतिबन्ध लगाए; स्वतन्त्रतापूर्वक विचारको प्रचारप्रसारमा रोक लगाए। जनताले मौलिक र राजनीतिक अधिकारको लागि निरन्तर सङ्घर्ष गर्नुपऱ्यो। जनआन्दोलनको परिणाम पञ्चायती व्यवस्था नै समाप्त भयो र दल खोल्ने स्वतन्त्रता पायो। अहिले संविधानमा दल खोल्ने स्वतन्त्रता छ, भेला हुने र सङ्गठन गर्ने सबैलाई अधिकार छ। यस्तो अवस्थामा विद्यार्थी सङ्गठनहरू खारेज गर्नु प्रजातन्त्रविरोधी काम हो। जुनसुकै नाउँमा गरे पनि त्यो अप्रजातान्त्रिक कार्य हो। पञ्चहरूले विचारलाई प्रतिबन्ध लगाएसँगै आफ्नो काल निम्त्याएजस्तै विद्यार्थी सङ्गठनहरूमाथि प्रतिबन्ध लगाउनु पनि सरकारको लागि आफ्नो खुट्टामा आफैले बन्चरो हान्नेसरह हुनेछ।

**नेपालको राजनीतिक इतिहासलाई फर्केर हेर्ने हो भने २०५९ सालपछि देशमा प्रतिनिधिसभा विघटन भयो तर समयमा चुनाव हुन सकेन। स्थानीय तहमा पनि जनप्रतिनिधिहरू थिएनन्। देश जनप्रतिनिधिविहीन थियो। त्यतिबेला तत्कालीन राजा ज्ञानेन्द्रले अध्यादेशमार्फत शासन गर्न थाले। राजनैतिक दलहरूले जनप्रतिनिधिबिना कर उठाउन नपाउने भन्दै अध्यादेशबाट देश सञ्चालन गर्ने कार्यको विरोध गरे। त्यो प्रतिगमनविरोधी आन्दोलनको रूपमा इतिहासमा दर्ज छ। त्यही आन्दोलनसँगै २०६५ सालमा २४० वर्षको इतिहास बोकेको राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भयो। निरङ्कुशता टिक्न नसक्ने यो एक अर्को उदाहरण हो।**

# 'श्रमिक' समाजवादको पक्षमा अविचलित

✍ लक्ष्मणराज जोशी


*आफ्नो आस्थाअनुसार यसले देश र जनताको हितलाई सर्वोपरि राखेको छत्र मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारलाई आत्मसात गरेको छ। साम्राज्यवाद, विस्तारवाद, फासीवादलगायतका प्रतिक्रियावादको विरोध गर्दै समाजवादको पक्षलाई अविचलित रूपमा अङ्गालेको छ। छोटोमा, यसले नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र नीतिलाई मार्गदर्शन पाएको छ। यी तथ्यहरू सङ्कलनमा समेटिएका सम्पादकीयहरूको अध्ययन गर्दा जो कोही पाठकले सहजै अनुभूत गर्न सक्छन्।*

देश र जनतामा समर्पित विचारप्रधान 'श्रमिक' साप्ताहिकमा वर्ष २९, २०७८ माघ ११ देखि वर्ष ३०, २०८० माघ ९ गतेसम्म छापिएका दुई वर्षको सम्पादकीय सङ्कलन' तेस्रो खण्ड सार्वजनिकीकरण भएको छ।

यसै कार्यक्रममा 'श्रमिक' साप्ताहिकको 'एकक्षण' स्तम्भमा प्रकाशित समसामयिक टिप्पणीको सङ्कलन पुस्तकाकारमा पनि सार्वजनिकीकरण भएको छ।

यस हिसाबले आज दोहोरो खुसीको अवसर बनेको छ। यसको निम्ति प्रकाशन समितिका साथीहरूलाई साधुवाद छ।

'सम्पादकीय सङ्कलन' मा समेटिएका १०३ वटा सम्पादकीयले तात्कालिक समयका जल्दोबल्दो विषयबारे आफ्नो विचार र मत अभिव्यक्त गरेको छ। कतिपय सम्पादकीय आज पनि त्यतिकै सान्दर्भिक र सामयिक रहेका छन्।




सम्पादकीयहरूले आफ्नो अभिमत सोझो, स्पष्ट र खरो भाषामा प्रकट गरेको छ, कतै कुरा चपाउने र दोधारे कुरा गरेको छैन। त्यसक्रममा असहमति, आलोचना र विरोधलाई देश र जनतालाई केन्द्रबिन्दुमा राखेर अडानका साथ व्यक्त गरेको छ। साथै, कतिपय सम्पादकीयहरूले नीति-निर्माताहरूलाई आफ्नो आस्थाअनुसार सल्लाह-सुझाव पनि दिएको छ।

हामीलाई थाहा छ, कतिपयले रटान गरेजस्तो 'स्वतन्त्र' पत्रकारिता 'श्रमिक' ले गर्दैन। उसले प्रकाशनकै समयदेखि आफूलाई देश र जनतामा समर्पित आस्थाको पत्रकारिता गर्ने उद्घोष गरेको थियो।

आफ्नो आस्थाअनुसार यसले देश र जनताको हितलाई सर्वोपरि राखेको छ; मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई आत्मसात गरेको छ। साम्राज्यवाद, विस्तारवाद, फासीवादलगायतका प्रतिक्रियावादको विरोध गर्दै समाजवादको पक्षलाई अविचलित रूपमा अङ्गालेको छ। छोटोमा, यसले नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र नीतिलाई मार्गदर्शन पाएको छ। यी तथ्यहरू सङ्कलनमा समेटिएका सम्पादकीयहरूको अध्ययन गर्दा जो कोही पाठकले सहजै अनुभूत गर्न सक्छन्।

हामी प्राय: सुन्छौँ, पत्रकारिता निष्पक्ष हुनुपर्छ, न्याय निष्पक्ष हुनुपर्छ भन्ने पनि त्यत्तिकै सुन्छौँ। वर्गीय समाज र वर्गीय राजनीतिमा निष्पक्ष सम्भव हुँदैन। पत्रकारितामा पीत पत्रकारिता गरिएन भने समाचार निष्पक्ष हुन सक्छ तर विचार निष्पक्ष हुँदैन। न्याय पनि सुनुवाइ निष्पक्ष हुन सक्छ तर फैसला वा निर्णय निष्पक्ष हुँदैन। सत्य र असत्य, पीडक र पीडितबिचको भिडन्त वा मुद्दा मिलापत्र भएन भने सत्य पीडित वा असत्य र पीडकमध्ये एकको पक्षमा फैसला दिइन्छ। निष्पक्ष अर्थात् कुनै पक्ष नलिएको शब्दको अर्थ सत्यको पक्ष भन्न मिल्दैन जस्तो लाग्छ। सारमा न्याय वा फैसलाको व्यहोराले सत्यको पक्ष लियो कि असत्यको भन्ने स्पष्ट हुन्छ।

त्यस्तै, 'श्रमिक' साप्ताहिकका सम्पादकीयहरू पढ्दै जाँदा निष्पक्ष भन्न सकिँदैन। आस्थाको झन्डा फहराइरहेको 'श्रमिक' का सम्पादकीयहरूले जानाजानी र हाकाहाकी सत्य र न्यायको, समाजवाद र कम्युनिस्ट आन्दोलनको, राष्ट्रिय र अन्तर्राष्ट्रिय मजदुर किसान, मुक्ति र स्वतन्त्रतालगायतका आन्दोलनको पक्ष लिएको छ। अन्यायी-अत्याचारी, भ्रष्टहरूलगायतको विरोध गर्दै राजनीतिमा सिद्धान्तहीन र हिउँमा चिप्लेटी खेल्नेहरूलाई खबरदारी गरेको छ। यसमा तलमाथि पऱ्यो भने उद्घोष गरेको आस्थाको पत्रकारिता धरापमा पर्छ। तर, सङ्कलित सम्पादकीयहरूले आफ्नो आस्था, निष्ठा र समर्पणमा खोट लगाउने ठाउँ दिएको छैन।

*(वैशाख १९ गते आयोजित 'सम्पादकीय सङ्कलन' (तेस्रो खण्ड) र समसामयिक टिप्पणी सङ्कलन 'एकक्षण' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

# "समाजवादी विचार एवम् दृष्टिकोण 'श्रमिक' को मार्गदर्शक हो"

✍ अनुराधा थापामगर, केन्द्रीय अध्यक्ष नेक्रामहिलासङ्घ




राज्यको चौथो अङ्गको भूमिका इमानदारीसाथ निर्वाह गर्दै पत्रकारिता क्षेत्रमा 'श्रमिक' साप्ताहिक प्रखर प्रतिपक्षको भूमिकामा उभिएको छ। सूचना मात्र होइन, ज्ञान दिने हाम्रो उद्देश्य हो; जनसरोकार नै हाम्रा विषय हुन्; आवाजविहीनहरूको आवाज बन्नु हाम्रो लक्ष्य हो; सम्बन्धित निकाय र जनताबिचको पुल बन्ने प्रयासलाई हामीले निरन्तरता दिइरहेका छौँ; जनधारणा निर्माण गर्न हामी क्रियाशील छौँ; समाज र देशको पहरेदार बनी जनताको वास्तविक प्रतिनिधि बन्ने हाम्रो सङ्कल्पलाई हामीले उँचो राख्दै अघि बढिरहेका छौँ। नेपालको जनपक्षीय साँचो इतिहास लेखनमा कसैले 'श्रमिक' साप्ताहिकका पानाहरू पल्टाउन छुटाएमा त्यो अधुरो हुने विश्लेषकहरूको भनाइ पनि हामी स्मरण गरिरहेका छौँ। यसरी देश र जनताको सेवामा कलम चलाउनुलाई 'श्रमिक' ले प्राथमिकता दिएको छ; जनतालाई राजनीतिक रूपले सचेत र शिक्षित बनाउनुलाई 'श्रमिक' ले पत्रकारिताको धर्म सम्झेको छ।

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले आस्था र विचारको पत्रकारिता गर्नुपर्ने विषयमा जोड दिनुभएको स्मरणीय छ। यस अर्थमा समाजवादी आस्था नै 'श्रमिक' को आस्था हो; समाजवादी विचार एवम् दृष्टिकोण 'श्रमिक' को मार्गदर्शक हो। अर्थात्, नेमकिपाको आस्था नै हाम्रो आस्था हो; नेमकिपाको आदर्श नै हाम्रो आदर्श हो। जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवादमा पुग्ने वा आमूल परिवर्तन गर्ने नेमकिपाको उद्देश्य पूरा गर्न पृष्ठभूमि तयार गर्नुलाई 'श्रमिक' परिवार आफ्नो कर्तव्य ठान्दछ।

'श्रमिक' साप्ताहिकले आफ्ना लेख-रचनामार्फत विचारशून्य अवस्थामा पुगेर सत्तामा कुहिरोको कागझैँ बनेर बसेका शासक दलहरूलाई सैद्धान्तिक-वैचारिक आलोचनासँगै देश र जनताको हितमा गर्नुपर्ने काम-कारबाहीका विषयमा सही मार्ग पहिल्याउने अनेक उपाय पनि दिँदै आएको छ। यदि शासक दलहरूले देश र जनताको पक्षमा हाम्रा ती उपायहरूलाई थोरै मात्र भए पनि लागू गरेको भए देश आज भयावह अवस्था र विध्वंसको सङ्घारमा उभिने थिएन। शासक दलहरूले देश र जनताको समस्या समाधानलाई बेवास्ता मात्र गरेनन्; देशका नदीनाला एक-एक गर्दै भारतीय एकाधिकार पुँजीको पोल्टामा सुम्पे; विस्तारवादी भारतीय शासकहरूकै सेवालाई प्राथमिकता दिए; जनताको नागरिक भावनालाई कमजोर पार्दै विदेशी हस्तक्षेपलाई बलियो बनाए; एमसीसीजस्ता देशघाती सन्धि-सम्झौतालाई अघि बढाई देशको सार्वभौमिकता धरापमा पारे। आज ती देशघाती पुराना शासक दलहरू र एमसीसी-एसपीपीलगायत अन्य देशघाती सन्धि-सम्झौता खारेजीलाई प्राथमिकतामा नराखी अघि बढिरहेको 'अमेरिकी युथ काउन्सिल', 'बारबरा फाउन्डेसन', 'हामी नेपाल' लगायत संस्थासँग साइनो जोडिएका नयाँ भनिएका शासक दलहरू एउटै आमाको कोखबाट अर्थात् पुँजीवादी व्यवस्थाबाट जन्मिएका जुम्ल्याहा दाजुभाइ त होइनन्? यो आशङ्का छापा मिडियामा मात्र होइन, सचेत नेपालीले सामाजिक सञ्जालमा पनि व्यक्त गरिरहेका छन्। एसपीपीलगायत अन्य देशघाती सन्धि-सम्झौता अघि बढाई विदेशीकै सेवा गर्न नयाँ पुस्तालाई सत्तामा पुग्ने हतियार त बनाइएन? यो विषयमा पनि आज चर्को बहस भइरहेको हामी सुन्दै छौँ।

हिजो तानाशाही राणा शासनकालमा जनताको बोली दमन गर्न गोली चलाइयो; निरङ्कुश पञ्चायती शासनमा जनताका पक्षमा चल्ने कलममाथि समेत बन्देज लगाई प्रजातन्त्रलाई दलनको अवस्थामा पुऱ्याइयो। आज जनताका आवाज र जनपक्षमा उठेका विचार वा फरक मत दबाउन प्रचारको एउटा माध्यम सामाजिक सञ्जालमा शासक दलहरूले दमनको निकृष्ट शैली प्रस्तुत गरिरहेका छन्। यसले अत्याचारी राणा शासन र निरङ्कुश पञ्चायती व्यवस्थाको आधुनिक संस्करणको झल्को दिइरहेको अनुभूति सर्वसाधारणले गरिरहेका छन्।

तर, शासक दलहरूले जनताको पक्षमा लेखिएका विचारमाथि प्रतिबन्धका अनेक दाउपेच लगाएर छर्न खोजेको भ्रान्तिले साँचो क्रान्तिलाई रोक्न-छेक्न नसक्नेमा हामी प्रस्ट छौँ। 'श्रमिक' साप्ताहिक त्यो क्रान्तिकारी विचारको प्रतिनिधित्व गर्दै अविरल वा अविराम अनि अविचलित यात्रा तय गरेर विगत तीन दशकदेखि लम्किरहेको सर्वविदित नै छ।

देश र जनताको इमानदारीपूर्वक सेवा गर्दै अघि बढिरहेको 'श्रमिक' साप्ताहिकले यसअघि दुई वटा 'सम्पादकीय सङ्कलन' पुस्तक सार्वजनिक गरिसकेको विदित नै छ। पार्टीको आठौँ महाधिवेशनको उद्घाटन सत्रमा सार्वजनिक गरिएको पहिलो खण्डमा २०७२ देखि २०७६ सालसम्मका सम्पादकीय सङ्कलित छन् भने पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा २०७६-२०७८ सालसम्मका सम्पादकीयहरूलाई सङ्ग्रहित गरी दोस्रो खण्ड सार्वजनिक गरिएको थियो।

यसरी नै समसामयिक टिप्पणीको रूपमा 'श्रमिक' को अन्तिम पृष्ठमा प्रकाशित हुने 'एकक्षण' लाई पनि पुस्तकाकारमा ल्याइएको छ। यसमा २०७२ सालदेखि २०७५ सम्मका लेखहरू सङ्ग्रहित छन्। यी पुस्तकहरू हरेक राजनीतिक कार्यकर्ताका निमित्त निकै महत्त्वपूर्ण दस्तावेज तथा सर्वसाधारणका निमित्त ज्ञानका निकै गहकिला खुराक बन्न सक्नेमा हामी विश्वस्त छौँ।


पुस्तक सार्वजनिकीकरणपछि टिप्पणीकारहरूले प्रदान गर्नुहुने महत्त्वपूर्ण सल्लाह, सुझाव र पछि अध्ययन-गोष्ठी, अन्तरक्रियाबाट प्राप्त हुने सल्लाह सुझावले हाम्रा कमीकमजोरी केलाउन अवसर मिल्ने हामीले अपेक्षा पनि गरेका छौँ।


# 'श्रमिक' का सम्पादकीयहरूको तेस्रो सङ्कलन पुस्तक : नेपाली राजनीतिक, आर्थिक तथा सामाजिक यथार्थको गहिरो विश्लेषण गर्ने वैचारिक कृति




अनिता जधारी, प्राचार्य, ख्वप कलेज अफ ल

'श्रमिक' साप्ताहिक नेपाली पत्रकारिताको क्षेत्रमा सैद्धान्तिक स्पष्टता, वैचारिक दृढता र जनपक्षीय दृष्टिकोणका कारण विशिष्ट पहिचान बनाएको प्रकाशन हो। आजको समयमा धेरैजसो सञ्चारमाध्यमहरू, व्यावसायिक स्वार्थ वा सनसनीमुखी प्रवृत्तितर्फ झुकेको देखिँदा, 'श्रमिक' साप्ताहिकले भने पत्रकारिताको मूल मर्म यथार्थ, सन्तुलन र विश्वसनीयतालाई केन्द्रमा राख्दै आफ्ना सामग्री प्रस्तुत गर्दै आएको छ। यसले समाज, राजनीति तथा अन्तर्राष्ट्रिय घटनाक्रमलाई वर्गीय र ऐतिहासिक दृष्टिकोणबाट विश्लेषण गर्दै पाठकलाई सूचना मात्र होइन, स्पष्ट वैचारिक दिशा पनि प्रदान गर्ने कार्य गरिरहेको छ।







नेपालको पत्रकारिता क्षेत्रमा देखिएको विकृति, प्रोपागन्डामूलक प्रवृत्तिबिच 'श्रमिक' साप्ताहिक सैद्धान्तिक रूपमा आधारित पत्रकारिताको उदाहरण प्रस्तुत गरिरहेको पत्रिका हो। यसले जनचासोको विषयलाई प्राथमिकता दिँदै जनताको पक्षमा उभिने, सत्तालाई प्रश्न गर्ने र वैचारिक बहसलाई समृद्ध बनाउने भूमिका निर्वाह गर्दै आएको छ। यस अर्थमा, 'श्रमिक' साप्ताहिक एक समाचारमाध्यम मात्र नभई जनचेतना अभिवृद्धि गर्ने र वैचारिक मार्गदर्शन दिने महत्त्वपूर्ण माध्यमका रूपमा स्थापित भएको छ।

यस साप्ताहिक पत्रिकाको सम्पादकीय खण्डले वर्तमान सामाजिक-राजनीतिक यथार्थलाई जनताले कुन दृष्टिले हेर्ने भन्नेमा स्पष्ट मार्गनिर्देशन दिइरहेको सम्पूर्णलाई जानकारी नै छ। तसर्थ, पुस्तकहरू महत्त्वपूर्ण र अध्ययनयोग्य छन्। यसले कामदारवर्गलाई राजनीतिक रूपले सुसूचित गर्ने महत्त्वपूर्ण काम गर्छ।

## पुस्तक समीक्षा : 'श्रमिक सम्पादकीय सङ्कलन-३'

नेपालको समसामयिक राजनीतिक, आर्थिक र सामाजिक विकृतिहरूको यथार्थपरक शल्यक्रिया गरी लेखिएका सम्पादकीयहरू सङ्कलन गरी प्रकाशनमा ल्याएको यस पुस्तक एक महत्त्वपूर्ण वैचारिक कृति हो। यस पुस्तकमा शासक दलहरूभित्र मौलाएको अवसरवाद, पदलोलुपता र वैचारिक विचलनको कडा भण्डाफोर गर्दै उनीहरूले राजनीतिलाई व्यक्तिगत स्वार्थ र कमिसनको साधन बनाएको यथार्थ पस्किएको छ। सिद्धान्त त्यागेर सत्ताको खेलमा लागेका नेताहरूले पुँजीवादी निर्वाचनलाई कसरी पैसा, माफिया र ठेकेदारहरूको क्रिडास्थल बनाएका छन् भन्ने कुरा यसमा प्रस्ट पारिएको छ। देशका सार्वजनिक उद्योगधन्दाहरूलाई कौडीको मूल्यमा निजीकरण गरी कृषि अर्थतन्त्र ध्वस्त पार्ने र लाखौँ युवालाई सस्तो श्रमका लागि विदेश धकेल्ने शासकवर्गको गलत आर्थिक नीतिको यसले तीव्र आलोचना गरेको छ।

यस सङ्कलनको अर्को प्रमुख पक्ष भनेको अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको प्रखर विरोध तथा राष्ट्रिय सार्वभौमिकताको पक्षपोषण हो। विशेष गरी, देशको स्वतन्त्रतामाथि आँच आउने थाहा पाउँदापाउँदै पनि शासक दलहरूले एमसीसी (MCC) जस्ता सम्झौताहरू पारित गरेको घटनालाई पुस्तकले नवउपनिवेशवादी षड्यन्त्रको रूपमा कडा निन्दा गरेको छ। यसले साँचो 'सर्वहारा वर्गीय भावना' भनेको काम नगरी खाने प्रवृत्ति नभई आफ्नै बुद्धि, सीप र परिश्रममाथिको विश्वास हो भन्दै कामदारवर्गलाई सचेत गराएको छ। समग्रमा, विदेशी हस्तक्षेप र स्वदेशी भ्रष्ट प्रशासनबाट देशलाई जोगाउन सचेत देशभक्त, बुद्धिजीवी, मजदुर र किसानहरूले मौलिक राष्ट्रिय हित र समाजवादको बाटोमा कसरी निरन्तर सङ्घर्ष गर्ने भन्ने स्पष्ट वैचारिक मार्गदर्शन यस पुस्तकले प्रदान गरेको छ

'श्रमिक' का सम्पादकीयहरूको तेस्रो सङ्कलन 'श्रमिक' सम्पादकीय सङ्कलन-३' नेपाली राजनीतिक, आर्थिक तथा सामाजिक यथार्थको गहिरो विश्लेषण गर्ने एक सशक्त वैचारिक कृति हो। यो कृति केवल समसामयिक घटनाहरूको वर्णनमा सीमित छैन, बरु ती घटनाहरूको वर्गीय, ऐतिहासिक र वैचारिक आधारमा विश्लेषण गर्दै पाठकलाई गम्भीर चिन्तनतर्फ उन्मुख गराउने विशेषता बोकेको छ। यसले नेपालको वर्तमान राजनीतिक अवस्था, शासकवर्गको चरित्र, अन्तर्राष्ट्रिय शक्ति सन्तुलन तथा जनताको वास्तविक अवस्थालाई स्पष्ट दृष्टिकोणसहित प्रस्तुत गरेको छ। समग्रमा, यो सङ्कलन नेपाली समाजलाई बुझ्ने एक वैकल्पिक दृष्टिकोण प्रदान गर्ने बौद्धिक दस्तावेजको रूपमा उभिएको छ।

यस कृतिको प्रमुख विशेषता भनेको यसको स्पष्ट वैचारिक प्रतिबद्धता र तीक्ष्ण आलोचनात्मक दृष्टि हो। सम्पादकीयहरूमा प्रस्तुत विचारहरूले नेपाल मजदुर किसान पार्टीको दृष्टिकोणलाई आधार बनाएर देशको समसामयिक अवस्थाको विश्लेषण गरेका छन्। विशेषत: आफूलाई 'कम्युनिस्ट' वा 'समाजवादी' भन्ने तर व्यवहारमा पुँजीवादी चरित्र प्रदर्शन गर्ने नेताहरूको आलोचना यस कृतिको केन्द्रीय पक्ष बनेको छ।

यस सङ्कलनले अवसरवाद र वैचारिक विचलनको गम्भीर प्रश्नलाई उठाएको छ। नेपाली राजनीतिमा देखिएको सिद्धान्त र व्यवहारबिचको अन्तरलाई यसले प्रस्ट रूपमा उजागर गरेको छ। आफूलाई क्रान्तिकारी सिद्धान्तसँग जोड्ने तर व्यवहारमा व्यक्तिगत स्वार्थ, पदलोलुपता र आर्थिक लाभका लागि पार्टी विभाजन गर्ने प्रवृत्तिलाई यसमा तीव्र आलोचना गरिएको छ। राजनीतिक दलहरूभित्र देखिएको नैतिक पतन, सत्ताकेन्द्रित सोच र जनताको अपेक्षाबाट विचलन भएको अवस्थालाई स्पष्ट रूपमा चित्रण गरिएको पाइन्छ। यसले देखाउँछ कि नेताहरूले मार्क्सवाद-लेनिनवादको आधारभूत सिद्धान्तलाई त्याग्दै संसदीय व्यवस्थालाई नै अन्तिम लक्ष्यका रूपमा स्वीकार गरेका छन्, जसले सर्वहारावर्गको हितलाई कमजोर बनाएको छ।

पुँजीवादी निर्वाचन प्रणाली र त्यससँग जोडिएको भ्रष्टाचारप्रति पुस्तकले आलोचना प्रस्तुत गरेको छ। नेपालको निर्वाचन प्रणालीलाई यसले पैसाको खेल, माफिया समूहहरूको प्रभाव र विदेशी हस्तक्षेपको परिणामको रूपमा व्याख्या गरेको छ। चुनावमा सिद्धान्तभन्दा धन र पहुँचको प्रभाव हाबी भएको, इमानदार र जनमुखी नेतृत्वको स्थानमा ठेकेदार, व्यापारी तथा भ्रष्ट तत्त्वहरूको प्रवेश भएको यथार्थलाई यसमा स्पष्ट रूपमा देखाइएको छ। राजनीतिलाई जनसेवाको माध्यम नभई व्यक्तिगत स्वार्थ र शक्ति आर्जन गर्ने साधन बनाइएको छ। यसले लोकतान्त्रिक प्रक्रियाप्रति जनविश्वास घटाउने खतरा पैदा गरेको छ।

राष्ट्रिय सार्वभौमिकता र वैदेशिक हस्तक्षेपको विरोध यस कृतिको अर्को महत्त्वपूर्ण आयाम हो। विशेषत: अमेरिकी एमसीसी सम्झौता, भारतीय प्रभाव र विस्तारवादी नीति तथा अन्य अन्तर्राष्ट्रिय शक्तिहरूको हस्तक्षेपप्रति कडा आलोचना गरिएको छ। विदेशी सहयोगको नाममा नेपाललाई नवउपनिवेशीकरणतर्फ धकेल्ने प्रयास भइरहेको छ। कोसी, गण्डक, महाकालीजस्ता सन्धिहरूको सन्दर्भमा पनि असमानता र शोषणको मुद्दा उठाइएको छ। यसले पाठकलाई राष्ट्रिय स्वाधीनताको प्रश्नप्रति संवेदनशील बनाउने प्रयास गरेको छ।

नेपालको बिग्रँदो अर्थतन्त्र र युवा पलायनको समस्या यस 'श्रमिक' साप्ताहिकका सम्पादकीयहरूमा उठाइएको छ। कृषि क्षेत्रको उपेक्षा, औद्योगिक संरचनाको पतन र रोजगारीका अवसरहरूको अभावका कारण लाखौँ नेपाली युवाहरू विदेश पलायन हुन बाध्य भएको अवस्थालाई यसले गहिरो चिन्ताका साथ प्रस्तुत गरेको छ। राज्यका नीतिहरूले देशलाई आत्मनिर्भर बनाउनेभन्दा परनिर्भर बनाउने दिशामा अग्रसर गरिरहेका छन्। सार्वजनिक उद्योगहरूको निजीकरण र राष्ट्रिय स्रोतहरूको दुरूपयोगले देशको आर्थिक आधारलाई कमजोर बनाएको छ।

यस सङ्कलनले इमानदार र क्रान्तिकारी आन्दोलनको आवश्यकतामाथि जोड दिएको छ। शासकवर्गको विचलन र भ्रष्टाचारको बिचमा पनि जनताको शक्ति र चेतनालाई केन्द्रमा राख्दै वैकल्पिक राजनीतिक मार्गको आवश्यकता औँल्याइएको छ। मजदुर र किसानवर्गलाई सचेत गराउँदै, उनीहरूको सङ्गठन र सङ्घर्षमार्फत मात्र वास्तविक परिवर्तन सम्भव हुने धारणा प्रस्तुत गरिएको छ। यसले स्पष्ट पारेको छ कि सच्चा समाजवाद केवल नारा वा भाषणमा होइन, व्यवहारमा इमानदारी, श्रमप्रति सम्मान र जनसेवामा आधारित हुनुपर्छ।

यस सङ्कलनको अर्को उल्लेखनीय पक्ष यसको अन्तर्राष्ट्रिय दृष्टिकोण हो। विश्व राजनीतिक घटनाहरूलाई नेपाली सन्दर्भसँग जोडेर विश्लेषण गरिएको छ। साम्राज्यवाद, युद्ध, शक्ति सन्तुलन र वैचारिक सङ्घर्षका विषयलाई ऐतिहासिक दृष्टान्तसहित प्रस्तुत गरिएको छ, जसले पाठकलाई व्यापक विश्वदृष्टि प्रदान गर्छ। यसले नेपाली राजनीतिलाई अलग्गै रूपमा नभई विश्व राजनीतिक प्रणालीको अङ्गको रूपमा बुझ्न सहयोग पुऱ्याउँछ।

भाषाशैलीको दृष्टिले हेर्दा सम्पादकीयहरू स्पष्ट, प्रत्यक्ष र प्रभावशाली छन्। तीक्ष्ण आलोचना र दृढ वैचारिकता यसको मुख्य विशेषता हो। कतिपय स्थानमा प्रयोग गरिएको कडा भाषा र आक्रामक शैलीले पाठकलाई झकझक्याउने काम गर्छ, जसले कृतिको उद्देश्य–जनचेतना अभिवृद्धिलाई सशक्त बनाएको छ। यसले पाठकलाई निष्क्रिय रूपमा पढ्नेभन्दा पनि सक्रिय रूपमा सोच्न र बहस गर्न प्रेरित गर्छ।

समग्रमा, 'श्रमिक सम्पादकीय सङ्कलन-३' नेपाली समाज, राजनीति र अर्थतन्त्रको गहिरो विश्लेषण गर्ने एक महत्त्वपूर्ण कृति हो। यसले समस्या औँल्याउने काम मात्र गर्दैन, बरु ती समस्याको मूल कारण पहिचान गर्दै वैकल्पिक मार्गको सङ्केत पनि प्रदान गर्छ। मजदुर, किसान, विद्यार्थी, बुद्धिजीवी तथा अनुसन्धानकर्ताहरूका लागि यो एक महत्त्वपूर्ण अध्ययन सामग्री हो।

अत: यो कृति समसामयिक नेपाललाई बुझ्न चाहने जो-कोहीका लागि एक उपयोगी मार्गदर्शक र वैचारिक स्रोतका रूपमा स्थापित भएको छ। यसले पाठकलाई वर्तमान यथार्थप्रति सजग बनाउँदै परिवर्तनको आवश्यकता र सम्भावनाबारे गम्भीर सोच्न प्रेरित गर्छ। यस महत्त्वपूर्ण प्रकाशनका लागि सम्पूर्ण सम्पादकीय तथा प्रकाशन टोली धन्यवादका पात्र छन्।

*(वैशाख १९ गते आयोजित "सम्पादकीय सङ्कलन" (तेस्रो खण्ड) र समसामयिक टिप्पणी सङ्कलन "एकक्षण" पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

# आजको युगमा मार्क्सको विचार सबैभन्दा नवीन विचार

✍ समा

सर्वहारावर्गका महान गुरु कार्ल मार्क्सलाई विश्वले विभिन्न नाममा स्मरण गर्छ; महान् चिन्तक, दार्शनिक, विचारक, राजनीतिक अर्थशास्त्री, वैज्ञानिक, पत्रकार आदि। वास्तवमा उनलाई उनको क्रान्तिकारी विचार र व्यवहारले अमर बनाएको हो। विश्व कामदारवर्गले उनलाई मुक्तिदाताको रूपमा नमन गर्छ।


वर्गीयरूपमा विभाजित समाजमा वर्गमुक्तिको बाटो वर्गसङ्घर्ष हो। वर्गमा विभक्त समाजको समस्या अध्ययन गरी समाधानको प्रभावकारी उपाय आजसम्म अरू कसैले प्रस्तुत गर्न सकेका छैनन्। मानव मुक्तिको प्रश्नमा गहिरोसँग घोत्लिने र कल्पनालोकबाट बाहिर मुक्तिको वैज्ञानिक मार्ग प्रदान गर्ने महर्षि हुन् मार्क्स।


कार्ल मार्क्सले संसारको व्याख्यामात्र गरेनन् बरु संसारलाई बदल्ने कुरा गरे, संसारलाई बदल्ने आधार या उपाय प्रदान गरे। “मार्क्सवाद संसारलाई बदल्ने विज्ञान हो।” मार्क्सवादको उदय मानव सभ्यताको इतिहासमा सर्वाधिक युगान्तकारी घटना हो भन्नेमा कुनै दुविधा छैन। तर, मार्क्सवाद कुनै तम्तयार सूत्र या साँचो भने होइन, देश, काल परिस्थितिअनुरूप राजनीतिक र सामाजिक आन्दोलनको स्वरूप र नीति फरक हुन सक्छन्। त्यसकारण, मार्क्सवादको निरन्तर अध्ययन अनुसन्धान आवश्यक छ। मार्क्सवादका सङ्घटक अङ्गहरू द्वन्द्वात्मक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको आधारशिलामा नै पुँजीवादी विश्वको अन्त्य सम्भव छ। पुँजीवादी विश्व व्यवस्थाको अन्त्य र समाजवादी विश्व व्यवस्था स्थापना नै मार्क्सवादको उद्देश्य हो। देशको परिवेशअनुरूप आन्दोलनका रूपहरू भिन्न भए पनि उद्देश्य कामदारवर्गको मुक्ति र सर्वहारावर्गको राज्य व्यवस्था स्थापना नै हो। यसको लागि देश-देशमा भएका मजदुर आन्दोलनहरू न्यायपूर्ण आन्दोलनहरूको अनुभव भने छलफल हुन जरुरी हुन्छ। मार्क्सवाद मजदुर आन्दोलनको सैद्धान्तिक अभिव्यक्ति पनि हो। सन् १८४८-१८४९ का क्रान्तिकारी घटनाहरूमा यसको पहिलो ऐतिहासिक परीक्षण भएको थियो। आजको युगसम्म पनि मार्क्सवाद र मार्क्सका विचारहरू उत्तिकै सान्दर्भिक छन्। लेखक हरिबहादुर श्रेष्ठले मार्क्सवादलाई मार्क्स र एङ्गेल्सको शिक्षाको रूपमा विश्लेषण गरेका छन्, पुस्तक ‘मार्क्स र एङ्गेल्स सङ्क्षिप्त जीवनी’ मा।

कार्ल मार्क्सको जीवन, व्यक्तित्व, योगदानबारे चर्चा यो युगदेखि अर्को युग-युगसम्म चल्नेछ। मानवमुक्तिको विचार के कहिल्यै पुरानो हुन्छ ? मानवले मानवमाथि गर्ने हरेक किसिमका शोषणको अन्त्य गरी समतामूलक समाज निर्माणको व्यावहारिक तथा वैज्ञानिक उपाय कहिल्यै असान्दर्भिक हुन्छ र ? विश्व मानव जातिलाई उत्पीडनबाट मुक्त समतामूलक समाज चाहिएको छ, मानव सभ्यताको उत्कृष्ट स्थान या समय त्यही हुनेछ। मार्क्सले त्यो आदर्श समाज र त्यहाँ पुग्ने बाटो मार्क्सवादमार्फत प्रदान गरे। यसर्थ, साम्राज्यवादी युद्ध, शोषण, असमानता व्याप्त आजको विश्व समाजमा मार्क्सको विचार अझै नयाँ विचार हो। बहुसङ्ख्यक श्रमजीवी जनताले दुःख पाइरहेको नेपालजस्तो तेस्रो मुलुकमा मार्क्सको विचार सबैभन्दा युवा विचार हो, सबैभन्दा सही बाटो हो।

मार्क्सवादमा आस्था राख्ने जो कोहीका लागि कार्ल मार्क्सको जीवन अध्ययन अनुपम ज्ञान र ऊर्जाको स्रोत बन्छ। मार्क्स आफ्नो जीवनकालमा कसरी क्रान्तिकारी दिशामा अघि बढे ? उनले कसरी सर्वहारा दृष्टिकोण निरूपण गरे ? कम्युनिस्ट लिग हुँदै प्रथम अन्तर्राष्ट्रियको स्थापना र विकासमा उनको भूमिका कस्तो रह्यो ? उनले युरोपका मजदुर आन्दोलनहरूमा कस्तो योगदान पुऱ्याए ? फ्रान्सको क्रान्ति र पेरिस कम्युनका लागि मार्क्सको कार्यनीति कस्तो थियो ? उनको जीवन कस्तो थियो ? जीवनमा मार्क्सले भोग्न परेका दुःख कष्टहरूको फेहरिस्ट बनाउन के सम्भव होला ? उनको पारिवारिक जीवन कस्तो थियो ? एङ्गेल्ससँगको मित्रता र सहयात्राले उनको जीवनमा कस्तो भूमिका खेल्यो ? यी प्रश्नका जवाफहरू यो युगका लागि प्रेरणाको स्रोत बन्नेमा कुनै सन्देह नहोला।

अभाव, सन्तान वियोग, कामबाट निकाला, देशबाट निकाला, निर्वासन, जेल र सङ्कटको पहाड छिचोलेर पनि मानव जातिको हितका लागि समर्पित रहन सक्ने मानवको नाम नै मार्क्स हो। जस्तै बिघ्नबाधामा अविचलित भई लक्ष्यप्रति प्रतिबद्ध र उद्देश्यप्रति स्पष्ट रहन सक्ने मानव हुन् मार्क्स। उनले




प्रतिपादन गरेको विचार मार्क्सवाद, पहिलो पटक पेरिस कम्युनको रातो झन्डा बनेर फहरियो। नेता लेनिनले मार्क्सवादलाई विश्व सैद्धान्तिक विचारधाराको शिखर, उन्नाइसौँ शताब्दीमा जर्मन दर्शनशास्त्र, बेलायती राजनीतिशास्त्र, फ्रान्सेली समाजवादको श्रेष्ठतम सिर्जनाको वैधानिक उत्तराधिकारीको रूपमा चित्रण गरेका छन्। साथै मार्क्सवाद सम्पूर्ण र सुसङ्गत छ। यसले मानिस सम्बद्ध विचारधारा प्रदान गरेको छ। सन् १९१७ मा नेता लेनिनले रुसको भूमिमा मार्क्सवादलाई रुसी अक्टोबर समाजवादी क्रान्तिको झन्डा या हतियार बनाए।

वैज्ञानिक साम्यवादका संस्थापक कार्ल मार्क्सको जीवनसँग जोडिएका गाथाहरूको सँगालोका रूपमा थुप्रै पुस्तक प्रकाशित छन्। तीमध्ये एभगोनिया स्तेपानोभाद्वारा लिखित ‘कार्ल मार्क्सको जीवनी’ निकै पठनीय छ। मार्क्सको जीवन र कार्य सङ्क्षिप्तरूपमा विवरणित यस पुस्तकको नेपाली अनुवाद सरल छ। नेपाली पाठकहरूका निम्ति यस पुस्तक सहयोगी बन्ने निश्चित छ। मार्क्सको जन्म दिवस (मे ५) को सेरोफेरोमा मार्क्सको जीवन चर्चा सामयिक होला।

सानै उमेरदेखि अत्यन्त अध्ययनशील र क्रान्तिकारी स्वभावका मार्क्स किशोरावस्थामै भौतिकवाद र साम्यवादको बाटोमा नयाँ डोबहरू छोड्दै अगाडि बढे। स्कूलपछि बोन र बर्लिन विश्वविद्यालयमा कानुन, दर्शनशास्त्र र इतिहासको गहिरो अध्ययन थाले। सन् १८४१ अर्थात् २३ वर्षको उमेरमा विश्वविद्यालयबाट विद्यावारिधि सकाए। प्राध्यापक बनी जनताको सेवा गर्ने इच्छा राख्ने मार्क्सले कालान्तरमा विश्वलाई नयाँ ज्ञानको उज्यालो प्रदान गरे। हेगेल र युवा हेगेलवादीहरूको सम्पर्कले पनि मार्क्सको ज्ञानको क्षितिज अझ उघारिएको भन्न मिल्ला। हेगेल विश्वका सबै घटनाहरूलाई द्वन्द्ववादी आँखाले हेर्थे। कुनै घटनाको उत्पत्ति, विकास र अन्त्यको प्रक्रियामा अध्ययन गर्थे। यस प्रगतिशील तरिकाको उपयोगद्वारा हेगेलले प्राकृतिक एवम् सामाजिक विकासको आन्तरिक नियमितता, विकासको आधार बनेका अन्तर्द्वन्द्वहरूको सङ्घर्ष पत्ता लगाउने कोसिस गरे तर हेगेलले यो समस्याको समाधान दिन सकेनन्। उनको दर्शनमा ठुलो त्रुटि थियो अर्थात् दर्शन अध्यात्मवादी थियो। प्रकृतिको वस्तुपरक मानव चेतनाभन्दा पर अध्यात्मलाई प्रकृति या समाज विकासको आधार मान्नु गल्ती थियो। हेगेलको द्वन्द्ववादी विचार दार्शनिक खोलसहितको ईश्वरवादबाहेक केही थिएन भन्ने आलोचना भौतिकवादीहरूले गरे। मार्क्सले लेखेका छन्, “हेगेलको द्वन्द्ववाद टाउकोले टेकेर उभिएको थियो।” त्यसलाई उल्ट्याउने चिन्तनमा मार्क्स लागे। हेगेलको द्वन्द्ववादी पद्धतिले इतिहास मात्रको अध्ययन गर्‍यो; वर्तमान र भविष्यको अध्ययन गरेन। त्यसको आलोचनात्मक अध्ययन मार्क्सले अघि सारे। मार्क्सले जर्मनीका दार्शनिक लुडबिक फायरबाखको विचारलाई आफ्नो अध्ययनको विषय बनाए। भौतिकवादी प्रोफेसर फायरबाख भन्थे, “प्रकृति मानव चेतनाभन्दा स्वतन्त्र छ र वस्तुप्रधान हुन्छ। प्रकृति र मानिसलाई ईश्वरले बनायो भन्ने कुरा धार्मिक कल्पनाबाहेक केही होइन। सारमा, ईश्वरले मानिस बनाएको होइन बरु मानिसले ईश्वर बनाएको हो।” (मार्क्स र एङ्गेल्स सङ्क्षिप्त जीवनी) हेगेलवादी भएर पनि प्रोफेसर ब्रुनो बाबरले पनि आत्मा मुख्य नभएर प्रकृति नै मुख्य भन्ने व्याख्या गरे। फायरबाख अनिश्वरवाद एवं नास्तिकताको विचार बोक्थे। मार्क्सको चिन्तन फायरबाखको भौतिकवादी विचारले पनि प्रभावित छ। हेगेलको अध्यात्मवादी दर्शनको विरोध गर्ने पहिलो दार्शनिक फायरबाखको पुस्तक ‘इसाई धर्मको सार’ (१८४१) बाट मार्क्स प्रभावित भए। तर, फायरबाख प्रकृति र प्राकृतिक घटनाहरूबारे मात्र भौतिकवादी दृष्टिकोण राख्थे। इतिहास, सामाजिक सम्बन्धहरू तथा राजनीतिसम्बन्धी सोचाइमा उनी अध्यात्मवादी नै रहे। फायरबाखको भौतिकवादी सीमितता र असङ्गति पत्ता लगाई प्रकृतिमात्र नभएर समाजलाई समेत भौतिकवादी दृष्टिकोणले हेर्ने वैज्ञानिक विश्व दर्शन तयार गर्न लागिपरे। यसरी वैज्ञानिक तथ्य र प्रकृतिशास्त्रको उपलब्धिको आधारमा मार्क्सले हेगेलको द्वन्द्ववादको पुनरावलोकन गर्दै भौतिकवाद र द्वन्द्ववादलाई एकबद्ध गर्ने र एउटा वैज्ञानिक विश्व दृष्टिकोण विकास गरे - द्वन्द्वात्मक भौतिकवाद।

राइन पत्रिका अर्थात् रइनिस्चे जाइतुन पत्रिकाले मार्क्सको जीवनमा ठुलो अर्थ राख्छ। उनी त्यसका प्रधानसम्पादक थिए। जर्मनीमा श्रमिक र श्रमिक आन्दोलनको स्थिति उजिल्याउने माध्यमको रूपमा पत्रिकाको उपयोग मार्क्सले गरे। राइन समाचार यति लोकप्रिय बन्यो कि प्रसियाली सरकारले निकाल्ने पत्रिकासमेत बन्द भयो। हेगेलवादीहरूको नाममा ठाउँठाउँमा बन्दै गरेको साम्प्रदायिक या धार्मिक झुण्डहरूको खण्डन पनि राइन पत्रिकाले गर्‍यो। ‘जर्मन- फ्रान्सेली वार्षिक पत्रिका’ जर्मनी र फ्रान्सेली जनवादी पत्रिका प्रकाशनको निम्ति मार्क्स परिवारसहित पेरिस गएका थिए। फ्रान्समा बलेको वर्गसङ्घर्षको आगोलाई आकार दिन उक्त पत्रिकाले सघाएको थियो। अठारौँ शताब्दीमा सम्पन्न फ्रान्सेली क्रान्तिसँगै १९ औँ शताब्दीमा पेरिसमा उदाएका नयाँ वर्गको विश्लेषण र पेरिस कम्युनको तयारीमा पत्रिकाले भूमिका खेल्यो।

१८४४ मा फ्रेडरिक एङ्गेल्ससँग मार्क्सले पहिलोपटक भेटेका थिए। भेटमा दुवैले आफ्नो विचारमा समानता भेटे। दुई प्रगतिशील व्यक्तित्वहरूको प्रगाढ मित्रता सुरु भयो। लेखन कर्मसँग जोडिने क्रममै मार्क्सले एङ्गेल्ससँग भेटेका हुन्। सन् १८४३ मा पेरिस पुग्दा उनले राजनीतिशास्त्र र समाजवादको अध्ययन थाले। प्रसियाको सरकारको दबाबका कारण फ्रान्सेली सरकारले मार्क्सलाई पेरिसबाट निष्कासन गर्‍यो। उनी बेल्जियमको राजधानी ब्रुसेल्स पुगे। त्यहाँ अर्थशास्त्रको अध्ययन थाले। आर्थिक एवम् दार्शनिक पाण्डुलिपिहरूसँगै बेलायतको अर्थतन्त्र अध्ययन तीव्र बन्यो। ‘राजनीतिक अर्थशास्त्रको आलोचनाका केही खेस्राहरू’ कृतिको परिचय पछि दुई मित्रहरूबिच पत्र व्यवहार पनि सुरु भयो।

मार्क्स र एङ्गेल्सले सँगै मिलेर काम गर्ने क्रममा बुनो बाउएर र मित्रमण्डलीविरुद्ध दुवैले ‘पवित्र परिवार’ अथवा ‘आलोचनात्मक आलोचना’को आलोचना तयार पारे। तिनले आफूलाई दार्शनिक नेता र जनतालाई अशिक्षित, मूर्ख र सर्वहारावर्गलाई घृणा र अनादरको दृष्टिले हेर्थे। काल्पनिक समाजवादीहरूको विपरीत मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादको विचार जन्माउने यात्रा तय गरे। लेनिनले लेखेका छन्, “समाजवादी समाजका निर्माताका रूपमा सर्वहारावर्गको विश्व ऐतिहासिक भूमिकाको अभिव्यक्ति नै मार्क्सको सिद्धान्तको मुख्य उपलब्धि हो।” पवित्र परिवारमा नयाँ क्रान्तिकारी भौतिकवादी विश्व दृष्टिकोणको सर्वहारा विचारधाराको जग बसालियो।

मार्क्स जनसमुदायको सम्पर्कमा जान रुचाउँथे। फ्रान्सका आन्दोलनहरूमा सरिक बन्दा उनलाई ब्रसेल्स जान बाध्य पारियो। परिवारको रोजिरोटीको सवाल टड्कारो बन्दा एङ्गेल्स सहयोग गर्न उभिएका थिए। प्रसियन सरकारले बेल्जियममा पनि मार्क्सलाई लेखेट्यो। उनले बेलायत भ्रमण गरे। म्यानचेस्टरको चाटम पुस्तकालयमा धेरै समय बिताए। बेलायतमा मजदुरको अवस्था देख्दा अन्तर्राष्ट्रिय क्रान्तिकारी सङ्गठन स्थापनाको आवश्यकताबोधसँगै हरेक न्यायपूर्ण आन्दोलनलाई क्रान्तिकारी र अन्तर्राष्ट्रवादी मोड दिन आवश्यक रहेको महसुस गरे। उनी ‘जर्मन विचारधाराको’ तयारीमा लागे। सामाजिक-आर्थिक व्यवस्थाहरू र परम्पराविरोधी वर्गहरूमा विभाजित समाजको सञ्चालक शक्तिका रूपमा वर्गसङ्घर्षबारे मार्क्स र एङ्गेल्सले ‘जर्मन विचारधारा’ बाट छलफल थाले; उत्पादन सम्बन्ध विनिमय, बौद्धिक र शारीरिक श्रमबारे छलफल थाले। यही पुस्तकमा उनले पहिलोपटक द्वन्द्वात्मक भौतिकवादको व्याख्या गरेका हुन्।

विश्वको क्रान्तिकारी रूपान्तरणका लागि विचारसँगै सर्वहारावर्गको पार्टी आवश्यक छ भन्ने बोध गरे। मजदुर आन्दोलनलाई समाजवाद र सर्वहारा वर्गीय आन्दोलनसँग जोड्न क्रान्तिकारी पार्टी जरुरी हुन्छ। मजदुर या कामदारवर्गलाई सचेत र सङ्गठित नबनाइकन वर्गसङ्घर्ष सम्भव नहुने तथ्य बोध गरे। मार्क्स र एङ्गेल्सले आफ्नो विचारसँग मिल्ने मानिसहरू समेट्न थाले, बिल्हेम भोल्फ तीमध्ये एक क्रान्तिकारी थिए। उनीहरूले ब्रसेल्समा कम्युनिस्ट संवाद समिति गठन गरे। उनले प्रुँडोवादको विरोध गरे। वर्गसङ्घर्ष होइन प्रेम र बन्धुत्वको भावनाले परिवर्तन हुन्छ, सामन्त र पुँजीपतिहरूसँग मिलेर अगाडि बढ्नुपर्छ भन्ने प्रुँडोको विचार खोटपूर्ण थियो। ‘दर्शनको दरिद्रता’ यही पृष्ठभूमिमा तयार भयो। प्रुँडोको आर्थिक विश्लेषण र शान्तिपूर्ण तरिकाले व्यवस्था परिवर्तन या उत्पादन सम्बन्धमा कुनै फेरबदलबिना परिवर्तनको कल्पना गलत थियो। पुँजीवादी अर्थव्यवस्था या राज्य व्यवस्थामा सच्चा समाजवादको फलाकोबाजी भ्रामक थियो।

मार्क्सले एडम स्मिथदेखि रिकार्डोसम्मका अर्थशास्त्रीहरूको मूल्य, भूमिकर, ‘Rent’ को सिद्धान्त अध्ययन गरी ‘राजनीतिक अर्थशास्त्रको आधार तयार गरे। सन् १८४९ मा उनले ‘ज्यालादारी र पुँजी’ शीर्षकमा नयाँ राइन पत्रिकामा लेखकहरू लेख्न थाले। मजदुरहरूले प्राप्त गर्ने ज्याला पारिश्रमिक हो या श्रमको मूल्य ? पुँजीपति या मजदुर मालिकले परिभाषित गरेको नाफा के हो ?

शोषकहरूले नाफाको रूपमा प्राप्त गर्ने अतिरिक्त मूल्य कहाँबाट आउँछ भन्ने रहस्योद्घाटन उनले गरे। मजदुरले आफ्नो श्रम शक्ति बेच्छ। वस्तुको स्वरूप श्रमशक्तिको उपज हो। वस्तुको मूल्य निर्धारणमा लागत जोडिएको हुन्छ। श्रमका लागि जति मूल्य दिनुपर्ने हो त्यो नदिइकन श्रमिकमाथि शोषण गर्छ। बढी घण्टा काम र कम ज्यालाले मालिकको नाफा बढ्छ। त्यो नाफा नै अतिरिक्त मूल्य हो। नाफाको सञ्चयले पुँजी निर्माण हुन्छ। पुँजी पुनः अतिरिक्त मूल्य सिर्जनामा खर्च हुन्छ र पुँजी सञ्चय बढ्छ। पुँजी सञ्चयले पुँजीवाद या शोषणको व्यवस्था अझ बलियो बन्छ। उनको ‘अतिरिक्त मूल्यको सिद्धान्त र पुँजी’ अर्थराजनीतिक वृत्तमा महत्त्वपूर्ण देन मानिन्छ। कामदार जनता कसरी शोषणमा पर्छन् भन्ने बुझ्न उनको यस सिद्धान्तले सघाउँछ।

मार्क्स र एङ्गेल्सले १८४८ मा कम्युनिस्ट पार्टीको घोषणापत्र

बाँकी पृष्ठ ८ मा



# बुबालाई मार्क्सको त्यो चिठी

डेनिस टालोन




कार्ल मार्क्स १९ वर्षको हुनुहुन्थ्यो । बर्लिन विश्वविद्यालयमा कानुन पढ्दै हुनुहुन्थ्यो । त्यहीबाट उहाँले बुबालाई चिठी लेख्नुभयो, सन् १८३७ नोभेम्बर १०-११ मा । त्यो चिठी मार्क्सको सुरुआती रचना थियो । त्यसमा हामी मार्क्सको सैद्धान्तिक प्रतिबद्धताको बिउ देख्न सक्छौँ । त्यही बाटोमा मार्क्स जीवनभर हिँड्नुभयो ।

विद्वान् अर्न्स्ट ब्लकले लेखे, "यो पत्रमा एक महान् चिन्तक बन्ने उत्कट उत्साह महसुस गर्न सकिन्छ । यो एक जवान दार्शनिकको आँधीमय र फराकिलो सोचको अनुपम प्रमाण हो ।"

### ऐतिहासिक सन्दर्भ

कार्ल मार्क्सको जन्म प्रसियाको ट्रियरमा भयो, सन् १८१८ मे ५ को दिन । ट्रियर राइनल्यान्डको सानो सहर थियो । त्यहाँ दुइटा मूल सडक थिए; ससाना गल्ली र तेर्सा गोरेटा थिए । उहाँले बोन विश्वविद्यालयबाट पढाइ सुरु गर्नुभयो । त्यो 'राइनल्यान्डको बौद्धिक केन्द्र थियो' भन्छन् एक विद्वान । उहाँ नौवटा विषयमा भर्ना हुनुभयो । यति महत्त्वाकाङ्क्षी भारी बोक्ने छोराको चाहनाबारे बुबाले लेख्नुभयो, "नौवटा विषय लिनु अलि बढी नै हुन्छ होला । म तिम्रो शरीर र बुद्धिले थेग्न सक्नेभन्दा बढी काम गरेको हेर्न चाहन्न ।"

असल चाहनाले काम गरेन । बोनमा मार्क्सले लफडा गरेर समय बिताउनुभयो । उहाँले डुयल पनि खेल्नुभएको भनाइ छ । खुला स्थानमा भाँडभैलो गरेको हुनाले उहाँ एक दिन थुनामा पर्नुभयो । त्यस्तै, सडकमा लडाइँ गर्दा एकजनालाई घाइते बनाएको हुनाले एकपल्ट उहाँले जरिवाना पनि तिर्नुभएको थियो । तर, उहाँले डुयल लडेको कुनै प्रमाण भने छैन । सन् १८३० को बोनका विद्यार्थीहरूको आम माहोल हेरेर कसैले त्यसो भनेको हुन सक्छ ।

सन् १९३६-३७ को शैक्षिक सत्रमा उहाँले बर्लिनमा कक्षा स्थानान्तरण गर्नुभयो । त्यहाँको बसाइबारे पनि अनेक किस्सा छन् । तर, बर्लिनको जीवन बोनको भन्दा शान्त रह्यो । एक विद्वान्ले लेखका छन्, "विश्वविद्यालय बदल्नैपर्ने स्थिति थियो ।" बोन सहर नजिक थियो र पढाइ पनि सस्तो थियो । पहिलो वर्ष त्यहाँ पढेर गम्भीर अध्ययनका लागि प्रतिष्ठित र महँगो बर्लिन जाने योजना बुनिएको थियो । तिनताका उच्च मध्यम वर्गले छोराछोरी पढाउन यही रणनीति अपनाउँथे ।

हामी यहाँ जून चिठी पढ्दै छौँ, त्यो बाटो भड्किएको छोराले आस मारिसकेको बुबालाई लेखेको चिठी होइन । यो एक गम्भीर छोराले आफ्नो पढाइमा अचाक्ली खर्च गरिसकेका चिन्तित बुबालाई लेखेको चिठी हो ।

चिठी पढ्नुअघि अर्को कुरा पनि ध्यानमा राखौँ । कार्लले जेनी भोन वेस्टफालेनसँग गोप्य तवरले मगनी गर्नुभएको थियो । जेनी मार्क्सभन्दा ४ वर्ष जेठी हुनुहुन्थ्यो । उहाँ प्रतिष्ठित घरानाकी छोरी हुनुहुन्थ्यो । जेनीसँग मगनीको मात्र सम्बन्ध थिएन । जेनीका बुबा लुडविग भोन वेस्टफालेन कार्लका सुरुसुरुका बौद्धिक गुरु हुनुहुन्थ्यो । किशोर मार्क्सलाई उहाँले होमर र शेक्सपियरका रचना पढेर सुनाउनुहुन्थ्यो । पछि मार्क्सले आफ्नो विद्यावारिधिको शोधपत्र उहाँलाई नै समर्पित गर्नुभयो । (बुबा) हेनरिख मार्क्स र (ससुरा) लुडविग भोन वेस्टफालेन मार्क्सका दुई गम्भीर बौद्धिक गुरु हुनुहुन्थ्यो । उहाँहरूले नै मार्क्सको सुरुआती विचारलाई आकार दिनुभएको थियो ।

हेनरिख मार्क्सले जर्मनीको बाड एम्स सहरबाट मार्क्सलाई पत्र लेख्नुभयो । तिनताका श्वासप्रश्वासको समस्या हुँदा खनिज पानीमा स्नानका लागि त्यहाँ जाने चलन थियो । अगस्त १२ गते लेखिएको त्यो पत्रमा हेनरिखले कान्छो भाइ एडुआर्ड '६ महिनादेखि बिरामी भएको र दुब्लाएको' लेख्नुभयो । उहाँले 'भाइको लक्षण बालबच्चामा कमै देखिने गरेको र निको हुनेमा शङ्का रहेको' लेख्नुभयो । उहाँले 'भाइ मर्ला भनेर निकै उदासी छाएको' भन्दै मनको बह पोख्नुभयो । पत्रमा हेनरिखले आफूलाई ८ महिनादेखि खोकी लागिरहेको र आफ्नो पेशाले गर्दा समस्या झन् बल्झिएको पनि बताउनुभयो । खासमा उहाँलाई क्षयरोग लागेको थियो । पत्रमा उहाँले यो कुरा खोल्नुभएन । यसरी मार्क्सलाई 'भाइ मर्दै छ' भन्ने थाहा भयो तर बुबा सिकिस्त भएको थाहा भएन । परिवार नै सङ्कटमा थियो । यो पत्र मार्क्स-एँगेल्सका सङ्कलित रचनाको पहिलो खण्डमा पढ्न पाइन्छ । झन्डै १२ पेजमा फैलिएको यो चिठी रातभरि जागा रहेर एकै बसाइमा लेखिएको थियो ।

### चिठी

१९ वर्षका मार्क्सले चिठीको सिरानमै भव्य भाषामा आफ्नो जीवनको चित्रण गर्नुभएको छ । उहाँ लेख्नुहुन्छ, "मान्छेको जीवनमा यस्ता क्षणहरू आउँछन्, जुन बिन्दुमा जीवनको एउटा अवधि टुङ्गिन्छ तर सँगै नयाँ दिशाको स्पष्ट सङ्केत पनि मिल्छ । (यस्तो क्षणमा) आफ्नो वास्तविक अवस्थाबारे सचेत बन्ने उद्देश्यले हामी विगत र वर्तमानलाई विचारको फराकिलो आँखाले हेर्न बाध्य हुन्छौँ ।"

यो भनाइबाट दुई कुरा स्पष्ट हुन्छ । पहिलो, मार्क्सले यो पत्र कसरी पढिनेछ भन्ने हेक्का राख्नुभएको छ । उहाँले आफ्नो खर्च र परीक्षाको तयारीबारे केही भन्नुभएन । बरु हेगेल शैलीको विचारकले जस्तै कुरा राख्नुभएको छ । दृष्टिकोण व्यापक र स्तरीय छ । दोस्रो, उहाँले बुबाबाट एउटा अनुमति चाहनुहुन्छ । उहाँ आफ्नो जीवनलाई सामान्य जीवनक्रममा अल्झाउन चाहनुहुन्न बरु विकसित हुँदै जाने भावको रूपमा अभिव्यक्त गर्न चाहनुहुन्छ । अर्थात् उहाँ यो चिठीलाई यसकै भाषामा बुझिदिन आग्रह गर्नुहुन्छ ।

यसपछि मार्क्सले जीवनलाई पछि फर्केर हेर्नुहुन्छ - जेनीसँग बिछोडिएर मार्क्स बर्लिन आउनुभयो, आफ्नो पुरानो सामाजिक परिवेश छोड्नुभयो र पढाइमा आफैलाई बिर्सनुभयो । उहाँले कविता लेख्नुभयो । अहिले अलि टाढाबाट हेर्दा उहाँले (आफ्नो काव्यमा) 'जे छ र जे हुनुपर्ने हो, त्यसबिच खाडल' पाउनुभयो । कविताको आवरणमा त्यहाँ भाषणबाजी भएको र त्यसलाई 'जुनको जुनेली चोरी बनाइएको', जीवनबाट भन्दा पनि शून्यबाट तयार पारिएको भन्नुभयो । उहाँले झन्डै ३०० पेजमा कानुनको दर्शनको लेख्न खोज्नुभयो । तर, विफल हुनुभयो । उहाँले अर्को काम थाल्नुभयो । जरैबाट नयाँ आध्यात्मिक प्रणाली निर्माण गर्न खोज्नुभयो । फेरि पनि विफल हुनुभयो । तब उहाँले २४ पेजको दार्शनिक संवाद 'क्लिनथिस' लेख्नुभयो । यसमा दर्शनको भित्री मर्म उजागर गर्न खोज्नुभयो । यो काम पनि विफल भयो । (यो घटना निकै रोचक छ । यसबारे पछि चर्चा गरौँला ।) मार्क्स बिरामी हुनुभयो । आराम गर्न उहाँ बर्लिननजिकै पर्ने माझी गाउँ स्त्रालाउ जानुभयो । कसरी हो, त्यहाँ उहाँमा दार्शनिक रूपान्तरण आयो ।

उहाँ सामाजिक र बौद्धिक रूपले फेरिनुभयो । तिनैताका उहाँ डक्टर क्लबमा आकर्षित हुनुभयो । डाक्टर क्लब बर्लिनका युवा प्राज्ञ र पत्रकारहरूको मण्डली थियो । त्यसमा ब्रुनो बावेर र एडोल्फ रुटेनबर्गजस्ता विचारक पनि थिए । केही समयपछि उनीहरूलाई युवा हेगेलवादी भन्न थालियो । मार्क्स हेगेलको विचारबाट टाढिन चाहनुहुन्थ्यो । किनभने, त्यसका प्रत्येक तर्क एउटै ढाँचामा बुनिएका थिए । तर, डाक्टर क्लबमा हुने वादविवादले मार्क्सलाई हेगेलको विचारमा बाँध्दै लग्यो । एक विद्वानले डाक्टर क्लबलाई 'दर्शन र हेगेलको विषयमा छलफल गर्न खोजिएको अनेकथरी मान्छेको खुकुलो क्लब' भनेका छन् । तर, त्यसको महत्त्वलाई कम आँक्न मिल्दैन । त्यहीबाट राजनीतिमा मार्क्सको चासो बढेको थियो । यो सरोकार कैयन वर्ष कायम रह्यो । घर छोडेर बर्लिन आएका जवान मार्क्सले पुराना सबै सम्बन्ध तोडेर 'आफ्ना मान्छे' भेट्नुभएको कुरामा गएर चिठी टुङ्गिन्छ ।

चिठीमा उहाँको जीवनचर्याको वर्णन छ । हरेक अनुच्छेद साहित्यिक ढङ्गले टुङ्ग्याइएको छ । तीनटा परिच्छेद एकदम रोचक छन् । तिनलाई यहाँ पालैपालो चर्चा गरिनेछ ।

### धेरै घर्रायुक्त टेबल

आफूले लेख्न खोजेको तर अधुरै छोडेको कानुनको किताबबारे मार्क्सले चिठीमा उल्लेख गर्नुभएको छ । वर्णनको बिचमा त्यो प्रसङ्ग आउँछ । उहाँले आफ्नो किताबलाई उपशीर्षकमा बाँड्नुभएको थियो - औपचारिक सिद्धान्त (वैधानिक अवधारणाको खाका) र भौतिक सिद्धान्त (भित्री विषयवस्तु) । उहाँले पहिले संरचना (रूप) तयार पारेर त्यसभित्र विषयवस्तु (सार) भर्ने सोच्नुभएको थियो । परिणाम अर्कै निस्कियो । मार्क्स लेख्नुहुन्छ, "त्यो वास्तविक रूप थिएन बरु धेरै घर्रा भएको टेबल जस्तो थियो, जसमा मैले बालुवा नै बालुवा भरिदिएँ ।"

चित्रण सजीव छ । उहाँले आफू उम्किन खोजिरहेको रोगको नाम भन्नुभयो । त्यसलाई हामी 'कान्ट र फिक्टेको आदर्शवाद' भन्न सक्छौँ । त्यो रोगका अनेक लक्षण छन् । (त्यो लक्षण के भने 'जे छ र जे हुनुपर्ने हो' त्यसबिच खाडल बन्छ । दार्शनिकले विषयलाई बाहिरबाट चक्कर लगाउँ छ, मूल मान्यताहरू वास्तविक आन्तर्यबाट अलग्गिन्छन् ।) तर, मूल समस्या एउटै हुन्छ - सबै वस्तुलाई मिलाएर एउटै गति बनाउनुको साटो वस्तुलाई अलग्याउन पुगिन्छ । सारबाट अलग्गिएको रूप बनाउँदा घर्रायुक्त टेबल बन्ने नै भयो । घर्रा चिटिक्कको हुन पनि सक्छ । तर, त्यसभित्र जे भरिन्छ, त्यो बालुवा नै बन्छ ।

यो कुराको धेरै महत्त्व छ । किनभने, यहीँनिर पहिलोपल्ट मार्क्सले आफ्नो विधिगत प्रतिबद्धता जनाउनुभयो । यो विधिलाई उहाँले कहिल्यै परित्याग गर्नुभएन । पछि मार्क्सले अनेक राजनीतिक अर्थशास्त्रीको आलोचना गर्नुभयो । त्यसबेला उहाँले माल/वस्तुलाई बुझ्न वास्तविक उत्पादन, विनिमय र सञ्चयको माध्यमबाट मूल्यको वास्तविक गतिलाई पहिल्याउनुपर्नेमा जोड दिनुभयो । यो जोडमा उहाँले १९ वर्षको छँदा आफूले बुबालाई लेखेकै कुरा दोहोऱ्याउनुभएको थियो । १९ वर्षको उमेरमा उहाँले जसलाई घर्रायुक्त टेबल भन्नुभयो, त्यो विधिगत शत्रुसँग उहाँ आजीवन लड्नुभयो ।

### धर्तीको केन्द्रका देवताहरू

केही अनुच्छेदमुनि मार्क्सले त्यो रोग हल गर्ने सिद्धान्त उल्लेख गर्नुभयो । मार्क्समा दार्शनिक रूपान्तरण आएपछि समाधान दुई वाक्यमा समाहित भयो : "कान्ट र फिक्टेको आदर्शवादलाई तुलना गरी बलियो पारेको आदर्शवादबाट म यथार्थभित्रै विचार खोज्ने बिन्दुमा पुगेँ । पहिले देवताहरू पृथ्वीमाथि विचरण गर्थे भने अब उनीहरू धर्तीको केन्द्र बने ।" पहिलो वाक्यमा मार्क्सको दार्शनिक रूपान्तरण झल्किन्छ । पुरानो आदर्शवादले विचारलाई यथार्थभन्दा अन्तै लगेर उभ्याउँथ्यो; दार्शनिकको दिमागी चिन्तनमा सीमित गर्थ्यो; विचारलाई संसारभन्दा माथि र जगतविरुद्ध उभ्याउँथ्यो । मार्क्सले विचारलाई यथार्थमा हेर्न खोज्नुभयो । विचार भौतिक संसारभन्दा माथि छैन, बरु संसार जस्तो छ, विचार पनि त्यस्तै छ, संसारमै राखेर यसलाई राम्ररी बुझ्न सकिन्छ ।

दोस्रो वाक्यले यसैलाई मिथकको रूप दिन्छ । पहिले, देवताहरू धर्तीमाथि बस्थे । अलौकिकहरूले बाहिरबाट न्याय गर्थे । अब उनीहरू तल ओर्लेका छन् र धर्तीको केन्द्र बनेका छन् । धर्तीको भित्री सिद्धान्त, केन्द्र, विश्व जे छ त्यसको मर्म बनेका छन् । बाहिरिया अलौकिकहरू भित्री आन्तर्य बनेका छन् । (१)

(टिपोट १ : यो चित्रणमा ग्रीक दार्शनिक एपिक्युरसको झल्को पाइन्छ । उनका देवताहरू 'इन्टरमुन्डिया' मा विचरण गर्थे । (इन्टरमुन्डिया एउटा असीम रिक्तता थियो । परमाणुहरूले संसार बनाउनुभन्दा पहिले त्यो शून्य स्थान थियो भन्ने मानिन्थ्यो ।) तर, मार्क्सको अध्ययनक्रमले यसको पुष्टि गर्दैन । ग्रीक परमाणुको सिद्धान्तबारे मार्क्सले १८३९-४१ तिर अध्ययन गर्नुभएको छ । यही अवधिमा उहाँले डेमोक्रेटस र एपिक्युरसको भिन्नताबारे विद्यावारिधि गर्नुभएको थियो ।)

यो सारलाई मार्क्सले पछि पनि छोड्नुभएन । जीवनको बाँकी ४५ वर्ष मार्क्सले लेख्नुभएका सबथोकमा यो विधि लगातार कायम रह्यो । 'यथार्थ' बारे यो चिठीमा लेखिएको 'सार' विभिन्न चरणमा अघि बढ्यो । सन् १८३७ मा यो 'सार' लाई मार्क्स 'हेगेलीय गाइस्ट' भन्नुहुन्थ्यो । सन् १८४४ मा उहाँले त्यसलाई फोयरबाखको भाकामा 'मानव स्पिसिज-बिइङ' भन्नुभयो । त्यसपछि मार्क्सको कृति 'पुँजी' मा त्यही 'सार' भौतिक अवस्था, उत्पादक शक्ति र उत्पादनको सामाजिक सम्बन्ध बन्यो । तर, सिद्धान्तको 'रूप' कहिल्यै फेरिएन । विचार भनेको यथार्थभित्र हुनुपर्छ, यथार्थभन्दा माथि वा पारि होइन । वस्तुको आफ्नै गतिमा त्यसको तार्किक ढाँचा हुन्छ, त्यसलाई बाहिरबाट थोपर्ने होइन ।

मार्क्सले पछि 'मैले हेगेललाई 'खुट्टामा उभ्याएँ' र रहस्यमयी खोलबाट 'तार्किक गुदी' निकालेँ भन्नुभयो । तर, यसको सङ्केत १९ वर्षका मार्क्सले लेख्नुभएको चिठीमै पाइन्छ । लाग्छ, १८३७ मा लेखिएको यो चिठी शङ्खनाद थियो भने 'पुँजी' त्यसको सबैभन्दा परिपक्व प्रयोग थियो ।

### झूटो घन्टी

तेस्रो परिच्छेदमा मार्क्स आफूलाई रूपान्तरण नगरी नहुने मोडमा पुग्नुहुन्छ । उहाँ हेगेलको फन्दामा पर्न खोज्नुभएन । उहाँलाई हेगेलका रचनाको 'विचित्रै दुरुह धुन' मन परेको थिएन । यो कुरा उहाँले स्वीकार्नुभयो । हेगेलका रचनालाई परीक्षण गर्ने सोचका साथ मार्क्स हेगेलमा डुब्नुभयो । हेगेलले भन्ने गरेको 'दिमाग' भौतिक जगतजत्तिकै आवश्यक र ठोस छ कि छैन भनी जाँच्ने लक्ष्य थियो उहाँको । तर, २४ पेजको दार्शनिक संवाद 'क्लिनथिस' मा काम गर्दागर्दै उहाँले एउटा अनपेक्षित सत्य पत्ता लगाउनुभयो ।

"हेगेलीय प्रणालीको सुरुआतबारे अध्ययन गर्दै थिएँ । तर, जुनेली रातमा हुर्केको मेरो यो प्यारो सन्तानले एउटा झूटो घन्टीले झैँ मलाई शत्रुको घेरामा पुऱ्यायो ।"

बाँकी पृष्ठ १० मा

# भेनेजुयलाको भ्रममा इरान आक्रमण ट्रम्पको लहड र अमेरिकी साम्राज्यको पराजय

**● जेफ्री स्याक्ससिबिल फारेस**

अमेरिका र इजरायलले २८ फेब्रुअरी २०२६ मा इरानविरुद्ध सुरु गरेको युद्ध सम्भवतः अमेरिका पछि हटेसँगै अन्त्य हुनेछ । विनाशकारी परिणामहरू नल्याई अमेरिकाले यो युद्ध जारी राख्न सक्दैन ।

फेरि तनाव बढाउँदा यस क्षेत्रको तेल, ग्यास र पानीको नुनिलोपना हटाउने पूर्वाधार नष्ट हुने सम्भावना छ । यसबाट लामो समयसम्म विश्वव्यापी सङ्कट निम्तिनेछ । अमेरिकाले सहन नसक्ने र विश्वले भोग्न नहुने मूल्य चुकाउन इरानले बाध्य पार्न सक्छ ।

अमेरिका-इजरायलको युद्ध योजना नेतृत्वलाई सिध्याउने थियो । यो योजना प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र मोसादका निर्देशक डेभिड बार्नियाले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई मनाएर तयार पारेका थिए ।

अमेरिका र इजरायलको आक्रामक संयुक्त बमबारी अभियानले इरानी सत्ताको कमान्ड संरचना, आणविक कार्यक्रम र आईआरजीसीका उच्च नेतृत्वलाई कमजोर बनाउने र सत्ता ढल्ने उनीहरूको अनुमान थियो । त्यसपछि अमेरिका र इजरायलले तेहरानमा आफू अनुकूलको सरकार लाद्ने योजना बनाएका थिए ।

भेनेजुएलामा जे भएको थियो, इरानमा पनि त्यस्तै हुन्छ भन्ने ट्रम्पलाई लागेको देखिन्छ । जनवरी २०२६ मा भेनेजुएलामा भएको अमेरिकी कारबाहीले राष्ट्रपति निकोलस मादुरोलाई हटाएको थियो । यो सीआईए र भेनेजुएलाको राज्य संयन्त्रभित्रका तत्त्वहरूबिचको समन्वयात्मक कारबाहीजस्तो देखिन्थ्यो ।

भेनेजुएलाको अधिकांश शक्ति संरचना यथावत् रहँदा अमेरिकाले आफू अनुकूलको सत्ता प्राप्त गरेको थियो । इरानमा पनि त्यस्तै नतिजा आउने ट्रम्पले मूर्खतापूर्ण विश्वास गरेको देखिन्छ ।

तर, इरान कारबाहीले तेहरानमा आफू अनुकूलको सत्ता स्थापित गर्न सकेन । ऐतिहासिक, प्राविधिक, सांस्कृतिक, भौगोलिक, सैन्य, जनसाङ्ख्यिक वा भूराजनीतिक रूपमा इरान भेनेजुएला होइन । काराकासमा जे भयो, त्यसको तेहरानमा हुने घटनासँग निकै कम सम्बन्ध थियो ।

इरानी सरकार ढलेन । इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) ध्वस्त हुनुको सट्टा कडा आन्तरिक कमान्ड र राष्ट्रिय सुरक्षा संरचनामा विस्तारित भूमिकाका साथ उदायो । सर्वोच्च नेताको कार्यालय टिकिरह्यो, धार्मिक संस्थाहरू यसको पक्षमा एकजुट भए र जनता बाह्य आक्रमणको विरुद्धमा एक ढिक्का भए ।

दुई महिना बितिसक्दा पनि ट्रम्प र नेतन्याहुको नियन्त्रणमा इरानको कुनै उत्तराधिकारी सरकार छैन । युद्ध अन्त्य गर्न इरानले आत्मसमर्पण गरेको छैन र जीतको कुनै सैन्य बाटो पनि बाँकी छैन । अब बाँकी रहेको एउटै मात्र बाटो पछाडि हट्नु हो र अमेरिकाले त्यही बाटो लिइरहेको देखिन्छ । यस अवस्थामा स्ट्रेट अफ होर्मुजको नियन्त्रण इरानको हातमा हुनेछ भने अमेरिका र इरानबिचका अन्य कुनै पनि मुद्दा सुल्झिने छैनन् ।

अमेरिकाको विनाशकारी गलत आँकलन र इरानको सफलतालाई विभिन्न कारणले पुष्टि गर्छन् ।

पहिलो, अमेरिकी नेताहरूले इरानलाई आधारभूत रूपमै गलत बुझे । इरान ५ हजार वर्षको इतिहास, गहिरो संस्कृति, राष्ट्रिय लचिलोपन र गौरव बोकेको महान् सभ्यता हो । इरानी सरकार अमेरिकी धम्की र बमबारीसामु झुक्नेवाला थिएन ।

विशेषगरी, सन् १९५३ मा अमेरिकाले लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई अपदस्थ गरेर इरानी लोकतन्त्रलाई कसरी नष्ट गरेको थियो र २७ वर्षसम्म टिकेको प्रहरी राज्य स्थापना गरेको थियो भन्ने कुरा इरानीहरूले अझै सम्झन्छन् ।

दोस्रो, अमेरिकी नेताहरूले इरानको प्राविधिक विकासलाई ज्यादै कम आँकलन गरे । इरानसँग विश्वस्तरको इन्जिनियरिङ र गणित छ । उसले उन्नत ब्यालेस्टिक क्षेप्यास्त्र, स्वदेशी ड्रोन उद्योग र अन्तरिक्षमा पठाउन सक्ने स्वदेशी क्षमतासहितको आफ्नै रक्षा औद्योगिक आधार तयार गरेको छ । ४० वर्षदेखि बढ्दो प्रतिबन्धका बाबजुद इरानले निर्माण गरेको प्राविधिक विकासको रेकर्ड एक आश्चर्यजनक राष्ट्रिय उपलब्धि हो ।



तेस्रो, सैन्य प्रविधि इरानको पक्षमा ढल्केको छ । इरानका ब्यालेस्टिक क्षेप्यास्त्रको लागत तिनलाई रोक्न खटाइने अमेरिकी इन्टरसेप्टरहरूको तुलनामा निकै कम छ । इरानी ड्रोनको मूल्य २० हजार डलर छ भने अमेरिकी वायु रक्षा इन्टरसेप्टर क्षेप्यास्त्रको लागत ४० लाख डलर पर्छ । लाखौँ डलरको लागतमा बन्ने इरानका पानीजहाज भेदी क्षेप्यास्त्रले २ देखि ३ अर्ब डलर पर्ने अमेरिकी विनाशक जहाजहरूलाई खतरामा पार्छन् ।

खाडी वरपर इरानको एन्टी-एक्सेस र एरिया-डिनायल नेटवर्क, तहगत वायु रक्षा, ड्रोन र क्षेप्यास्त्र प्रहार गर्ने क्षमता तथा जलमार्गमा समुद्र-निषेध क्षमताले इरानमाथि अमेरिकी इच्छा लाद्ने कार्यको लागत अमेरिकाले धान्न सक्नेभन्दा निकै महँगो बनाएको छ । यसमा इरानले छिमेकी देशहरूमा गर्न सक्ने प्रतिशोधात्मक विनाशलाई पनि ध्यानमा राख्नुपर्छ ।

चौथो, अमेरिकी नीति निर्माण प्रक्रिया अतार्किक बनेको छ । इरान युद्धको निर्णय मार-ए-लागोमा राष्ट्रपतिका वफादारहरूको सानो घेराले गरेको थियो । यसमा कुनै औपचारिक अन्तर-निकाय प्रक्रिया अपनाइएको थिएन र राष्ट्रिय सुरक्षा परिषद् अघिल्लो वर्षदेखि नै खोक्रो बनिसकेको थियो ।

ट्रम्पका राष्ट्रिय प्रतिआतंकवाद केन्द्रका निर्देशक जो केन्टले राष्ट्रपतिलाई धोका दिन एउटा 'इको चेम्बर' प्रयोग गरिएको विवरणसहितको सार्वजनिक पत्र लेख्दै मार्च १७ मा राजीनामा दिए । यो युद्ध त्यस्तो निर्णय प्रक्रियाको उपज थियो, जहाँ छलफल गर्ने संयन्त्र नै बन्द गरिएको थियो ।

यो न त आवश्यकताको युद्ध थियो, न त छनोटको । यो त लहडको युद्ध थियो । यसको अन्तर्निहित आधार आधिपत्य जमाउनु थियो । अमेरिका आफूसँग हुँदै नभएको विश्वव्यापी प्रभुत्व जोगाउने प्रयास गरिरहेको थियो, र इजरायल आफूले कहिल्यै प्राप्त गर्न नसक्ने क्षेत्रीय प्रभुत्व स्थापित गर्ने प्रयासमा थियो ।

यी सबै कुरालाई हेर्दा, तीनवटा नयाँ यथार्थ बाहेक यो युद्ध सम्भवतः पहिलेकै अवस्था/यथास्थितिको नजिक पुगेर अन्त्य हुनेछ । पहिलो, स्ट्रेट अफ होर्मुजमा इरानको सञ्चालन नियन्त्रण हुनेछ । दोस्रो, इरानको प्रतिरोधात्मक क्षमता उल्लेख्य रूपमा बढ्नेछ । तेस्रो, खाडीमा अमेरिकाको दीर्घकालीन सैन्य उपस्थिति निकै कम हुनेछ । अमेरिकालाई इरानमाथि आक्रमण गर्न उक्साउने अन्य मुद्दाहरू- इरानको आणविक कार्यक्रम, क्षेत्रीय समर्थित समूहहरू र क्षेप्यास्त्र भण्डार- सम्भवतः युद्धको सुरुवाती अवस्थामै छुट्नेछन् ।

अमेरिका पछाडि हटे पनि इरानले आफ्ना छिमेकीहरूविरुद्ध फाइदा उठाउने प्रयास गर्ने छैन । यसका तीनवटा कारण छन् । पहिलो, आफ्ना खाडी छिमेकीहरूसँग निरन्तर युद्ध गर्नुको साटो सहकार्य गर्नुमा इरानको दीर्घकालीन रणनीतिक स्वार्थ छ । दोस्रो, भर्खरै सफलतापूर्वक अन्त्य गरेको युद्ध पुनः सुरु गर्न इरानलाई कुनै चासो हुने छैन । तेस्रो, यदि कुनै संयमको आवश्यकता परेमा, इरानलाई उसका महाशक्ति समर्थकहरू रुस र चीनले रोक्नेछन् । यी दुवै देश स्थिर र समृद्ध क्षेत्र चाहन्छन् । इरानी नेतृत्वले यो कुरा स्पष्ट रूपमा बुझेको छ र लडाइँ रोक्नेछ ।

आउँदै गरेको पछाडि हट्ने कदमलाई ट्रम्पले कुनै ठुलो सैन्य र रणनीतिक जीतका रूपमा चित्रण गर्ने प्रयास निस्सन्देह गर्नेछन् । तर यस्ता कुनै पनि दाबी सत्य हुने छैनन् । सत्य यो हो, इरान अमेरिकाले बुझेभन्दा धेरै गुणा परिष्कृत छ, युद्धमा जाने निर्णय अतार्किक थियो र युद्धको आधारभूत प्रविधि अमेरिकाको विपक्षमा परिवर्तन भएको छ । स्वीकार्य आर्थिक, सैन्य र राजनीतिक मूल्य चुकाएर अमेरिकी साम्राज्यले इरानविरुद्धको युद्ध जित्न सक्दैन ।

यद्यपि, अमेरिकाले पुनः प्राप्त गर्न सक्ने कुरा भनेको केही हदसम्मको तार्किकता हो । अब अमेरिकाले सत्ता परिवर्तन गर्ने आफ्ना अभियानहरू बन्द गर्दै अन्तर्राष्ट्रिय कानुन र कूटनीतिको बाटोमा फर्किने बेला आएको छ ।

*- अल जजिराबाट*

# इरानको क्षमतालाई कम आकलन गर्नु अमेरिकाका लागि प्रत्युत्पादक

**● मनोज जोशी**

अमेरिका-इजरायल अभियान सैन्य रूपमा विनाशकारी भएको छ । इरानले ठुलो प्रहार भोगेको छ, तर मुख्य मुद्दा यो हो कि अमेरिकी र इजरायली आफूले राखेका उद्देश्य प्राप्त गर्न सफल भएका छन् कि छैनन् ? इरानविरुद्धको अमेरिका-इजरायल युद्ध तेस्रो चरणका लागि तयारी रूपमा देखिन्छ । पहिलो चरणमा केबल ध्वस्त हुनबाट जोगिएर नै इरान स्पष्ट विजेता बन्यो । दोस्रो चरण बराबरीमा सकियो, इरानले हर्मुजलाई नाकाबन्दी गऱ्यो, फलस्वरूप संयुक्त राज्य अमेरिकाले अर्को नाकाबन्दी गऱ्यो । तेस्रो चरणको नतिजा कस्तो हुनेछ अझै स्पष्ट छैन ।

गत साता ट्रम्पले घोषणा गरे कि 'मानवीय' कदमका रूपमा अमेरिकी नौसेनाले हर्मुज हुँदै विदेशी देशका जहाजलाई मद्दत गर्नेछ, इरानले बाधा पुऱ्याउने प्रयास गरे युद्ध हुन सक्छ । तर, उनको योजनामा के समावेश छ भन्ने कुरा अझै स्पष्ट छैन ।

विभिन्न प्रस्ताव र प्रति-प्रस्तावमा चर्चा भइरहेको छ । तर, सारमा अहिले ट्रम्पले इरानी योजनालाई अस्वीकार गरेका छन्, जसमा मूलतः हर्मुज जलमार्ग पुनः खोल्ने, युद्धको अन्त्य गर्ने र त्यसपछिको चरणमा आणविक वार्ता गर्न आह्वान गरिएको छ । अचम्म मान्नु पर्दैन, अमेरिकाले आणविक मुद्दालाई अगाडि बढाउने संशोधनसाथ प्रतिक्रिया दियो । यद्यपि, हालै प्रस्तुत गरिएको रिपोर्टमा इरानले १५ वर्ष वा सोभन्दा बढी समयसम्म संवर्द्धन निलम्बन गर्न र कुनै भण्डारण प्रतिबद्धता दिन इच्छुक रहेको बताएको छ । तर, प्रस्तावले आणविक पूर्वाधार भत्काउने वा यसको सुविधा नष्ट गर्ने विचारलाई अस्वीकार गऱ्यो ।

'विकल्प छन् । हामी तिनीहरूलाई पूर्ण रूपमा नष्ट गर्न चाहन्छौँ वा सम्झौता गर्ने प्रयास गर्न चाहन्छौँ,' ट्रम्पले गत शुक्रबार इरानलाई लक्षित गर्दै चेतावनी दिएका थिए । यीमध्ये कुनै पनि विकल्प उनका लागि राम्रो देखिँदैन । पहिलो सैन्य वृद्धि हो, तर यसले विश्वव्यापी अर्थतन्त्रमा व्यापक परिणाम ल्याउनेछ र त्यसपछि पनि इरानलाई आणविक मोर्चामा धकेल्न निर्णायक परिणाम हुने सम्भावना कम छ । दोस्रो वार्तामार्फत सम्झौता हो, जसमा ट्रम्पले महत्त्वपूर्ण छुट दिनुपर्नेछ । दुवै पक्षले विश्वास गर्छन् कि उनीहरूको हात माथि छ, वा त्यो प्राप्त गर्न खोजिरहेका छन्, यस चरणमा सम्झौता केही



हदसम्म गाह्रो देखिन्छ ।

अमेरिकाले खोजिरहेको एउटा विकल्प भनेको हर्मुजलाई खुला राख्न बहुराष्ट्रिय कारबाही गर्न आफ्नो गठबन्धनलाई पुनर्जीवित गर्नु हो । ट्रम्प अझै पनि आशा गरिरहेका छन् कि बम विस्फोट गरेर उनले हासिल गर्न नसकेको कुरा लामो समयसम्म नाकाबन्दीबाट प्राप्त गर्न सकिन्छ । समस्या यो हो कि अमेरिका र इजरायलले फेरि एकपटक इरानको क्षमता र लड्ने इच्छालाई कम आकलन गरिरहेका हुन सक्छन् । अमेरिकीहरूले इस्लामिक शासनको एकता र त्यहाँ कथित विभाजनको मुद्दा उठाइरहेका छन् । मुद्दा वास्तवमा त्यो होइन । गतिरोध तोड्न शासनले धेरै प्रस्ताव ल्याएको तथ्यले यो दाबी गरिएभन्दा बढी एकताबद्ध छ भन्ने सङ्केत गर्छ ।

समस्या यो हो कि तेहरानमा कसरी निर्णय लिइँदै छ भन्ने कुरामा ट्रम्प प्रशासनले ध्यान केन्द्रित गरिरहेको छ । इरान आफ्नो स्थापित अडान त्याग्न दबाबमा वार्ताको टेबलमा आइरहेको छैन र यसले आफ्नो लाभको रूपमा हेर्ने बिन्दुबाट वार्ता गरिरहेको छ- इच्छाअनुसार हर्मुज बन्द गर्ने र विश्वव्यापी अर्थतन्त्रलाई असर गर्ने क्षमता ।

फेब्रुअरी र अहिले दुवैमा समस्याको मूल जड भनेको अमेरिका र इजरायलले हासिल गर्न सक्ने यथार्थपरक उद्देश्य परिभाषित गर्ने आवश्यकता र क्षमता हो । इरानको तुलनामा अमेरिका र इजरायलसँग अत्यधिक सैन्य शक्ति छ भन्ने कुरामा कसैलाई शङ्का छैन । तर, विशेषगरी, ब्यालिस्टिक क्षेप्यास्त्र र ड्रोनहरूको प्रयोग, हिजबुल्लाह र हुथीजस्ता यसका सहयोगीका साथ तेहरानका असीमित रणनीति छन् ।

अहिले पनि अमेरिकाले वास्तवमा के चाहन्छ भन्ने कुरा स्पष्ट छैन । आयतोल्लाह अली खामेनीको हत्या गर्ने आफ्नो प्रारम्भिक गल्तीपछि यो स्पष्ट छ कि इरानमा सत्ता परिवर्तन ट्रम्पको योजनाबाहिर छ । यो त्यस्तो कुरा होइन, जुन अमेरिकाले लामो समयसम्म स्थल कारबाहीविना गर्न सक्छ । त्यो पनि इराक र अफगानिस्तानभन्दा धेरै गुणा ठुलो देशमा ।

धेरैलाई थाहा छैन कि इरानमा दुई समानान्तर सैन्य संरचना छन् । आर्टेस परम्परागत रक्षाका लागि जिम्मेवार नियमित सेना हो भने आइआरजिसीलाई शासनको विचारधाराको रक्षा गर्ने जिम्मेवारी दिइएको छ । एउटाले राष्ट्रपतिमार्फत सर्वोच्च नेतालाई रिपोर्ट गर्छ, अर्कोले सीधै उनलाई रिपोर्ट गर्छ ।

अमेरिका-इजरायल अभियान सैन्य रूपमा विनाशकारी भएको छ र इरानले ठुलो प्रहार भोगेको छ । तर, मुख्य मुद्दा यो हो कि अमेरिकी र इजरायली आफूले राखेका उद्देश्य प्राप्त गर्न सफल भए कि भएनन् ? अहिलेको जवाफ 'छैन' हो । स्मरण होस् कि अभियानका उद्देश्य स्पष्ट रूपमा १) शासन परिवर्तन हासिल गर्ने, २) इरानको ब्यालिस्टिक क्षेप्यास्त्र क्षमतालाई नष्ट गर्ने, ३) यसको आणविक क्षमतालाई समाप्त गर्ने र ४) इरानलाई हिजबुल्लाह, हुथी र हमासजस्ता क्षेत्रीय सहयोगीलाई समर्थन रोक्न बाध्य पार्नेजस्ता उल्लेख गरिएको थियो । एआईलक्षित गरेर र असाधारण परम्परागत हतियार र इजरायली स्थल गुप्तचरको प्रयोगद्वारा समर्थित दुई महिनाको निरन्तर बमबारीपछि उद्देश्य स्पष्ट रूपमा प्राप्त भएका छैनन् ।

**पेचिलो विषय आणविक मुद्दा**

सायद सबैभन्दा महत्त्वपूर्ण असफलता आणविक मुद्दासँग सम्बन्धित छ । इरानसँग समृद्ध सामग्रीको महत्त्वपूर्ण भण्डार छ, जसमा ६० प्रतिशतमा समृद्ध ४४० किलोग्राम युरेनियम समावेश छ । वास्तवमा इरानसँग विभिन्नस्तरमा कुल ११ टन युरेनियम समृद्ध छ । यसको प्रमुख सुविधामध्ये एक नातान्जनजिकै कुह-ए-कोलाग गाज ला ( पिकाक्से माउन्टेन) मा रहेको ग्रेनाइट पहाडमुनि अछुतो छ, जुन स्पष्ट रूपमा कुनै पनि अमेरिकी बमको पहुँच हुन सक्दैन । अमेरिकी अभियानको सन्दर्भमा एउटा महत्त्वपूर्ण कुरा के हो भने भवन र सुविधा नष्ट हुन सक्छन् र प्रक्रियामा ढिलाइ हुन सक्छ, तर यदि इरानले आणविक हतियार बनाउने निर्णय गर्छ ।

ध्यान दिनुहोस्, अवश्य पनि आइएइए प्रमुख राफेल ग्रोसीसहित धेरैजसो मूल्याङ्कनले अमेरिका-इजरायली आक्रमणको पूर्वसन्ध्यामा इरानसँग आणविक हतियार कार्यक्रम थिएन भन्ने कुरा उल्लेख गरेका छन् । इरानले त्यस्ता हतियार बनाउने क्षमता जम्मा गर्ने रणनीति अपनाएको थियो, तर २००३ देखि वास्तविक प्रक्रियाबाट पन्छिएको थियो ।

त्यसपछि, यसले संयुक्त व्यापक कार्ययोजना (जेसिपिओए) मा हस्ताक्षर गऱ्यो, जुन संयुक्त राष्ट्र सङ्घद्वारा अनुमोदित योजना हो, जसअन्तर्गत इरानले विद्युत् उत्पादन गर्न सक्ने युरेनियम संवर्द्धनलाई ३.६७ प्रतिशतमा सीमित गर्न सहमति जनायो । यसले आफ्नो समृद्ध युरेनियम भण्डारलाई ९८ प्रतिशतले घटाएर केवल ३०० किलोग्राममा झार्ने सहमति पनि गऱ्यो ।

*(जोशी अब्जर्भर रिसर्च फाउन्डेसनका विशिष्ट व्याख्याता हुन् ।)*

*- द वायरबाट*

# विश्वका मजदुर आन्दोलनबारे अध्ययन गोष्ठी




भक्तपुर। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) द्वारा लिखित 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' पुस्तकमा समावेश मजदुर आन्दोलनहरूबारे अध्ययन गोष्ठी कार्यक्रम प्रभात इङ्लिस सेकेन्डरी स्कूलको आयोजनामा गएको मङ्गलबार सम्पन्न भयो।

१३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य एवं विद्यालय व्यवस्थापन समितिका सदस्य सुजना सैंजुले मार्क्सवादी दृष्टिकोण एवं सिद्धान्तका आधारमा सन् १९१७ मा विश्व प्रसिद्ध अक्टोबर समाजवादी क्रान्ति सोभियत सङ्घमा सफल भएको बताउनुभयो।

मार्क्सवादी दृष्टिकोणअनुसार क्रान्ति सफल हुन क्रान्तिकारी पार्टी हुनु जरूरी भएको स्पष्ट पार्दै उहाँले वर्गसङ्घर्षबाट समाजवादी व्यवस्था स्थापना हुनेछ भन्नुभयो।

कुनै पनि कुरालाई आलोचनात्मक ढङ्गले हेर्नु जरूरी भएको आवश्यकता औंल्याउँदै केन्द्रीय सदस्य सैंजुले परिवर्तन बहुसङ्ख्यक कामदार जनताको पक्षमा हुनु जरूरी छ भन्नुभयो।

विद्यालय व्यवस्थापन समितिका सदस्य गौतमप्रसाद लासिवाले विश्वका विभिन्न देशमा सयौं वर्षदेखि हुँदै आएका मजदुर आन्दोलनको अनुभव, महान् दार्शनिक कार्ल मार्क्स र एङ्गेल्सले प्रकाशन गर्नुभएको कम्युनिस्ट घोषणापत्र, सन् १८७१ को पेरिस कम्युन आन्दोलनको अनुभव र सन् १८८६ मा विश्वका मजदुरहरूको हक हितको निम्ति भएको मजदुर आन्दोलनबारे बताउनुभयो।

कामदारमाथि हुने शोषणको सीमा नाघेपछि मजदुरहरूको अगुवाइमा विद्रोह हुनेतर्फ सबै सचेत हुनुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा विद्यालयका प्राचार्य बदनकेशरी प्रजापति, अनिता च्वलेखो, सोना छुस्याबाग, राजकुमार साखकर्मी, रमिता सुवाल, अनिता न्हुछे, आरती लासिवा, संगिना नायजु र लिना लासिवाले पुस्तकमा समावेश मजदुर आन्दोलनबारे अध्ययनको सार राख्नुभएको थियो।

# वैदेशिक ऋणले देश उपनिवेश बन्ने

काभ्रे। १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काभ्रेको आयोजनामा बनेपामा विचार गोष्ठी भयो।

नेपालको श्रम ऐन २०७४ र संशोधनसहितको नियमले दिनको ८ घण्टा, हप्तामा ४८ घण्टा कामको समय प्रत्याभूति गरेको भए पनि पूर्णरूपमा पालना नभएको विचार नेपाल मजदुर किसान पार्टी काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यले बताउनुभयो।

उहाँले भन्नुभयो, "कुटीर उद्योग र कृषिलाई प्राथमिकतामा राखेर देशलाई आत्मनिर्भर बनाउनु पर्छ। वैदेशिक ऋणले देश उपनिवेश बन्ने हुँदा वर्तमान दुईतिहाइको सरकारले पनि विगतकै शासकहरूको अर्थनीतिलाई पछ्याउनु गलत छ।"

स्वदेशमै रोजगारीको बन्दोबस्त हुनुपर्ने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुनुपर्ने, बेरोजगार युवाहरूलाई बेरोजगार भत्ताको व्यवस्था हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपाल मजदुर किसान पार्टी काभ्रे जिल्ला समितिका सल्लाहकार डा. हरिप्रसाद मानन्धरले नेपालले असंलग्न परराष्ट्रनीति अङ्गीकार गर्नुपर्नेमा इजरायलको समर्थन गर्नु शक्तिराष्ट्रसामु आत्मसमर्पण गर्नु हो भन्नुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी बनेपा नगर समितिका उपाध्यक्ष सत्यनारायण श्रेष्ठ, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काभ्रे जिल्ला समितिका अध्यक्ष राजु तामाङले मे दिवसको इतिहासबारे प्रकाश पार्नुभएको थियो।

# भान्साघर औषधालय कार्यक्रमको अभिमुखीकरण

भक्तपुर। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खाने शैलीको वैज्ञानिक प्रयोगले शरीरलाई स्वस्थ र निरोगी बनाउने बताउँदै शरीरलाई निरोगी बनाउने खानेकुरा सेवनमा जोड दिनुपर्ने बताउनुभयो।

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरको आयोजनामा भएको 'भान्साघर औषधालय कार्यक्रम' को अभिमुखीकरण कार्यक्रममा बोल्दै उहाँले भान्सा घरलाई औषधालय बनाउन सकिन्छ भन्दै चिकित्सकको सल्लाहबिना जथाभावी औषधि सेवन गर्न नहुने बताउनुभयो।

उहाँले स्वास्थ्य नै ठूलो धन हो भन्दै स्वस्थ जीवनशैलीको लागि शारीरिक व्यायाम र आफ्नो भान्सालाई नै औषधालयको रूपमा प्रयोग गर्न सकिए उपयुक्त हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले नसर्ने रोगको जोखिम बढेसँगै नागरिकहरू आफ्नो स्वास्थ्यप्रति सजग र संवेदनशील बनिरहेको सन्दर्भमा भान्साघरलाई औषधालयको रूपमा ग्रहण गरी स्वस्थ जीवनशैली अपनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरका कार्यालय प्रमुख डा. नदन कँडेलले 'भान्साघर औषधालय' विषयमा प्रस्तुतीकरण दिई कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो।

नगरभित्रका आमा समूह र स्वास्थ्य स्वयम्‌सेविकाका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरका कविराज रवीन्द्रप्रसाद भट्टले पनि बोल्नुभएको थियो।

# २०८औँ मार्क्स जयन्ती तथा १३७औँ मे दिवस सम्पन्न

भक्तपुर। नेपाल क्रान्तिकारी किसान सङ्घ, भक्तपुर जिल्ला समितिको आयोजनामा २०८ औं मार्क्स जयन्ती तथा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा गएको मङ्गलबार प्रशिक्षण कार्यक्रम भयो।




उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपाका केन्द्रीय सल्लाहकार हिमालश्वरलाल मूलले सहर विकास, उद्योग, कलकारखानाको स्थापना, फराकिलो बाटो र अन्य पूर्वाधारको विकासले देशको उर्वरभूमि कम गइरहेको उल्लेख गर्दै पुँजीवादको विकाससँगै सर्वहारावर्गको उदयले पुँजीवादको अन्त्य हुने विचार व्यक्त गर्नुभयो।

मानव समाज वर्गसङ्घर्षमा आधारित हुने उल्लेख गर्दै उहाँले पुँजीपतिवर्गको सरकार रहेसम्म कामदारवर्गको हित हुनेछैन भन्नुभयो।

उहाँले भन्नुभयो, "पुँजीवादको अन्तिम चरण साम्राज्यवाद हो। आज अमेरिकी साम्राज्यवादले संसारमै आफ्नो हैकम कायम गर्न आफूभन्दा कमजोर राष्ट्र, आफ्नो अधीनमा नबस्ने स्वतन्त्र राष्ट्रमाथि र समाजवादी राज्य व्यवस्था भएको राष्ट्रमाथि अनेक झूटा आरोप लगाई आक्रमण गरी आफू अनुकूल शासन गर्दै छ। तेल, ग्यास, सुन, हीरा कब्जा गर्ने उद्देश्यले अफगानिस्तान, इराक, सिरिया, भेनेजुयला र इरानमा आक्रमण गरियो।

"अमेरिकाले युक्रेनलाई उक्साएर रुसमा र इजरायललाई सहयोग गरी प्यालेस्टिनमाथि नरसंहार गऱ्यो। एक दिन साम्राज्यवादको अन्त्य हुनेछ र कामदारवर्गको समानताको राज्य व्यवस्था स्थापना हुनेछ" उहाँले भन्नुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य विश्वनाथ प्रजापतिले मजदुरको समस्या समाधान गर्न मजदुरहरू नै उठ्नुपर्छ र किसानको समस्या समाधान गर्न किसानहरू नै जुट्नुपर्छ भन्नुभयो।

पुँजीपतिवर्गले श्रम शोषण गरेकै कारण पुँजीपतिवर्ग झन्‌झन् धनी भएको हो; गरिब झन्‌झन् गरिब भएको हो, उहाँले भन्नुभयो। उहाँले भन्नुभयो, "मे आन्दोलनले ८ घण्टाको काम र ज्याला वृद्धि गर्न सरकार बाध्य भयो। मजदुरहरूको बलिदान खेर गएन। सन् १८८९ मे १ को दिन एङ्गेल्सको उपस्थितिमा फ्रान्सको राजधानी पेरिसमा संसारकै मजदुर प्रतिनिधिहरू भेला गरी हरेक वर्ष १ मेको दिनलाई अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निर्णय गरियो।"

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला सदस्य सूर्यबहादुर फोजु, गंगाराम ज्याख्व र पूर्णगोपाल राजचलगायतले २०८ औं मार्क्स जयन्ती र १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसबारे आ-आफ्नो विचार राख्नुभयो।

# नेमकिपा देशभक्तिपूर्ण आन्दोलनमा

बैतडी। फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार एवं पार्टीका केन्द्रीय सदस्य नवराज कोइरालाले बैतडी जिल्लाका मतदाताहरूसमक्ष पुगी धन्यवाद ज्ञापन गर्नुभयो।

धन्यवाद ज्ञापनको क्रममा बुधबार उहाँ जिल्लाको मेलौली नगरपालिका वडा नं ७ को स्वाखानी, काँडा र वडा नं. ६ को लामा लेक तथा पाटन नगरपालिकाको लोखामा पुग्नुभएको थियो।

उहाँले भन्नुभयो, "नेमकिपा जनतालाई मार्क्सवादबारे बुझाउन निरन्तर लागिरहेको छ। नेमकिपा देशभक्तिपूर्ण आन्दोलनमा अग्र मोर्चामा छ।" उहाँले बिप्पा सम्झौता, एमसीसी सम्झौता खारेज गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

उक्त कार्यक्रममा नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य विवेक कोजुको सहभागिता थियो।

**आजको...**

तयार गरे। दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक साम्यवादको सङ्क्षिप्त क्रमबद्ध व्याख्या घोषणापत्रमा छ। पुँजीवादी व्यवस्थाको उत्पत्ति, विकास र पतनसँगै नयाँ समाज निर्माणको बाटो खुल्ने वास्तविकता बोध छ। हरेक व्यवस्थाका अन्तरविरोधहरू, उत्पादन शक्ति अर्थात् बुर्जुवा उत्पादन शक्तिको अन्तरविरोधको अध्ययन छ। क्रान्तिले मात्र उत्पादन शक्तिको विनाश रोक्न सक्ने र मानव सभ्यताको रक्षा गर्न सक्ने तर्क प्रस्तुत गरे। उनले सर्वहारावर्ग पुँजीवादी समाजको उत्पीडित तर सबैभन्दा क्रान्तिकारीवर्गको रूपमा प्रस्तुत गरे। पुँजीपति वर्गविरुद्ध हुने सङ्घर्षमा सर्वहारावर्गको सहभागिता या भूमिका निर्णायक बन्छ। ठूलठूला कलकारखाना मालिकको शोषणको जग त्यहीका मजदुरहरूले हल्लाउने सत्य उजागर गरे। कम्युनिस्ट या सर्वहारा पार्टीको आवश्यकता या भूमिका बुझाए। कम्युनिस्टहरू निजी सम्पत्ति उन्मूलन गरी सार्वजनिक सम्पत्ति निर्माणमा केन्द्रित हुने तर्क दिए। घोषणापत्रको सुरुआत यसरी गरिएको छ, "अहिलेसम्म अस्तित्वमा रहेको समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो।" अन्तमा लेखिएको छ, "मजदुरहरूसँग हार्नको निम्ति आफूलाई बाँधिएको सिक्रीबाहेक अरू केही पनि छैन। जित्नको निम्ति उसको अगाडि सारा संसार छ। संसारका मजदुरहरू एक होऔँ।" मार्क्स र एङ्गेल्सले अन्तर्राष्ट्रवादी भावनाको आवश्यकता बोध गराए।

समाजवादलाई परिकल्पनाबाट विज्ञानमा परिणत गर्ने दिशामा निर्णायक कदम थियो घोषणापत्र। घोषणापत्र प्रकाशनपछि युरोपमा क्रान्तिको थालनी भयो। सशस्त्र क्रान्तिबाट मात्र कामदार जनताले मुक्ति प्राप्त गर्ने तथ्यले मूर्त रूप लिँदै गयो। क्रान्तिपछिको समयमा मार्क्सले अनुभव गरे, "वर्गहरूको अस्तित्व उत्पादनको विकासको निश्चित ऐतिहासिक अवस्थासँग मात्र सम्बन्धित हुन्छ। सर्वहारा अधिनायकवाद वर्गसङ्घर्षको अनिवार्य परिणाम हो। यस्तो अधिनायकवाद सबै प्रकारका वर्गहरूको उन्मूलन र वर्गविहीन समाजको स्थापनातर्फ सङ्क्रमण मात्रै हो।"

मार्क्सको पारिवारिक जीवनमा आर्थिक सङ्कट छायाजस्तै बन्यो। एङ्गेल्सले हरेक कठिन मोडमा उनलाई सघाए। एङ्गेल्स दर्शन र विचारहरू छलफल गर्ने, लेख्ने र सङ्घर्षको बाटोमा सहयात्रा गर्ने साथी मात्र थिएनन्; आफ्नो सम्पूर्ण दुःख पोख्ने भाँडो पनि थिए। मार्क्सको दुई केटाकेटीको मृत्युपछि आठ वर्षका छोरा एड्गरको मृत्यु भएको थियो। उनले आफ्नो बिमारी छोराको ओछ्यानमा धेरै अनिदो रात बिताए। उनले एङ्गेल्सलाई लेखेका थिए, "मुटुबाट रगतको धारा बग्न थालेजस्तो लाग्छ, आगो दन्केजस्तो टाउको रन्किन्छ। तिम्रो मित्रताले हामीलाई यस कठिन घडीको सामना गर्न सघायो।" उनले थपे, "तिम्रो सम्झना, तिम्रो मित्रताको सम्झनाले संसारमा अझै हामी दुईजना मिलेर केही विवेकपूर्ण काम गर्नेछौँ भन्ने आशाले मात्र यो कष्ट सहन सकेको छु।" मार्क्स र एङ्गेल्सको मित्रता एउटा मिसाइल थियो, उदाहरण बन्यो। निकै आर्थिक खाँचो बढेपछि मार्क्सले बेलायतबाट 'न्युयोर्क ट्रिब्युन' मा गहिरो आर्थिक लेख पठाउन थाले। कहिलेकाहीँ एङ्गेल्सले मार्क्सको नाममा लेख लेख्थे। 'पुँजी'को दोस्रो र तेस्रो खण्ड त एङ्गेल्सले नै पुनर्लेखन गरेका हुन्। मार्क्सको मृत्युपछि पनि पुराना पाण्डुलिपि प्रकाशन र व्याख्यामा लागिरहे।

दुःख कष्टले घेरिएको भए पनि मार्क्सको परिवार सुखी थियो। परिवारमा प्रेम थियो, सद्भाव थियो। जेनीजस्तो श्रीमतीविना मार्क्सको जीवन सार्थक बन्दैनथ्यो सायद। जेनी र छोराछोरीको प्रेम मार्क्सको ऊर्जा थियो। खानको निम्ति केही नहुँदा पनि, सन्तान मर्दा कात्रो किन्ने पैसा नहुँदा पनि जेनी मार्क्सलाई मार्क्स बनाउने यात्रामा थिइन्। एक सम्भ्रान्तवर्गकी छोरीले अभाव, दुःखको पहाड छिचोल्न पऱ्यो। यद्यपि, मार्क्सको व्यक्तिगत जीवनमात्र होइन चिन्तनमा पनि सहयोग गरिन्। मार्क्सको जीवनसँग अन्योन्याश्रित नाम जेनी र एङ्गेल्सको विषयमा पुस्तकमा मन छुने प्रसङ्गहरू लेखिएका छन्।

प्रजातान्त्रिक एवम् सर्वहारा आन्दोलनहरूको नयाँ विकासकालबारे चर्चा पुस्तकमा छ। इटालीको एकीकरण गर्ने क्रान्तिकारी मार्गका लागि सङ्घर्ष, मार्क्स र लासालको तीव्र मतभेद, सन् १८६३-६४ को पोलिस विद्रोह, रुसमा भूदासप्रथा उन्मूलन, संयुक्त राज्य अमेरिकाको गृहयुद्धबारे पुस्तकमा सङ्क्षिप्त चर्चा छ। पुँजीजस्तो अमर कृति लेखन, प्रकाशनबारे पुस्तकमा सप्रसङ्ग चर्चा गरिएको छ। समाजवादलाई कल्पनाबाट विज्ञानमा परिणत गर्ने कृति हो, पुँजी।

उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, बिनाभेदभाव व्यक्तित्व विकासमा समान अवसर सिर्जना, शिक्षा, स्वास्थ्य निःशुल्क र अनिवार्य, गाउँ र सहरबिच भेद हट्ने, बौद्धिक र शारीरिक श्रमबिच भेद हट्ने, आर्थिक समानतासहितको मानव अधिकार प्राप्त हुने, वर्गविहीन र शोषणविहीन समाजको निर्माण, मानिसको जीवन सहज बनाउन विद्युतीकरणमा जोड दिने साम्यवादी समाज निर्माण गर्ने मार्क्सको सपना यो युगको पनि सपना हो। सोभियत रुसदेखि आजको चीनसम्म मार्क्स प्रभावकारी देखिन्छन्; मार्क्सवाद वैज्ञानिक अनुभव हुन्छ। अबको शताब्दी पनि मार्क्स र मार्क्सवादकै शताब्दी हुने सङ्केत वर्तमान विश्व व्यवस्थाले गरेको छ। मार्क्स र मार्क्सवाद अजेय र अपराजित रहनेछन्।

# देशमै रोजगारी व्यवस्था हुनुपर्छ

दार्चुला। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ नौगाड गाउँपालिका वडा नं. ६ को आयोजनामा विद्यार्थीसँग भेला तथा भेटघाट कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रमेशकुमार रावलले नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भनेको मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन हो; नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको उद्देश्य भनेको उत्पादन श्रमसँग जोडिएको निःशुल्क वैज्ञानिक शिक्षा लागू गर्नु हो; यो सङ्गठन कामदारवर्गका छोराछोरीहरूको साझा सङ्गठन हो भन्नुभयो।

यो विद्यार्थी सङ्गठन स्थापनाकालदेखि नै नेपाल मजदुर किसान पार्टीको उद्देश्य पूरा गर्न अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले नेपालको शिक्षा नीतिका कारण बेरोजगारी उत्पादन गरी सस्तो ज्यामीको रूपमा विदेश पठाउने सरकारी कामको विरोध गर्नुभयो।

उहाँले भन्नुभयो, "देशमै रोजगारीको व्यवस्था गर्नुपर्छ। क्रान्तिको अर्थ बम बारुद पड्काउनु नभई परिवर्तन हो। पुँजीवादी व्यवस्थालाई फालेर समाजवादी व्यवस्था ल्याउनु परिवर्तन हो।"

कार्यक्रममा नेमकिपा कैलाली सदस्य सीताराम पण्डितले विद्यार्थीले राजनीति नगरे खराब मान्छेको हातमा देशको नेतृत्व गई बहुमत कामदारवर्गका जनताले दुःख पाउने हुँदा विद्यार्थीहरू राजनीतिक रूपमा सचेत र सङ्गठित हुनुपर्छ भन्नुभयो।

# कैलालीमा पार्टी कार्यकर्ता दर्लामी मगरको श्रद्धाञ्जली सभा



कैलाली । नेमकिपाका क्रान्तिकारी कार्यकर्ता रामबहादुर दर्लामी मगरको श्रद्धाञ्जली सभा शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले रामबहादुर दर्लामी मगरले नेमकिपाको सिद्धान्त र विचारलाई आत्मसात गर्दै आउनुभएको बताउनुभयो । उहाँले शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी दर्लामीप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्यहरू नवराज कोइराला, खगेन्द्रबहादुर शाही, रमेशकुमार रावलले पनि मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । सो कार्यक्रममा कञ्चनपुर जिल्ला समिति संयोजक दलबहादुर बोहरा, मिनु गिरीलगायतको उपस्थिति थियो ।

जानकी गाउँपालिका वडा नं. ४ कञ्चनपुरमा बस्ने रामबहादुर दर्लामी मगरको वैशाख १५ गते मोटरसाइकल दुर्घटनामा मृत्यु भएको थियो ।

# 'विश्व प्रसिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तु' पुस्तकबारे छलफल

भैरहवा । नेपाल मजदुर किसान पार्टी रूपन्देहीको आयोजनामा शनिबार १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा भैरहवामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) द्वारा लिखित 'विश्व प्रशिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तु' पुस्तकमाथि छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा रूपन्देहीका अध्यक्ष हरिसुन्दर वासीले ऐतिहासिक मे १ मजदुर आन्दोलनको इतिहासबाट नयाँ पुस्तामा विद्रोही भावना नजागोस् भनेर नै शासक दलहरूले अन्तर्राष्ट्रिय श्रमिक दिवसलाई सामान्य बिदाको दिनजस्तो बनाउन खोजिएको छ भन्नुभयो ।

आर्थिक समानता र योग्यताअनुसार काम, कामअनुसार ज्याला हुने नयाँ राजनीतिक व्यवस्था ल्याउन नयाँ पुस्ताले पनि विश्व प्रसिद्ध मजदुर आन्दोलनको इतिहासबाट सिक्नुपर्नेमा जोड दिँदै अध्यक्ष वासीले व्यापक जनतालाई समाज विकासको नियम र आधारभूत सिद्धान्तबाट सुशिक्षित पार्न सके मात्र समाज परिवर्तनको लागि ठोस योगदान दिन सकिन्छ भन्नुभयो ।

नेमकिपा रूपन्देहीका सचिव हिमलाल पाण्डेले पुँजीवादी व्यवस्थाले कामदार जनताको हित गर्न नसकेकोले नै समाजवादी व्यवस्थाबारे चासो बढेको उल्लेख गर्दै समाजप्रति उत्तरदायी समाजवादी आचरण पालना गर्न जोड दिनुभयो ।

नेक्राविसङ्घका पूर्वकेन्द्रीय सदस्य सुग्रीम चाईले मजदुरहरूको रोजीरोटी खोस्ने प्रविधि र मेसिन नभई पुँजीपतिवर्गको शोषणले हो भन्दै मजदुरहरू वर्गीय रूपमा सचेत हुनुपर्ने तथ्य मजदुर आन्दोलनको इतिहासबाट सिक्न सकिन्छ भन्नुभयो ।

कार्यक्रममा कला ज्ञामीले समाजवाद र सान्दर्भिक विषयवस्तु अध्ययनको अनुभव सुनाउनुभयो ।

# ख्वप कलेज अफ इन्जिनियरिङलाई विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायन प्राप्त

भक्तपुर । नेपालको प्राविधिक शिक्षाको इतिहासमा एक महत्त्वपूर्ण अध्याय थपिएको छ । भक्तपुर नगरपालिकाद्वारा वि.सं २०६५ सालमा स्थापित ख्वप कलेज अफ इन्जिनियरिङले विश्वविद्यालय अनुदान आयोग (यूजीसी) बाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation, QAA) प्राप्त गर्दै आफ्नो शैक्षिक यात्रामा ऐतिहासिक उपलब्धि हासिल गरेको छ ।

विश्वविद्यालय अनुदान आयोगको २०२६ अप्रिल २२ मा (२०८३ वैशाख ९) बसेको बोर्ड बैठकले यससम्बन्धी औपचारिक निर्णय गरेको र सोको औपचारिक जानकारी विश्वविद्यालय अनुदान आयोग, नेपालद्वारा २०२६ अप्रिल २७ (२०८३ वैशाख १४) गतेको पत्रमार्फत गरिएको कलेजले जनाएको छ । यूजीसीद्वारा प्रमाणित यस प्रत्यायनले कलेजलाई गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाको रूपमा पुनः पुष्टि गरेको छ । यो एक प्रमाणपत्र मात्र नभई संस्थाको शैक्षिक उत्कृष्टता, पारदर्शिता र समाजप्रतिको सामूहिक प्रतिबद्धताको प्रतीक हो ।

यो उपलब्धि कुनै एकल प्रयासको परिणाम होइन । भक्तपुर नगरपालिका, कलेज सञ्चालक समिति, आन्तरिक गुणस्तर सुनिश्चितता समिति (IQAC), स्व-अध्ययन टोली (SAT), अभिभावक, विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरू, पूर्वविद्यार्थी, उद्योग क्षेत्रका साझेदार तथा रोजगारदाता, शैक्षिक साझेदार तथा अनुसन्धान सहकार्यकर्ताहरू र स्थानीय समुदाय तथा शुभेच्छुकहरूको अथक योगदान यस सफलताको मेरुदण्ड बनेको छ । सरोकारवालाको अटुट समर्थनले नै यो उपलब्धि प्राप्त भएको हुँदा यो उपलब्धि सम्पूर्ण समुदायको साझा गौरवको विषय भएको कलेजले जनाएको छ ।

कलेजका प्राचार्य ई. सुनिल दुवालले भन्नुभयो, "यो प्रत्यायन प्रमाणपत्र मात्र होइन, यो समाजप्रति गरिएको हाम्रो सामूहिक प्रतिबद्धताको पुनः पुष्टि हो। सुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै इन्जिनियरिङ उत्कृष्टता हासिल गर्ने हाम्रो मार्गदर्शक दर्शनको प्रमाण पनि हो ।"

ख्वप कलेज अफ इन्जिनियरिङले गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रक्रियामा सहभागी हुन २०८० फागुन ११ गते विश्वविद्यालय अनुदान आयोगमा आशय पत्र पेस गरी मिति २०८१ असार ३० गते स्वअध्ययन प्रतिवेदन पेस गरेको थियो । तत्पश्चात् आयोगद्वारा प्रा. डा. जिवाराज पोखरेलको संयोजकत्वमा गठित समकक्षी परीक्षण टोलीले २०८२ वैशाख ९ गतेदेखि ११ गतेसम्म पूर्व परीक्षण भ्रमण र २०८२ माघ १९ गतेदेखि २२ गतेसम्म पूर्ण परीक्षण भ्रमण सम्पन्न गरी सोको प्रतिवेदन आयोगमा पेस भई सिफारिस भएपछि आयोगले कलेजलाई प्रत्यायन गरेको हो ।

# जनताको प्रजातन्त्र समाजवादी क्रान्तिको पहिलो खुड्किलो

बैतडी । प्रतिनिधिसभा सदस्य निर्वाचनमा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नवराज कोइरालालाई मतदान र निर्वाचनमा सहयोग गर्ने पार्टी कार्यकर्ता र समर्थकहरूलाई धन्यवाद कार्यक्रम सोमबार सम्पन्न भयो ।

जिल्लाका गोठालापानी, देहिमाडौँ र मुस्याचौर पुगी पार्टीका केन्द्रीय सदस्य नवराज कोइरालाले सहयोगी सबैमा धन्यवाद व्यक्त गर्ने क्रममा भन्नुभयो, "नेपालको वर्तमान परिप्रेक्ष्यमा पुँजीवादी प्रजातन्त्र र पुँजीवादी गणतन्त्र विद्यमान रहेकोले मजदुर किसानको हित हुनेछैन । मजदुर किसानको हितको लागि 'जनताको प्रजातन्त्र' हुनु आवश्यक छ । 'जनताको प्रजातन्त्र' मा मजदुर किसानको नेतृत्वमा प्रगतिशील बुद्धिजीवी र राष्ट्रिय पुँजीपतिवर्गको प्रतिनिधित्वमा सरकार गठन हुनेछ । जनताको प्रजातन्त्र समाजवादी क्रान्तिको पहिलो खुड्किलो हो ।"

# सङ्घर्षबारे नयाँ पुस्तालाई शिक्षित बनाउनु जरुरी




भक्तपुर । भक्तपुर नगरपालिका वडा नं.२ का जनप्रतिनिधि, पूर्वजनप्रतिनिधि, विभिन्न समिति, उपसमितिका पदाधिकारी, कर्मचारीहरूको भेटघाट कार्यक्रम शनिबार भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपाले जनतालाई अधिक सेवा सुविधा दिने उद्देश्यले जनचाहनाअनुसार काम गर्दै आइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "जनता खुसी र सुखी, निरोगी र स्वस्थ हुनु आवश्यक छ । नैतिक आचरणले सभ्य समाजको पहिचान गर्छ ।"

नेमकिपाका अग्रजहरूको सङ्घर्षको परिणाम आज भक्तपुर शिक्षा, स्वास्थ्यलगायत विकास निर्माणमा अघि बढेको हो भन्दै प्रमुख प्रजापतिले हिजोको सङ्घर्षबारे नयाँ पुस्तालाई शिक्षित बनाउनु जरूरी छ । खेलकुदलगायत विविध गतिविधि गरेर युवाहरूलाई सही शिक्षा दिनु र सक्रिय बनाउनु जरूरी छ ।"

कार्यक्रममा वडाध्यक्ष हरिप्रसाद बासुकला, पूर्ववडाध्यक्षहरू रवीन्द्र खर्बुजा, आशाकुमार कोजुलगायत गणेशप्रसाद सुवाल, श्यामसुन्दर माताङ र मञ्जु लाखाजुले पनि बोल्नुभएको थियो ।

# छायादेवी व्यापारिक भवन भत्काउनुपर्ने




काठमाडौँ, २४ वैशाख । थँबही (ठमेल) स्थित ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्व बोकेको कमलपोखरी पुरेर बनाइएको छायादेवी व्यापारिक भवन भत्काउन माग गर्दै बिहीबार माइतीघर मण्डला, काठमाडौँमा सम्पदा संरक्षण समाज नेपालले बिहान ९ बजेदेखि ११:३० बजेसम्म धर्ना दियो ।

कार्यक्रममा सम्पदाप्रेमी जनताले प्ले कार्ड र ब्यानर प्रदर्शन गरेका थिए । धर्नामा सम्पदाप्रेमी प्रदर्शनकारीहरूले ठमेलको सार्वजनिक कमलपोखरी संरक्षण गर, कमलपोखरीमा निर्मित छाया सेन्टर व्यापारिक भवन तुरुन्त भत्काऊ, भूमाफियाहरूलाई कारबाही गर, सम्पदाप्रेमी जनता एक होऔँलगायतका नारा लगाएका थिए ।

धर्ना कार्यक्रमको समापनमा सम्पदा संरक्षण समाज नेपालका सदस्य नारायण महर्जनले समाजले देशका सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक महत्त्व बोकेको सम्पदा संरक्षण गर्न लागिपरेको बताउँदै आज पेसीको दिन कमलपोखरी सार्वजनिक कायम गर्न, गराउन नेपाल सरकार र सर्वोच्च अदालतको ध्यानाकर्षणको लागि कार्यक्रम गरेको बताउनुभयो ।

उहाँले नेपाल सरकारले सर्वोच्चको आदेश पर्खने होइन कमलपोखरी पुरेर बनाएको छाया सेन्टर तत्काल भत्काउन माग गर्नुभयो ।

वैशाख २४ गते बिहीबार सर्वोच्च अदालतको पूर्ण ९ नं. इजलासमा न्यायाधीशहरू महेश शर्मा पौडेल, नृपध्व निरौला र मेघराज पोखरेलको बेन्चबाट विपक्षीको निवेदनको आधारमा छाया सेन्टरविरुद्धको पेसी हटाएको हो ।

सर्वोच्चले अर्को पेसी जेठ २१ गते तय गरेको छ ।

# अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रशिक्षण

दार्चुला । सैले शिखर नगरपालिकाको वडा. ७ को पाथ्रायणी, वडा. ९ तातोपानी र लेक्म गा.पा. वडा न. ६ तेलि गाउँमा मतदाताहरूलाई धन्यवाद र १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य रमेशकुमार रावलले मादल चिह्नमा छाप लगाउने मतदाताहरूलाई धन्यवाद दिनुभयो । जबसम्म बहुमत कामदारवर्गका जनताको राज्य व्यवस्था आउँदैन तबसम्म सर्वहारावर्गका जनताले सुख नपाउने कुरा उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "समाजवादी राज्य व्यवस्थामा गाँस, बास, कपास र रोजगारीको ग्यारेन्टी हुन्छ । यसको निम्ति जनता राजनीतिक रूपमा सचेत र सङ्गठित भई अगाडि बढ्नुपर्छ ।"

उहाँले अहिलेको सरकार पनि पुराना सरकारजस्तै भएकोले जनताले धेरै आशा राख्न नहुने बताउनुभयो । उहाँले वास्तविक सुकुमवासीको पहिचान गरी लगत सङ्कलन गरेर मात्र सुकुमवासी समस्या समाधान गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यो सरकारले हचुवाको भरमा सुकुमवासी बस्तीमा डोजर चलाएको छ । बिनासुझबुझ र तयारीसाथ सुकुमवासी बस्तीमा डोजर चलाएर हजारौँ परिवारलाई खुला आकाशमुनि राख्नु हुँदैन ।"

कार्यक्रममा नेमकिपा कैलालीका सदस्य सीताराम पण्डितले अब हरेक नेपाली जनता राजनीतिक रूपमा सचेत र सङ्गठित नभए अझै धेरै पीडा भोग्नुपर्ने उल्लेख गर्दै यो सरकारले पुँजीवादीहरूको मात्रै सेवा गर्ने प्रस्ट पार्नुभयो ।

# चौथो वरियताका मनोज शर्मा प्रधानन्यायाधीशमा सिफारिस



रामप्रसाद प्रजापति

**न्यायाधीशको सपथ लगत्तै पार्टी कार्यालय, एनसेलको ४३ अरब कर छुट दिने विवादित फैसला सपथ लगत्तै पार्टी कार्यालय**

मनोजकुमार शर्मा अहिले नेपालको सर्वोच्च अदालतका २० जना न्यायाधीशहरूमध्ये चौथो वरियताका न्यायाधीश हुन् ।

उनको सर्वोच्च प्रवेश हुँदा पनि उनी तत्कालीन पूर्वप्रधानन्यायाधीश दामोदर शर्माको कोटाबाट तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठले छनौट गराएको भन्ने चर्चा चलेको थियो । उनी दामोदर शर्माका भतिज हुन् ।

उनको सुरुमा उच्च अदालतको न्यायाधीशको रूपमा प्रवेश पाउँदा पनि विवादित समाचार प्रकाशित भएको थियो । २०७० सालमा उनले वकालत गरेको ११ वर्ष हुँदा तत्कालीन पुनरावेदन अदालत, बुटवलको अस्थायी न्यायाधीशको रूपमा नियुक्ति पाएको, नियुक्ति पाएर सपथग्रहणलगत्तै नेकपा एमालेको बल्खुस्थित पार्टी कार्यालयमा गएको विवादित समाचार प्रकाशित भएको थियो ।

दुई वर्ष उच्च अदालत, बुटवलमा काम गरेपछि उनीले २०७२ सालमा तत्कालीन पुनरावेदन अदालतको पदमुक्त भए । २०७२ सालको संविधानले त्यसभन्दा अगाडि रहेको अस्थायी न्यायाधीश तथा अतिरिक्त न्यायाधीशको पद नै राखेन । संविधानले स्थायी न्यायाधीशको मात्रै कल्पना गर्‍यो । त्यसैले शर्माको न्यायाधीश पद सकियो ।

तत्पश्चात् शर्मा पुन: वकालत पेसामै फर्किए । वकालत पेशामा केही समय रहेका उनलाई २०७६ वैशाख ६ गते सर्वोच्च अदालतको स्थायी न्यायाधीशका रूपमा नियुक्ति दिएको थियो ।

२०२७ सालमा वीरगञ्जमा जन्मेका शर्माले २०५१ सालमा अधिवक्ताको प्रमाणपत्र लिएको र २०६० देखि २०६५ सम्म कानुन विषयमा अध्यापन गराएको बताइन्छ ।

**न्याय परिषद्को सिफारिस**

सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्तिका लागि वितगमा न्याय परिषद्ले संविधानको धारा १२९(३) बमोजिम योग्यता पुगेका न्यायाधीशहरूको सूची संवैधानिक परिषद्मा पठाउने गरिन्थ्यो । प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्ले न्याय परिषद्ले पठाएका योग्यता पुगेका न्यायाधीशहरूको सूचीबाट पहिलो नम्बर अर्थात् वरिष्ठताका आधारमा प्रधानन्यायाधीश नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने अभ्यास थियो ।

न्याय परिषद्ले २०८२ फागुन २६ गते नै सर्वोच्च अदालतका प्रधानन्यायाधीश पदमा नियुक्ति हुन योग्यता पुगेका ६ न्यायाधीशको सूची संवैधानिक परिषद्मा सिफारिस गरी पठाएको थियो ।

नेपालको संविधानको धारा १२९(३) मा "सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुनेछ ।" भन्ने व्यवस्था रहेको पाइन्छ । साथै धारा १२९ उपधारा (४) मा प्रधानन्यायाधीशको पदावधि छ वर्षको हुने व्यवस्था गरेको पाइन्छ ।

सोहीबमोजिम न्याय परिषद्ले सर्वोच्च अदालतका न्यायाधीशहरूमध्ये संविधानबमोजिम प्रधानन्यायाधीश पदमा नियुक्ति हुन योग्यता पुगेका छ जना न्यायाधीशहरूको नाम सिफारिस गरिएको थियो । न्याय परिषद्ले फागुन २६ गते वरियताका आधारमा क्रमश: सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल, मनोजकुमार शर्मा, तिलप्रसाद श्रेष्ठ र नहकुल सुवेदी गरी छ जनाको नाम सिफारिस गरेको थियो ।

**संवैधानिक परिषद्को सिफारिस**

हालै संवैधानिक परिषद्को बैठकबाट चौथो वरियतामा रहेका मनोजकुमार शर्मालाई सर्वोच्च अदालतको ३३ औँ प्रधानन्यायाधीशमा सिफारिस गरेको छ ।

कानुन दिवस (वैशाख २६) को पूर्वसन्धामा वैशाख २४ गते बिहीबार साँझ प्रधानमन्त्री बालेन्द्र साहको अध्यक्षतामा बसेको संवैधानिक परिषद्को बैठकले शर्मालाई प्रधानन्यायाधीश पदमा सिफारिस गरेको हो ।

यसपछि उनको संसदीय सुनुवाइ हुनेछ । जसका लागि उनीविरुद्ध उजुरी दर्ता गर्न संसदीय सुनुवाइ समितिले सार्वजनिक रूपमा सूचना आह्वान गरेको छ । संसदीय सुनुवाइ समितिबाट दुईतिहाइ बहुमतले अस्वीकार गरेमा मात्रै शर्माको सिफारिस रोकिने छ । अन्यथा शर्मा प्रधानन्यायाधीश पदमा नियुक्ति हुने कुरामा शङ्का रहेन । किनभने, संसदीय सुनुवाइ समितिमा पनि रास्वपाकै बहुमत छ ।

नेपालको इतिहासमा यसअघि दीपकराज जोशीको सिफारिसलाई संसदीय सुनुवाइ समितिले रोकेको थियो ।

मनोजकुमार शर्माले सर्वोच्च अदालतको न्यायाधीश भई काम गर्दा एनसेल नेपालको करिब ४३ अर्ब रुपैयाँ कर छुट हुने विवादित फैसला गरेको पनि आरोप छ ।

उनको नाम सिफारिस हुँदै गर्दा संवैधानिक परिषद्का दुई सदस्यहरू राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल र प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेकाका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले लिखित असहमति राखेको बताइन्छ ।

कानुनविज्ञहरूको भने फरक फरक मत रहेको देखिन्छ । वरियताका आधारमा न्यायाधीश नियुक्ति गर्न संविधान वा कानुलले रोक नलगाएको भएपछि त्यसको ठोस र संस्थागत रूपमा न्यायोचित ठहरिने कुनै बलियो कारणबिना चल्दै आएको परम्परा तोड्न नहुने एक थरी विज्ञहरूको भनाइ रहेको छ भने अर्कोथरीका कानुनविद्हरू यो पटकको नियुक्ति सिफारिसलाई चुनौती र अवसरको रूपमा लिनुपर्ने तर्क अघि सार्छन् ।

कतिपय कानुनविद्हरू यो पटकको नियुक्ति सिफारिसले न्यायालयमा राजनीतिक हस्तक्षेप भएको र यसले न्यायपालिका सङ्कुचनमा पर्ने चिन्ता व्यक्त गर्दछन् ।

न्यायालय सुधारका थुप्रै प्रतिवेदनहरू तयार गरिएका छन् । सर्वोच्च अदालतलगायतका न्यायालयभित्र रहेका कैयौँ समस्याबारे ती प्रतिवेदनहरूमा एकरूपता पनि देखिन्छ । धेरै न्यायाधीशहरूको अनुहारमा राजनीतिक दलको चित्र देखिने गरेको गुनासो पुरानै हो ।

न्यायमा कमजोर पहुँच र ढिलासुस्तीको आलोचना पनि हुँदै आएको छ । राजनीतिक प्रकृतिका रिटलगायतका सार्वजनिक सरोकारका निवेदनको सुनुवाइमा बढी समय खर्च हुँदा सर्वसाधारण जनताको मुद्दाको पालो नै पाउन मुस्किल हुने हुँदा सर्वसाधारण जनताका मुद्दाले वर्षौं वर्षसम्म धाउनुपर्ने बाध्यता जगजाहेर छ ।

**कामु प्रधानन्यायाधीशको भनाइ**

चौथो वरियताका मनोज शर्मालाई सर्वोच्च अदालतको प्रधानन्यायाधीशको पदमा नियुक्तिका लागि सिफारिस गरिएपछि पहिलो वरियतामा रहेका कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले कानुन दिवसको अवसरमा आयोजित एक कार्यक्रममा भावुक हुँदै कडा मन्तव्य व्यक्त गरेका छन् ।

उनले न्यायपालिका कुनै पनि प्रकारको डर, त्रास वा राजनीतिक प्रभावबाट मुक्त हुनुपर्नेमा जोड दिनुपर्ने बताएका छन् । "डर र प्रभावमा न्याय सम्भव छैन चाहे त्यो दुईतिहाई सरकारको डर नै किन नहोस् । चाहे त्यो महाभियोगको डर नै किन नहोस्," उनले वर्तमान रास्वपा सरकारप्रति इङ्गित गरेको देखियो ।

यो कुरा उनीबाट यसअघि पनि आउन सक्थ्यो । तर, आएको देखिएन । हुन त उनको नियुक्ति पनि विवादित नै थियो । एमाले र काङ्ग्रेस सरकार र प्रमुख प्रतिपक्षी दलका रूपमा संसद र सरकारमा रहँदा दुबैले विभिन्न राजनीतिक नियुक्ति, राजदूत नियुक्ति जस्तै न्यायालयमा समेत भागबन्डामा नियुक्ति गर्दै आएकै हुन् ।

२०७२ असोजमा मल्लको सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति हुँदा पनि दुई जना एमालेबाट र २ जना काङ्ग्रेसबाट भागबन्डामा नियुक्ति गरिएको थियो ।

कानुन अध्ययन समाज नेपालको तर्फबाट तत्कालीन नेपाल बार एशोसिएसनको केन्द्रीय कार्यसमितिको निर्वाचनमा उम्मेदवारी दिँदै गर्दा उक्त नियुक्ति राजनीतिक भागबन्डाको नियुक्ति भएको भन्दै कडा विरोध गरेकै हो ।

मल्ल संविधानसभाको निर्वाचनमा नेकपा एमालेको समानुपातिक बन्द सूचीबाट उम्मेदवार भई संविधानसभा सदस्य (सांसद) बनेका थिए ।

नियुक्तिपश्चात् पनि प्रजातन्त्रको ढोल पिट्ने, विधिको शासनको भाषण गरेर नठाक्ने शक्ति पृथकीकरणको सिद्धान्त, सरकारका तीन महत्त्वपूर्ण अङ्गहरूबिचको सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई आफू अनुकुल व्याख्या गरेर राजनीतिक अभिष्ट पूरा गर्न गराउन नुनको सोझो गर्दै आएको जगजाहेर छ ।

यद्यपि भागबन्डाको आधारमा नियुक्तिको शङ्कालाई अहिले पनि अन्त्य हुन्छ कि भन्ने विश्वास गर्न सक्ने अवस्था छैन । प्रधानन्यायाधीश न्याय परिषद्को अध्यक्ष हुने, न्यायपरिषद्मा प्रधानमन्त्रीको सिफारिसमा एक र कानुनमन्त्री सदस्य हुने हुँदा आफूअनुकूल स्वच्छाचारिता सरकार र न्यायालयभित्र पनि बढ्न सक्ने आशङ्का रहनेछ ।

प्रधानन्यायाधीश पदमा नियुक्ति पाउने व्यक्तिले भोलिका दिनमा सर्वोच्च अदालतका अन्य न्यायाधीश, उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति, कारबाही, सरुवा बढुवालगायत न्यायालयका महत्त्वपूर्ण क्रियाकलापहरूमा अहम् भूमिका हुने हुँदा आगामी दिनमा हुने नियुक्ति, निर्णय/फैसलाका असर तथा परिणाम हेर्न आवश्यक हुन्छ ।

*- २०८३ वैशाख २७*

---

**बुबालाई...**

दार्शनिक संवादले मार्क्सलाई हेगेलसामु सुम्पियो । स्वतन्त्र चिन्तनको बाटो हुँदै निष्कर्षमा पुग्दा हेगेलको ढोका खुल्यो । धेरै परिश्रम लगाएर लेखिएको संवाद (प्यारो सन्तान) एउटा झूटो घन्टी बन्यो । यो घन्टीले मार्क्सलाई त्यो शत्रु-घेराभित्र लग्यो जहाँबाट उहाँ फुत्किन चाहनुहुन्थ्यो । त्यहाँ कुनै दार्शनिक निकास थिएन । हेगेलको प्रतिकार असम्भव थियो किनभने एकहदसम्म उहाँको सोच्ने तरिका हेगेलीय बनिसकेको थियो ।

मार्क्सको यो भनाइ दार्शनिक आत्मकथाजस्तो थियो । कुनै प्रणालीबाट तपाइँ निस्किन चाहनुहुन्छ तर सक्नुहुन्न किनभने सोचाइको गहिराइमा डुब्दै जाँदा तपाइँको सोचले त्यही प्रणालीको रूप लिन्छ । यही अनुभूति थियो मार्क्सको । मार्क्स हेगेलेको तर्कमा सहमत हुनुभएको थिएन । बरु आफै इमानदारीपूर्वक चिन्तन गर्दै जाँदा उहाँले हेगेलका निष्कर्षहरू पत्ता लगाउनुभएको थियो ।

यो प्रसङ्गबाट मार्क्सले आफ्नो सोच कसरी फेर्नुभयो भन्ने थाहा पाइन्छ । कसैले बाहिरबाट मनाएर मान्नुभएन उहाँले । फेसनमा वा चर्चामा छ भन्दैमा उहाँले कुनै पनि विचारलाई आँखा चिम्लेर अपनाउनुभएन । बरु आफै अनुसन्धान गरेर र अनुसन्धानले जहाँ लग्छ त्यसप्रति इमानदार बनेर उहाँ सत्यसम्म पुग्नुभयो । निष्कर्ष जतिसुकै असहज भए पनि उहाँले त्यसलाई स्वीकार्नुभयो । यो विधिलाई मार्क्सले पछि पनि बारम्बार दोहोर्‍याउनुभयो । यही विधि अपनाएर सन् १८४० को दशकमा मार्क्स हेगेलबाट अलग्गिनुभयो । हेगेलले बनाएको प्रणालीको सीमा गोचर नहुञ्जेल उहाँले प्रणालीभित्रै बसेर लगातार चिन्तन गर्नुभयो ।

**पटाक्षेप : हेनरिखले जवाफमा जे भन्नुभयो**

चिठीको अन्त्यमा एउटा आग्रह छ । मनका दोष जस्ता देखिने कुराका लागि उहाँले बुबासँग माफी माग्नुभएको छ । आफ्नो लडाकु मनले शान्त चेतनालाई पछारेको उहाँको व्याख्या छ । चिठीमा मार्क्सले परिवारमाथि आइलागेको बादल छिट्टै फाट्ने आशा लिनुभएको छ । उहाँले बुबालाई भेटेर अङ्कमाल गर्न र सबै कुरा प्रस्ट पार्न चाहेको पनि लेख्नुभएको छ । विगत र वर्तमानलाई केलाउने विचारका व्यापक आँखाबाट सुरु भएको चिठी बिहानपख लोलाएका आँखा, निभाइएको मैनबत्ती र घर फर्किने उत्कट अभिलाषामा गएर टुङ्गिन्छ ।

यो चिठीको जवाफ थाहा पाउनु रोचक हुनेछ । हेनरिख १८३७ को डिसेम्बर ९ गते ट्रियरमा यसको जवाफ लेख्नुभयो । मार्क्सले यस्तो जवाफको अपेक्षा गर्नुभएको थिएन । हेनरिखले आफूले जानाजान कठोर शैली अपनाएको जनाउ दिएर पत्र सुरु गर्नुभयो । किनभने, नरम शैलीलाई 'कहिल्यै दोहोर्‍याएर नपढिने' उहाँको तर्क थियो । आफूले पहिले पठाएको पत्रको अर्थ छोराले नबुझेको उहाँको गुनासो थियो । यसपछि पत्रमा एक वकिलको जस्तो सङ्क्षिप्त शैली पाइन्छ । बुबा हेनरिखको जवाफ स्पष्ट थियो, "हे भगवान !!! कस्तो गञ्जागोल, ज्ञानका सबै विभागमा कस्तो बासी घुसपैठ, उदास बत्तीमुनि कस्तो थोत्रो चिन्तन, विद्वानको रात्री लुगामा कस्तो जङ्गली दौड, पहिले जाँडको गिलास र अहिले खजमजिएको कपाल लिएर जङ्गली पारामा यो कस्तो दौड गरेको । मानौँ हामी धनीमानी हौँ । मेरा बाबुसाहेब छोराले एक वर्षमै ७ सय टालर खर्च गर्छन् । यो पहिले तय भए भन्दा उल्टो भयो । सामान्य खर्च भन्दा बढ्ता भयो । किनभने, सबैभन्दा धनीका छोराले पनि ५ सय टालरभन्दा कम खर्च गर्छन् ।"

कार्ल मार्क्सले १२ पेजमा जे लेख्नुभएको थियो, त्यसको धारलाई हेनरिखले स्पष्ट बुझ्नुभयो । उहाँले लेख्नुभयो, "हर एक-दुई हप्तामा नयाँ प्रणाली खोज्ने र निकै मिहिनेत गरेर लेखेका अघिका रचनालाई च्यात्नुपर्ने व्यक्तिले झिनामसिना कुराबारे कसरी चिन्ता लिन सकेको ?" मार्क्सले बडो ध्यान दिएर लेखेको चिठी चिन्तित र बिरामी बुबाकहाँ गएर ठोक्कियो । बुबाले चिठीभित्र लुकेको व्यवहारिक अस्तव्यस्तता देख्नुभयो । मार्क्सले आफ्नो चिठीलाई हेगेलको शैलीमा आत्मचिन्तन गरिरहेको चिन्तकको रूपमा पढियोस् भन्ने चाहनुभएको थियो । हेनरिखले भद्रगोल कोठामा बसेको बाल खजमजिएको खर्चालु छोरालाई देख्नुभयो । बाबु-छोरा दुवै सही थिए ।

हेनरिखले छोरालाई घर बोलाउनुभयो । पत्रको अन्त्यमा उहाँले लेख्नुभयो, "म तिमीलाई अचाक्ली चिन्ताले गर्दा वास्तवमै दुखिरहेको एक बाबुको खुला हृदयले स्वागत गर्नेछु ।" वसन्तयाममा मार्क्स घर जानुभयो । उहाँ बर्लिन फर्केको केही दिनमै बुबा हेनरिखको मृत्यु भयो । हेनरिख मार्क्स १८३८ मे १० गते बित्नुभयो । मार्क्सको चिठीमा घर फर्किने अभिलाषा थियो । त्यो पूरा भयो । चिठीमा हेनरिख मार्क्स तङ्ग्रिने, सबथोक बुबालाई सुनाउने र वैचारिक मिलाप हुने कल्पना थियो । यी चाहना पूरा भएनन् । जीवनभर मार्क्सले बुबाको फोटो खल्तीमा राखेर हिँड्नुभयो । सन् १८८३ मा उहाँ पनि बित्नुभयो । मार्क्सका आत्मीय मित्र एङ्गेल्सले त्यो फोटो मार्क्सको शवपेटिकाभित्र राखिदिनुभयो ।

***(स्रोत : एमआर अनलाइन । सम्यक)***




## कविता

# जेलको बास हुनुपर्नेहरू

**• माया**

*चुनावमा को को देखिए ?*
*कोही जनतालाई चेतना दिने*
*कोही धम्काउने*
*कोही लोभमा फसाउने ।*

*जनताले छान्नुपर्ने*
*पहिलो थरीलाई हो*
*आश्चर्य,*
*छान्न लगाइयो*
*धम्की दिनेहरूलाई*
*लोभमा फसाउनेहरूलाई ।*

*छानिए*
*शान्तिपूर्ण आन्दोलनमा*
*घुसपैठ भएकाहरू*
*पेट्रोल बम हान्नेहरू*
*देश आगजनी गर्नेहरू*
*युवालाई घरखेत बेचाएर*
*विदेश पठाउनेहरू ।*

*छानिए*
*अभियन्ताको नाममा*
*डलर झ्वाम पार्नेहरू*
*ऋण थप्दै देश डुबाउनेहरू*
*महँगीको भारी बोकाउनेहरू*
*स्रोतबिना किलोका किलो सुन*
*करोडका करोड नगद कुम्ल्याउनेहरू*
*विध्वंसको क्षतिपूर्ति भराउनुपर्नेहरू*
*जेलको बास हुनुपर्नेहरू*
*कस्तो आश्चर्य !*

*२०८३ वैशाख २७*

# सिंजाको नराकोटमा कार्यकर्ता प्रशिक्षण



जुम्ला । १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी सिंजा गाउँसमितिले मङ्गलबार सिंजाको नराकोटमा कार्यकर्ता प्रशिक्षण सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "घरबाहिर फोहोर भए घरभित्र पनि फोहोर हुन्छ । त्यस्तै छिमेकी देश र टाढाका देशहरूको दृष्टिकोण राम्रो नभए एउटा देशमात्र राम्रो हुनेछैन । यसकारण, नेपाल मजदुर किसान पार्टीले अन्तर्राष्ट्रिय विषयमा कार्यकर्ताहरू जानकार हुनुपर्नेमा जोड दिँदै आएको हो ।"

उहाँले भदौ २३ र २४ गतेको हत्या र आगजनीमा राष्ट्रपति र तत्कालीन प्रधानमन्त्रीलाई समेत जिम्मेवार बनाउनु आवश्यक रहेको उल्लेख गर्दै दुवैले जनतालाई जानकारी नै नदिई आ-आफ्नो सरकारी निवास छोडेर जानु नालायकी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "फागुन २१ गतेको निर्वाचनमा राज्य संयन्त्रहरू निजामती, सेना, प्रहरी, गुप्तचरसमेत स्वच्छ र निष्पक्ष नभएको खुल्दै आएको छ । भदौ २४ को देशव्यापी आगजनी नियन्त्रण गर्न प्रहरीले सेना र सशस्त्रको सहयोग नपाएको सार्वजनिक गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक भएमा भदौ २३ को हत्या र भदौ २४ को आगजनीका दोषीहरू पत्ता लगाउन सहज हुने समाचार पनि प्रकाशित भइरहेको छ ।"

"रास्वपाको सरकार गठनसँगै महँगी बढिरहेको, एक महिनामा सत्तरी हजारभन्दा बढी युवाहरूलाई वैदेशिक रोजगारीमा पठाएको, खुला सिमानामा भारतीय अतिक्रमण बढिरहेको, वैदेशिक ऋण पनि बढिरहेको समाचार प्रकाशित भइरहेको छ" सचिव सुवालले उल्लेख गर्नुभयो ।

अतिथि सुवालले नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले जनतालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा शिक्षित र सङ्गठित गर्नु जरुरी रहेको उल्लेख गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले दलाल पुँजीपतिवर्गले शासन गरेको पुँजीवादी व्यवस्थाको कारण नेपाल परनिर्भर हुँदै गरेको उल्लेख गर्दै नेपाली जनताले आफ्नै खुट्टामा उभिनको निम्ति समाजवादी व्यवस्था ल्याउन एकजुट हुनु जरुरी रहेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "कार्ल मार्क्सले शोषकहरूसँग लडेर सबैलाई समान बनाउने सिद्धान्त दिनुभयो । त्यही सिद्धान्तअनुसार नेमकिपाले समाजवादी गणतन्त्र हुँदै साम्यवादमा पुग्ने लक्ष्य राखेको छ । पार्टी कार्यकर्ताहरू पार्टीको यो उद्देश्य प्राप्त गर्न अविरल लाग्नुपर्दछ ।"

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईंले साम्राज्यवादीहरूले कम्युनिस्ट पार्टीलाई कमजोर पार्न एनजीओ र आईएनजीओको प्रयोग गरेर पैसाको लोभमा फसाउने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "सन् १८८६ मे १ मा पशुसमान जीवन बिताउन बाध्य अमेरिकाका मजदुरहरूले ८ घण्टाको समय र उचित ज्यालाको निम्ति सङ्घर्ष गरेर विश्वका मजदुरलाई बाटो देखाएबाट नेपाली जनताले पनि सिक्नु जरुरी छ ।"

नेमकिपा सिंजा गाउँ समितिका अध्यक्ष लालभक्त सार्कीको सभापतित्वमा सम्पन्न उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका धनेन्द्र विक, नेक्रायुसङ्घका अध्यक्ष मिनबहादुर बाटा र नेमकिपा सिंजाका लालबहादुर बुढाले पनि अन्तर्राष्ट्रिय श्रमिक दिवसको महत्त्वबारे चर्चा गर्नुभयो ।

# जनतामा सरकारी अस्पताल झन् राम्रो हुन्छ भन्ने सन्देश ख्वप अस्पतालले दिनुपर्ने



भक्तपुर । ख्वप अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकहरूबिच आइतबार अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुरका जनताको स्वास्थ्य स्थिति राम्रो बनाउन पहिलेदेखि स्वास्थ्य केन्द्रहरू खोल्न जोड दिँदै आएको स्मरण गर्दै हाल ख्वप अस्पतालले जनताको राम्रो सेवा गरिरहेकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले स्थानीय जनताको सहजताको लागि आवश्यकताअनुसार दोभाषेको व्यवस्था गर्नु उचित हुने सुझाव दिँदै जनतामा सरकारी अस्पताल झन् राम्रो हुन्छ भन्ने सन्देश ख्वप अस्पतालले दिनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरमा विशेषज्ञ डाक्टरहरू नहुँदा जनताले धेरै दुःख पाएको विगतको स्मरण गर्दै अहिले जनताको बढीभन्दा बढी सेवाको निम्ति जनप्रतिनिधि र चिकित्सकहरूबिच समय समयमा छलफल र अन्तरक्रिया गर्न सुझाव दिनुभयो ।

बिरामीहरूको बढ्दो चापलाई ध्यानमा राखेर अस्पतालले आवश्यक स्वयंसेवकहरूको व्यवस्था गर्न पनि उहाँले ध्यानाकर्षण गर्नुभयो ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं नगर प्रमुख सुनिल प्रजापतिले ख्वप अस्पताललाई जनताको अस्पतालको रूपमा विकास गर्न प्रयत्नरत रहेको बताउँदै निरन्तर आवश्यक सेवा सुविधाहरू थप गर्दै एक सुविधा सम्पन्न अस्पतालको रूपमा विकास गर्न आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँले बीमाबाट भुक्तानी नहुँदा अस्पताल सञ्चालनमा समस्या रहेको उल्लेख गर्नुभयो ।

अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्लले अस्पतालले हालसम्म गर्दै आएको सेवा सुविधाबारे स्पष्ट पार्नुभयो ।

सहभागी चिकित्सकहरूले अस्पतालमा आवश्यकताअनुसार आधुनिक स्वास्थ्य उपकरणहरू र जनशक्ति थप्दै लानुपर्ने, बेवारिसे बिरामीहरूको उपचार बढ्दै गएको प्रति व्यवस्थापनले ध्यान दिनुपर्ने बताउनुभयो ।

# कर्मचारीहरू सदैव विश्वासिलो र र सक्षम बन्नुपर्छ




भक्तपुर । नेपाल कर्मचारी समाज जिल्ला समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरुहरू कार्ल मार्क्सको २०८ औं र लेनिनको १५६ औं जन्म दिवस मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले काल मार्क्स र लेनिनको योगदानबारे बताउँदै मजदुर र किसानहरूको हक हितको निम्ति नेपाल मजदुर किसान पार्टीको स्थापना भएको प्रस्ट पार्नुभयो ।

कर्मचारीहरूले इज्जतको ख्याल राखी आ-आफ्नो काममा पोख्त हुनुपर्नेमा जोड दिँदै उहाँले कर्मचारीहरूले समय अनुकूल नियमित भेटघाट गरी देश-विदेशको बारेमा ज्ञान हासिल गर्न अध्ययन गर्नुपर्ने बताउनुभयो । कार्ल मार्क्स र लेनिनको योगदानबाट शिक्षा लिई उहाँले कर्मचारीहरू सदैव विश्वासिलो र र सक्षम बन्नुपर्छ भन्नुभयो ।

सरकारले अध्यादेशमार्फत शासन सञ्चालन गर्न खोज्नु प्रजातन्त्र र सुशासनविरुद्ध भएको उल्लेख गर्दै उहाँले दुर्दिन विदाले अस्पताल र शिक्षामा असर परेको बताउनुभयो ।

सरकारले नि:शुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था, काम, माम र बासको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै उहाँले मार्क्सवादको सिद्धान्तअनुसार लेनिनले सन् १९१७ मा रुसमा मजदुरहरूको राज्यसत्ता स्थापना गरेपछि सम्पूर्ण रुसी जनताले सुख शान्ति पाएको स्पष्ट पार्नुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले शोषणको विरुद्धमा शोषित पीडित मजदुरहरूले सङ्घर्ष गरेर श्रमिकहरूले सुविधा पाएको बताउँदै मार्क्सको सिद्धान्तअनुसार रुसमा समाजवाद स्थापना भएको बताउनुभयो ।

नेपाल कर्मचारी समाज जिल्ला समितिका अध्यक्ष काजीबहादुर पञ्चले सभापतिको आसनबाट काल मार्क्सको आदिम साम्यवाद, दास युग, सामन्ती युग, पुँजीपति युग र समाजवादी युगबारेमा बताउनुभयो ।

कार्यक्रममा समाजका सदस्य रामकाजी खाइजूले कार्लमार्क्सको योगदानबारे बताउनुभयो ।

# "पठनपाठन र राम्रो नतिजामात्र सबै थोक होइन भन्ने ज्ञान विद्यार्थीलाई दिनु जरुरी छ"




भक्तपुर । ख्वप माध्यमिक विद्यालय तथा शारदा क्याम्पस माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरूबिच 'शिक्षण र सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थीको मनोविज्ञान बुझ्ने' विषयमा एकदिने छलफल कार्यक्रम आइतबार सम्पन्न भयो ।

ख्वप मा.वि.को आयोजनामा भएको उक्त कार्यक्रममा ख्वप मा.वि. सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीको मनोविज्ञान बुझेर पढाउनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सबै समस्याको समाधान पनि हुन्छ भन्ने विचार सबै विद्यार्थीलाई बुझाउनु जरुरी छ ।"

समस्या भोग्नेले नै उपलब्धि पनि हासिल गर्न सकिने धारणा राख्दै उहाँले भन्नुभयो, "पठनपाठन र राम्रो नतिजामात्र सबै थोक होइन भन्ने ज्ञान विद्यार्थीलाई दिनु जरुरी छ ।"

समस्याहरूबारे सामूहिक छलफल गर्नु आवश्यक भएको उहाँले बताउनुभयो ।

कार्यक्रमका मुख्य स्रोतव्यक्ति त्रिभुवन विश्वविद्यालयका प्राध्यापक पद्मराज जोशीले मानसिक रोग सबैलाई लाग्न सक्नेप्रति ख्याल राख्नुपर्ने बताउनुभयो ।

शिक्षक विद्यार्थीको मार्गनिर्देशक, सहजकर्ता र जीवनको आशाको किरण बन्न सक्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले स्वागत एवं कार्यक्रमको उपादेयताबारे प्रकाश पार्नुभएको थियो । कार्यक्रममा राजबहादुर गिरी, तारादेवी सुवेदीले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

# मानव समाजमा वर्ग रहेसम्म शोषण कायम रहने

सुर्खेत । विश्व सर्वहारावर्गका महान् गुरू कार्ल मार्क्सको २०८ औं जन्म जयन्तीको अवसरमा अन्तरक्रिया कार्यक्रम वीरेन्द्रनगरमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरुङले कामदारवर्गको मुक्तिको बाटो मार्क्सवादले देखाएको कारण मार्क्सलाई सधैं मानव समुदायले सम्झिरहनेछन् भन्नुभयो ।

निजी सम्पत्तिको उत्पत्ति भएदेखि मानव समुदायमा लोभलालच सुरू भएको हुँदा निजी सम्पत्तिको अन्त्य हुने साम्यवादी व्यवस्थाको लागि सङ्घर्ष गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रमको सभापति एवं नेमकिपा कर्णाली प्रदेश समिति सदस्य एवम् पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले डार्विनले जीव विज्ञानको क्षेत्रमा विकासको नियम पत्ता लगाएजस्तै कार्ल मार्क्सले समाज विकासको नियम पत्ता लगाएको चर्चा गर्दै मानव समाजमा वर्ग रहेसम्म शोषण कायम रहने उल्लेख गर्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले कार्ल मार्क्सले ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, अतिरिक्त मूल्यको सिद्धान्त र साम्यवादी सिद्धान्त प्रतिपादन गर्नुभएको बताउनुभयो ।

कार्यक्रममा शेरबहादुर शाही, लालबहादुर थापा, छत्रिका विक, शर्मिला विक, रणबहादुर राना, ईन्द्रप्रसाद न्यौपाने, अम्मर भण्डारी, गणेश खड्का, ऐनबहादुर शाही, कुस्माखर खनाल, टीकाप्रसाद पोखरेल, मनबहादुर विकलगायतले मार्क्सको जीवनीबारे चर्चा गर्नुभयो ।

# नेक्राशिसङ्घका केन्द्रीय अध्यक्ष प्रजापतिलाई पितृशोक

भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष एवम् 'मजदुर' दैनिकका पूर्वसहसम्पादक ज्ञानसागर प्रजापतिका पिता न्हुछेराम प्रजापतिको ९५ वर्षको उमेरमा वैशाख २६ गते साँझ निधन भयो । जेठा छोरा बुद्धिसागर प्रजापतिले उहाँको शरीरमा दागबत्ती राख्नुभएको थियो । दम रोगका बिरामी प्रजापतिको जन्म १९८८ माघ १६ गते शुक्रबार भएको थियो ।

उहाँका चार छोरा र तीन छोरी हुनुहुन्छ । उहाँका चार छोरामा बुद्धिसागर प्रजापति, ज्ञानसागर प्रजापति, दयासागर प्रजापति र बालसागर प्रजापति हुनुहुन्छ भने छोरीमा न्हुछेलक्ष्मी, पञ्चलक्ष्मी र ज्ञानलक्ष्मी प्रजापति हुनुहुन्छ ।

**समाजमा...**

उहाँले विद्यार्थीहरूले पुस्तक पढ्ने बानी विकास गर्नु आजको आवश्यकता भएको र यसैका लागि कलेजले नियमित रूपमा 'ख्वप न्याय दबु' प्रकाशन गर्दै आएको जानकारी दिनुभयो ।

कानुनी ज्ञान र पठन संस्कृतिको विकासबिना एक सक्षम कानुन व्यवसायी बन्न नसकिने उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिका यहाँको सर्वाङ्गीण विकासको लागि पूर्णरूपमा प्रतिबद्ध छ । शिक्षा, स्वास्थ्य, पूर्वाधार र सांस्कृतिक संरक्षण सबै क्षेत्रमा नगरपालिकाले ठोस कदम चाल्दै आएको छ ।"

वरिष्ठ अधिवक्ता एवं प्रा.डा. रञ्जितभक्त प्रधानाङ्गले ख्वप कलेज अफ लले कानुन शिक्षाको क्षेत्रमा गरिरहेको कार्यको प्रशंसा गर्दै भक्तपुरमा ख्वप विश्वविद्यालय चाँडोभन्दा चाँडो स्थापना हुनु अत्यावश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "ख्वप विश्वविद्यालयको स्थापनाले भक्तपुरलगायत आसपासका जिल्लाका विद्यार्थीहरूलाई उच्च शिक्षाको सहज



पहुँच प्रदान गर्नेछ । यसले क्षेत्रीय शैक्षिक विकासमा ऐतिहासिक योगदान पुऱ्याउनेछ । विश्वविद्यालय स्थापनाका लागि सम्बन्धित निकायहरूले तत्काल पहल गर्नु जरुरी छ ।"

काठमाडौँ जिल्ला अदालतका न्यायाधीश एवं उपभोक्ता अदालतका अध्यक्ष डा. दिवाकर भट्टले शुभकामना मन्तव्य राख्नुभयो ।

मुटकोर्ट प्रतियोगिताको फाइनल प्रतियोगिताका न्यायाधीश वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले स्वागत मन्तव्य राख्नुभयो ।

कार्यक्रमको अन्त्यमा DARLS विभागीय प्रमुख आशिष पौड्यालले धन्यवाद ज्ञापन गर्नुभयो ।

**पुँजीवादी...**

अरू देशहरूले पनि परमाणु बम बनाएका हुन् भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले पुँजीवादी व्यवस्थामा सरकार र ऐनकानुनको कुनै स्थिरता नहुने र देशमा सुव्यवस्था नहुने प्रस्ट पार्नुभयो ।

उहाँले उच्च शिक्षा नियोजन गर्ने आजसम्मका सरकारहरूको नीति देश र जनविरोधी छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुन व्यवसायीहरूले कानुनको पालना गर्ने गराउने मात्र नभई जनविरोधी र देशघाती कानुन परिवर्तन गर्न सक्रिय बन्नुपर्छ भन्नुभयो ।

उहाँले कानुन व्यवसायभित्रका विकृति-विसङ्गति र गलत प्रवृत्तिको विरोधमा तथा न्यायालयलाई न्यायको मन्दिर बनाउन सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

अध्यादेशले देश चलाउने सोच प्रजातन्त्रविरोधी र निरङ्कुश सोच भएको उहाँले बताउनुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईले कानुन व्यवसायीहरू पनि सही राजनीतिक विचार र उद्देश्यले प्रेरित तथा सक्रिय हुन आवश्यक छ भन्नुभयो ।

निर्वाचित निरङ्कुशताको विरुद्ध सङ्घर्ष गर्न कानुन व्यवसायीलगायत बौद्धिक समुदाय सक्रिय हुनुपर्ने अवस्था देशमा देखिएको प्रस्ट पार्नुभयो ।

संरा अमेरिकाको दादागिरीले अन्तर्राष्ट्रिय राजनीति निकै धमिलिएको र विश्व अशान्ति र हाहाकार भएको उहाँले बताउनुभयो ।

कानुन अध्ययन समाज नेपालका केन्द्रीय अध्यक्ष रामप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा अधिवक्ताहरू राजु कैती, कमलराज थापा र निरोज वैद्यलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा ई. अनिल पाउँले कानुन व्यवसायमा एआईको बढ्दो प्रभावबारे प्रस्तुतीकरण राख्नुभएको थियो ।

**अमेरिकी...**

र माओवादी सशस्त्र द्वन्द्व असफल भएको थियो । नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले पार्टी अध्यक्षज्यूको पुस्तक 'राजनीतिक कार्यकर्ता बन्ने भाइबहिनीहरूलाई चिठी' अध्ययन गरेर जनताको सेवामा लाग्नु जरुरी छ । नयाँ पुस्तालाई वर्गीय चेतना दिएर सङ्गठित गर्नु आवश्यक छ ।

"३५ वर्षयता सरकारमा गएका नेका, एमाले, माओवादी, राप्रपालगायतका शासक दलहरूले नेपाली जनतालाई शिक्षा, स्वास्थ्य, रोजगारी दिन सकेनन् । रास्वपा सरकारको विधान र निर्वाचन वाचापत्रमा पञ्चायतले प्रयोग गरेको भाषा 'शोषणरहित समाज' र 'आर्थिक उदारीकरण' उल्लेख छ, उत्पादनका साधन र सेवा सामाजिकीकरण नभई शोषणरहित समाज स्थापना हुने छैन । रास्वपाको सरकारले एक महिनामा ७० हजारभन्दा बढी युवालाई घरखेत बेचाएर वैदेशिक रोजगारीमा पठायो, ५०-६० अर्ब रुपैयाँ वैदेशिक ऋण लियो, इन्धनको मूल्य बढायो । विदेशी पैसाबाट सञ्चालित गैरसरकारी संस्थाका अभियन्ताहरूले देशलाई राजनीतिक रूपले नेतृत्व दिन सक्दैनन्" सचिव सुवालले उल्लेख गर्नुभयो ।

प्रमुख अतिथि सुवालले वर्तमान पुँजीवादी सरकारमा गएको रास्वपाले पनि देश र जनताको निःस्वार्थ रूपमा सेवा नगर्ने उल्लेख गर्दै मजदुर र किसानको नेतृत्वमा प्रगतिशील बुद्धिजीवी तथा देशभक्तहरूको सरकार गठन गर्न नेमकिपाले जनतालाई सङ्गठित गरिरहेको बताउनुभयो ।

उहाँले वरिष्ठ पत्रकार प्रतीक प्रधानले ४० वर्षयता काठमाडौँमा बनेका नब्बे प्रतिशत घरहरू भ्रष्टाचारबाट बनेको खुलासा गरेको र अर्का वरिष्ठ पत्रकार अनिल गिरीले एक लाख नेपाली सेनामध्ये ८० हजार परिचालन गरी चुनाव जिताएर रास्वपाको सरकार गठन गराएको संवेदनशील विषय उठाएको बारे नेपाली जनता सचेत हुनुपर्नेमा जाड दिनुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध नगर्ने सरकार जुनसुकै पार्टीको भए पनि देशभक्त हुनेछैन । यसकारण, नेमकिपाले एमसीसी, एसपीपी र नेपालको नदीनाला भारतलाई दिने सम्झौता खारेजीको आवाज उठाएको हो ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले उत्पादनका साधन राष्ट्रियकरण गरेर जनतालाई शिक्षा-स्वास्थ्य निःशुल्क हुने समाजवादी व्यवस्थाको निम्ति नेपाल मजदुर किसान पार्टी सङ्घर्षरत रहेको उल्लेख गर्दै जनताका दुश्मनहरूले नेमकिपालाई सिध्याउन खोजेकोतर्फ कार्यकर्ता सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "रास्वपालगायतका शासक दलहरू विदेशीको सहयोगमा सरकारमा पुगेर नेपाललाई नवउपनिवेश बनाउनेतर्फ उन्मुख छन् । नेपाल मजदुर किसान पार्टी देशको सार्वभौमिकता दाउमा राखेर सत्तामा पुग्न कसैको गुलामी गर्नेतिर लाग्दैन । निर्वाचनमा जे जस्तो परिणाम आए पनि निःस्वार्थ रूपले देश र जनताको सेवामा समर्पित हुनेछ ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले भन्नुभयो, "पञ्चायती व्यवस्थामा नेपाली जनतालाई बोल्न पाउने, राजनीतिक दल खोल्न पाउने अधिकार थिएन । नेपाली जनताले पञ्चायती निरङ्कुशताविरुद्ध सङ्घर्ष गरेर प्रजातन्त्र ल्याएका हुन् । अहिलेको बालेन सरकार पनि विद्यार्थी सङ्गठन, ट्रेड युनियन निषेध गरेर पञ्चायतकै बाटोमा हिँड्न खोज्दै छ । नेपाली जनताले बालेन सरकारको निरङ्कुश र फासीवादी कदमविरुद्ध पनि सङ्घर्ष गर्नेछन् ।"

उहाँले अर्जेन्टिनामा जन्मिएका डाक्टर चे ग्वेभाराले क्युबाको क्रान्ति सफल बनाएर बोलिभियाली जनताको निम्ति क्रान्ति सफल बनाउन लड्दा लड्दै सहादत प्राप्त गर्नुभएको चर्चा गर्दै उहाँको अन्तर्राष्ट्रिय भावनाबाट नेपाली जनताले पनि प्रेरणा लिनु जरुरी रहेको उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सल्लाहकार जयबहादुर शाहीले पार्टीका कार्यकर्ताहरू विचलित नभई इमानदार, नैतिकवान, अनुशासित भएर पार्टी सङ्गठनलाई जनतामाझ पुऱ्याउन क्रियाशील रहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा जुम्ला जिल्ला समितिका अध्यक्ष पूर्णलाल खत्रीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका धनेन्द्र विक, नेमकिपा कर्णालीका सदस्य विर्खबहादुर रावत, नेक्रायुसङ्घका अध्यक्ष मिनबहादुर बाटा र नेमकिपा जुम्लाका मानबहादुर बोहराले पनि बोल्नुभयो ।

**कम्युनिस्टहरूलाई...**

कार्यक्रममा नेक्रामसङ्घका सृजना सैँजुले हरिबहादुर श्रेष्ठको पुस्तक 'मार्क्स र एङ्गेल्स' मा आधारित रहेर कार्ल मार्क्सको जीवनीबारे प्रस्तुति राख्नुभएको थियो ।

नेक्रामसङ्घका मञ्जु चौधरीले गत निर्वाचनको अनुभव सुनाउँदै भन्नुभयो, "चुनावमा हारेँमा हाम्रो क्षमता घट्दैन ।"

नेक्रामसङ्घका गङ्गा वैद्यले मार्क्सलाई मार्क्स बन्नका लागि जेनी मार्क्सले खेलेको भूमिकाबारे प्रकाश पार्नुभएको थियो ।

आयोजक समितिका सुलोचना छ्वाजुले सञ्चालन गर्नुभएको कार्यक्रममा जनगायिका सपना शाहीले प्रगतिशील गीत प्रस्तुत गर्नुभएको थियो भने सुजी ह्युङ्गोजु, राजन भण्डारी, मनिषा थापा र निशा थापाले कविता प्रस्तुत गर्नुभएको थियो । आस्था सांस्कृतिक परिवारका कलाकारहरूले कार्ल मार्क्सको कविता 'जीवन लक्ष्य' को कलात्मक प्रस्तुति तथा नृत्य प्रस्तुत गरेका थिए ।

**एकक्षण** | **प्रधान**

# राजनीतिक कार्यकर्ता सङ्कीर्णता र साम्प्रदायिकताबाट मुक्त हुनु आवश्यक

विभिन्न जात-जाति, भाषा-भाषीहरूमा पढेलेखेका र माथिल्ला सरकारी कर्मचारी, निजी वा सार्वजनिक स्कूल, कलेज, अस्पताल, सामाजिक संस्था र सरकारका विभिन्न अङ्गहरूमा 'हाम्रो बहुमत छ', यसकारण 'हाम्रो प्रभुत्व हुनुपर्छ' भन्ने सङ्कीर्ण र साम्प्रदायिक (जातीय) भेदभावलाई बढावा दिन सुरु गरेको अनुभव नेपालको वर्तमान राजनीतिक डबलीमा संवेदनशील समुदायले गर्दै छ । सङ्कीर्ण सोच र साम्प्रदायिक भेदभाव समाजलाई धेरै टुक्रामा विभाजित गर्ने अपराधी साबित हुनेछ ।

साम्प्रदायिक भावना भित्रभित्र फैलाउँदै जानेहरूमा 'खस-आर्य' भनिने शासक दलहरू शासनसँग सम्बन्धित अङ्ग प्रत्यङ्गमा देखिँदै छन् । त्यसको परिणाम दैनिक पत्रपत्रिकाहरूमा छापिने ठूलठूला भ्रष्टाचार, ठगी र अख्तियार दुरुपयोगको आरोपमा तानिएका व्यक्तिहरू पुराना र नयाँ शासनकै परिवारका नातागोता हुने कुरामा ढुक्क भए हुन्छ । त्यसको कारण हो - प्रहरी, गुप्तचर विभाग, सेना, अदालत, विदेश र पत्रकारितामा समेत आफ्ना सम्बन्धित साथीहरू ऐन-कानुन र नैतिकताबिना चिन्ता र डरको अभावमा खोटपूर्ण बाटाहरूमा लाग्दै छन् ।

अर्को पक्ष हो - जिल्ला, नगर, गाउँ वा प्रदेशमा आफ्नो बहुमत छ । आ-आफ्नो जातीय र भाषाभाषीको प्रभाव प्रशासनमा भएको हुँदा ऐन-कानुन र नैतिकताले गर्न नहुने सबै खोटपूर्ण कार्यमा छाती खोलेर लागेका छन् भन्ने जतातातै सुनिन्छ र देखिन्छ ।

कुनै संस्थामा कर्मचारी र प्राविधिक विषयमा योग्य व्यक्तिको निम्ति विज्ञापन र सूचना प्रकाशित हुन्छ; परीक्षा लिइन्छ र परीक्षा परिणामको उल्टो कनिष्ठ व्यक्ति पदमा पुग्छ । निर्णय, नियम र उद्देश्यविपरीत माथिको आदेश र चोर बाटोबाट कमजोर व्यक्तिको नियुक्ति हुन्छ । यसबारे केहीले सामान्य तर अस्वीकार्य तर्क दिन्छन्, "छानिएका वा नियुक्त भएका व्यक्ति गरिब छन् र स्थानीय जनताका छोराछोरी हुन् ।"

त्यस्तो तर्क काँचो धागोजस्तै छ भन्ने बुझ्नु आवश्यक छ । सत्य त्यही हो भने गरिब उम्मेदवारलाई योग्य बनाउने प्रथम कर्तव्य प्रस्तुत गर्ने व्यक्ति को हो ?

केही जिल्लाहरूमा नक्कली प्रमाणपत्र धारण गर्ने कति डाक्टरहरू पक्राउ परेका छन् र ती डाक्टरहरूलाई जानेरै नियुक्ति दिने व्यक्तिहरूसमेत तानिनु आवश्यक छ । काङ्ग्रेस , एमाले वा अन्य सरकारहरूको पक्षपात र मनपरीको विरोध गर्ने दलका व्यक्तिहरूले पुनः तिनीहरूकै सिको गर्दा उनीहरू कसरी 'समाजवादी' विचारका हुन्छन् ?


समाजवादमा अयोग्य, अपराधी र बलमिचाइँ गर्नेहरू हुने गर्दैन जसरी निर्दलीय पञ्चायती व्यवस्था, पुँजीवादी प्रजातन्त्र र गणतन्त्रमा देखिन्छ । हिजो शासक दलहरूकै समर्थक शिक्षक र प्रधान अध्यापकहरूले नै राम्रा र मेहनती शिक्षकहरूलाई 'धेरै दुःख गर्नु पर्दैन' भनी हतोत्साहित गर्थे र परीक्षाको बेला विद्यालयका प्रधानाध्यापक र शिक्षकहरू नै उत्तरपुस्तिकाको निम्ति उत्तर टाइप गरेर सबै विद्यार्थीहरूलाई बाँड्थे र परीक्षाफल राम्रो बनाउँथे । के यसरी समाजवादी व्यवस्थामा सुसञ्चालन होला ?

केही समाजवादी चिन्तकहरूको समाजवादी व्यवस्थाबारेको दृष्टिकोणलाई सम्झौँ - समाजवाद पुँजीवादकै गर्भबाट आएको हुँदा सुरुमा त्यो नयाँ व्यवस्था पनि भर्खर जन्मेको बच्चामा रगतका टाटाहरू भएजस्तै केही पुस्तामा पुराना खराबीहरू रहनेछन् । तर, विज्ञान र प्रविधिको विकास एवम् चिन्तनको उचाइले शारीरिक श्रम र बौद्धिक श्रमको भेद हट्दै जानेछ; किसान र मजदुरको पनि भेद हट्दै जानेछ; गाउँ र सहरको भेद हट्दै जानेछ । समाजमा उत्पादनको प्रचुरताले आवश्यकताअनुसारको पूर्ति हुनाले लोभको प्रवृत्ति इतिहासको विषय हुनेछ र मानिसमा स्वास्थ्य चेतनाको विकासले आफ्नो शरीरअनुसारको मात्रै खानपान, आराम र शारीरिक श्रम गर्ने प्रवृत्तिमा परिवर्तन आउनेछ । कामचोरको भावना, अरूको लोभ गर्ने र अरूलाई दबाउने आफ्नो बडप्पन र अरूलाई होचो सम्झने मपाइँका प्रवृत्ति घट्दै जानेछ ।

समाजकै संस्कृति र चेतनाको विकासले 'आफ्नो मानिसलाई' पक्षपात गर्नुपर्ने छैन; बहुमतले कमजोर र अल्पमतको विकासमा प्राथमिकता दिँदा तिनीहरूमा पनि सांस्कृतिक स्तरको विकासले समाजमा बौद्धिक स्तरमा भएको असमानता घट्दै जानेछ । समाजवादी भावनाका व्यक्तिहरू विकास नभएसम्म समाजवादी समाज सुधारु हुनेछैन । यसकारण, राजनीतिक कार्यकर्ताहरू पहिले सङ्कीर्णता र साम्प्रदायिकताको भावनाबाट मुक्त हुन आवश्यक छ ।

## हार्दिक समवेदना

जन्म
१९८८/१०/१६



निधन
२०८३/०१/२६

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष एवं 'श्रमिक' साप्ताहिकका सहयोगी ज्ञानसागर प्रजापतिका पूजनीय पिता **न्ह्युछेराम प्रजापति**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**'श्रमिक' साप्ताहिक परिवार**

खोप लगाऔँ, रोगबाट बचौँ र बचाऔँ।

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔँ।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔँ।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔँ।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौँ।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौँ।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔँ।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौँ।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔँ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३